"कृषि, पर्यटन समुन्नत आँधीखोला गाउँपालिकाको आधार; सेवा, विकास, सुशासन र सम्वृद्धि नै हाम्रो कार्यभार"

आँधीखोला गाउँपालिका

आर्थिक वर्ष २०७५/०८० को

नीति, कार्यक्रम तथा बजेट

आँधीखोला गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

कृषि, स्याङ्जा

पर्यटकीय गाउँ सिरुवारी



आँधीखोला गाउँपालिका

आर्थिक वर्ष २०७९/०८० को नीति, कार्यक्रम तथा बजेट

आँधीखोला गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

स्याङ्जा, गण्डकी प्रदेश, नेपाल

बिषयसूची

खण्ड १ - परिचय र समिक्षा **१**

१.१ पृष्ठभूमि १

१.२ नामाकरण १

१.३ भौगेलिक अवस्थिति एवं स्वरुप २

१.४ गाउँपालिकाको सिमाना २

१.५ राजनैतिक एवं प्रशासनिक विभाजन(वडा कार्यालय समेत) २

१.६ जनसंख्यिक विवरण ३

१.७ शैक्षिक संस्थाहरुको विवरण (बाल विकास केन्द्र समेत) ३

१.८ सरकारी एवं अन्य कार्यालयहरु (बैंक वित्तिय संस्था समेत/गै.स.स. गा.पा. मा क्रियाशिल) ३

१.९ चालु आ.व. को नीति तथा कार्यक्रमको समीक्षाः ४

खण्ड २ - आगामी आ.व.२०७९/०८० को नीति, कार्यक्रम तथा बजेट **१०**

२.१ सोच ,लक्ष्य र उद्देश्य १०

२.२ वार्षिक बजेट तथा कार्यक्रम तर्जुमा गर्दा अवलम्बन गरिएका प्रमुख नीति तथा आधारहरु १०

२.२.१ समग्र नीति तथा आधारहरुः ११

२.२.२ क्षेत्रगत नीति तथा आधारहरुः १२

२.३ अनुमानित आय व्ययको विवरण (बजेट) ३८

२.४ वार्षिक विकास कार्यक्रम (आयोजनागत तथा कार्यक्रमगत खर्चको विवरण) ६८

२.५ प्रधानमन्त्री रोजगार कार्यक्रम र युवा रोजगारीका लागि रुपान्तरण परियोजना अन्तर्गत आ.व. २०७९/८० का योजनाहरू १०७

२.६ विषयगत समितिको विवरण १०८

खण्ड ३ - अनुसूचीहरू १०९

अनुसूची १ आय तथा व्ययको प्रक्षेपण १०९

अनुसूची २ राजस्व तथा अनुदान प्राप्तिको अनुमान ११३

अनुसूची ३ व्यय अनुमान ११५

अनुसूची ४ क्षेत्र गत व्यय अनुमान ११६

खण्ड ४ - ऐनहरू **११८**

४.१ आ.व. २०७९/०८० को आर्थिक ऐन ११८

४.२ आ.व. २०७९/०८० को विनियोजन ऐन १४०

खण्ड ५ - जनप्रतिनिधि तथा कर्मचारीको विवरण **१४२**

५.१ गाँउ सभा सदस्यहरुको नामावली र सम्पर्क नं १४२

५.२ आँधीखोला गाउँपालिकाको कार्यालयमा कार्यरत कर्मचारीको विवरण १४३

खण्ड ६ - आ.व. २०७८/७९ मा सम्पादित मुख्य क्रियाकलापहरूको केही झलकरू **१४५**

खण्ड १ - परिचय र समिक्षा

१.१ पृष्ठभूमि

नेपालको संविधान बमोजिम स्थानीय तहको अधिकार सम्बन्धी व्यवस्था कार्यान्वयन गर्न तथा संघ, प्रदेश र स्थानीय तह बीचको सहकारिता, सहअस्तित्व र समन्वयलाई प्रवर्दन गर्दै जनसहभागिता, जनउत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी सुलभ र गुणस्तरीय सेवा प्रवाह गर्न, लोकतन्त्रका लाभहरूको समानुपातिक, समावेशि र न्यायोचित वितरण गरी कानुनी राज्य र दिगो विकासको अवधारणा अनुरुप समाजवाद उन्मूख संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन प्रणालीलाई स्थानीय तहदेखि नै सुदृढिकरण गर्न स्थानीय नेतृत्वको विकास गर्दै विस्तारित कार्यकारिणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न अवलम्वन गरिएको संघीय शासन प्रणाली अन्तर्गतका तीन तहका सरकारहरू मध्ये जनताको सबैभन्दा नजिकको सरकारको रुपमा साविक स्याङ्जा जिल्लाका पञ्चमूल (७ र ३ नं. वाहेकका वडाहरू), चिलाउनेवास, विचारीचौतारा, बाङसिङ देउराली, सेतीदोभान र फापरथुम गाउँ विकास समितिहरूको भू-भागलाई समावेश गरी वि.सं.२०७३ साल फागुन २७ गते आँधीखोला गाउँपालिका स्थापित भएको। यो गाउँपालिका पोखरादेखी १ घण्टा ३० मिनेट, पोखरा स्याङ्जा सडकको नागडाडाबाट करीब ७.५ कि.मि. दुरीमा स्याङ्जा सदरमूकामबाट पूर्वउत्तरमा अवस्थित छ।

१.२ नामाकरण

ऑधीखोला गाउँपालिका वडा नं. २ (साविकको चिलाउनेवास गा.वि.स.) मा पर्ने अन्धा अन्धी दह स्याङ्जा जिल्लाकै धार्मिक तथा पौराणिक रूपमा प्रसिद्ध मानिन्छ। पौराणिक कथन अनुसार त्रेता युगमा पित्रृभक्त श्रवण कुमारले आफ्ना बृद्ध बावुआमालाई तीर्थाटन गराउने क्रममा यस ठाउँमा आई पुगे। यात्राका क्रममा बावुआमालाई तिर्खा लागेपछि अन्धा अन्धी वावु आमालाई यसै अन्धा अन्धी क्षेत्रमा राखी तिर्खा मेटाउन श्रवण कुमार पानीको खोजीमा हिडे। पानी खोज्दै जॉदा ऑधीखोला गाउँपालिका वडा नं. ४ (साविकको वाङ्सिङ् गा.वि.स.) मा पर्ने घ्याङ्स्याङ्दीमा पानीको कुवामा गाग्रो डुबाउँदा सिकार खेल्दै गएका राजा दशरथले गाग्रो डुबाएको आवाजलाई मृगको जस्तो आवाज मानी वाण हान्दा श्रवण कुमारलाई लाग्यो। वाण लागेर मरणासन्न अवस्था पुगेका श्रवण कुमारले राजा दशरथलाई मेरा बावु मामा तिर्खाले छट्पटाएका छन। छिटो भन्दा छिटो पानी लगी तिर्खा मेटाइ दिनु होस भनी आग्रह गर्दै श्रवण कुमारको मृत्यु भयो। राजा दशरथले पानी लिएर अन्धा बुढाबुढी भएको ठाउँ (अन्धा अन्धी क्षेत्र) मा पुगी पानी खान आग्रह गर्दा आफ्नो छोरा श्रवण कुमार कहाँ छन ? उनको अवस्था थाहा

नपाए सम्म पानी नखाने जिद्दी गरेपछि राजा दशरथले श्रवण कुमारको मृत्यु भएको खबर सुनाए। छोराको मृत्युको खबरले आकुल व्याकुल बन्दै दशरथ राजालाई तिम्रो पनि छोराको पिरले मृत्यु होस भनी श्राप दिएर उनले लगेको पानी नै नखाई रुदाँ रुदै आँसुका धारा बगाउँदै देह त्याग गरे। अन्धा अन्धीको आँसुबाट दह उत्पन्न भयो। त्यहीबाट बगेको पानीको खोलालाई अन्धा अन्धी खोला भन्न थालियो भन्ने किम्वदन्ती छ। पछि अपभ्रंस भई अन्धा अन्धी खोला आँधीखोलाका रूपमा जिल्ला मै प्रसिद्ध बन्न पुग्यो। आँधीखोलाको मुहान अन्धा अन्धी दह यसै गाउँपालिकामा रहेको हुँदा सोही धार्मिक तथा पौराणिक क्षेत्रको नामबाट आँधीखोला गाउँपालिकाको नामाकरण गरिएको हो।

१.३ भौगेलिक अवस्थिति एवं स्वरुप

समुन्द्र सतहको करीब ८०० मिटर देखि २५१७ मिटर उचाई मा रहेको पञ्चासे लेकसम्म फैलिएको यस गाउँपालिका २८°१३' ५४.४७" देखि २८°६' ४५.२९" उत्तरी अक्षांश र ८३°५१'३८.७८" देखि ८३°४४' ३२.२६" पूर्वी देशान्तारमा रहेको छ। कूल क्षेत्रफल ६९.६१ वर्ग कि.मि.रहेको यस गाउँपालिका आँधीखोलाको किनारामा केही समथर जमिन र बाँकी पहाडी भिरालो जमिनको भू-भागमा फैलिएर रहेको छ।

१.४ गाउँपालिकाको सिमाना

पूर्व - पुतलीवजार नगरपालिका र फेदिखोला गाउँपालिका

पश्चिम - अर्जुनचौपारी गाउँपालिका, पर्वतको फलेवास नगरपालिका र पर्वतको कुश्मा नगरपालिका

उत्तर - फेदीखोला गाउँपालिका, पर्वतको कुश्मा नगरपालिका र कास्कीको पोखरा महानगरपालिका

दक्षिण - पुतलिवजार नगरपालिका र अर्जुनचौपारी गाउँपालिका

१.५ राजनैतिक एवं प्रशासनिक विभाजन (वडा कार्यालय समेत)

प्रदेश - गण्डकी प्रदेश प्रदेश सदरमुकाम-पोखरा

जिल्ला - स्याङ्जा जिल्ला सदरमुकाम-स्याङ्जा

गाउँपालिकाको कार्यालयः कृषि (प्रस्तावित -सुनाटारी)

वडाहरूको संख्याः ६ वटा

वडा केन्द्रहरू

क्र.सं.	संयुक्त वडा कार्यालय	वडा नं.
१	पञ्चमूल	वडा नं. १
२	चिलाउनेबास	वडा नं. २
३	बिचारीचौतारा	वडा नं. ३
४	बाङसिङ देउराली	वडा नं. ४
५	सेतिदोभान	वडा नं. ५
६	फापरथुम	वडा नं. ६

टोल संख्या - ५४ टोल विकास समितिहरू (वडा नं. १ मा ८ वटा, वडा नं. २ मा ९ वटा, वडा नं. ३ मा ९ वटा, वडा नं. ४ मा १० वटा, वडा नं. ५ मा ९ वटा र वडा नं. ६ मा ९ वटा)

१.६ जनसंख्यिक विवरण

राष्ट्रिय जनगणना २०७८ अनुसार आँधीखोला गाउँपालिकाको प्रारम्भिक नतिजा-

जनगणना घर संख्या : ४,२७८
परिवार संख्या : ४,७१८
महिला जनसंख्या : ८,०५४
पुरूष जनसंख्या : ६,९१६
कुल जनसंख्या : १४,९७०

१.७ शैक्षिक संस्थाहरूको विवरण (बाल विकास केन्द्र समेत)

सरकारी विद्यालयः ३९ (मा.वि. ११, आधारभूत नि.मा.वि. ३, आधारभूत प्रा.वि. २४, गुरुकुल वेद विद्याश्रम १)

निजी विद्यालयः ४, क्याम्पसः २, सामुदायिक बाल विकास केन्द्रः ७

१.८ सरकारी एवं अन्य कार्यालयहरू (बैंक वित्तिय संस्था समेत/गै.स.स. गा.पा. मा क्रियाशिल)

(क) स्वास्थ्य तर्फः-प्राथमिक स्वास्थ्य केन्द्र-पञ्चमूल
आँधीखोला सामुदायिक अस्पताल,सेतीदोभान
स्वास्थ्य चौकीहरू ५ वटा (वडा नं.२-६ सम्म)

प्रहरी चौकीहरू-सेतीदोभान, चिलाउनेवास र पञ्चमूल
इलाका वन कार्यालय सेतीदोभान
इलाका हुलाक कार्यालय पञ्चमूल,
इलाका हुलाक कार्यालय चिलाउनेवास,
अतिरिक्त हुलाक कार्यालय विचारीचौतारा, बाङ्सिङ, सेतिदोभान र फापरथुम
बैङ्कहरूः एन.आई.सि. एसिया, कृषि
साङ्ग्रिला विकास बैङ्क लिमिटेड, कृषि
मुक्तिनाथ विकास बैङ्क, जुग्ले

१.९ चालु आ.व. को नीति तथा कार्यक्रमको समीक्षाः

स्थानीय निकायबाट खासगरी पूवार्धारतर्फका केही महत्वपूर्ण कामहरू सम्पन्न भएका छन। लक्षित विकास तर्फको कामहरू पनि उल्लेखनीय मात्रामा भएका छन।

- २०७९ साल वैशाख ३० गते सम्पन्न **स्थानीय तह निर्बाचन, २०७९** मा नवनिर्वाचित जनप्रतिनिधिको पदबहाली सँगसँगै समग्र आँधीखोला गाउँपालिकाको कार्यभार प्रारम्भ गरिएको।
- विगतको समयमा सारा संसारलाई भयभित पारेको कोभिड-१९ रोग विरुद्ध १२ देखी १७ वर्ष उमेर समूहका **११४५ जना बालबालिकाहरूलाई पहिलो तथा दोस्रो मात्रा मोर्डना खोप कार्यक्रम** सम्पन्न गरिएको, १८ वर्ष माथिका नागरिकहरूमा पूर्णरुपमा पहिलो तथा दोस्रो मात्रा खोप उपलब्ध गराइएको आँधीखोला गाउँपालिका पूर्णखोप पालिका घोषणाको चरणमा रहेको।
- आँधीखोला गाउँपालिका वडा न. ५ सेतिदोभानमा संघीय सरकारसँगको साझेदारीमा पालिकास्तरीय **१० शैयाको अस्पताल** निर्माणाधीन अवस्थामा रहेको साथै **बिचारीचौतारा स्वास्थ्य चौकी र बाङसिङ स्वास्थ्य चौकी**को भवन निर्माण कार्य सम्पन्नताको अन्तिम चरणमा रहेको।
- **श्रवण कुमार जेष्ठ नागरिक कार्यक्रम अन्तर्गत**का ३६ वटा **गाउँघर स्वास्थ्य क्लिनिक** बाट स्वास्थ्य संस्थामा गइ स्वास्थ्य सेवा लिन नसक्ने ७० वर्ष माथिका जेष्ठ नागरिकहरूलाई प्रत्येक महिना टोल-टोलमा गई आवश्यक आधारभुत स्वास्थ्य सेवा निरन्तर सञ्चालन गरिएको।
- गाउँपालिकाको पहिचानको लागी पालिकाको प्रवेशद्वार मध्येको मुख्य स्थान सेतीदोभानमा **आँधीखोला प्रबेशद्धार** निर्माण सम्पन्न भएको।

- संविधानद्वारा प्रत्याभूत न्यायिक अधिकार अन्तर्गत न्यायिक समितिमा दर्ता हुन आएका १० उजुरीमध्ये ६ वटाको न्यायसम्पादन गरी **उजुरीको कारबाही किनारा** लगाइएको र ४ वटा उजुरी फछ्यौंटको अन्तिम चरणमा रहेको।
- पालिकाको बृहत् विकासका लागि दिगो विकासका लक्ष्य प्राप्तिका हेतुले आवधिक पञ्चवर्षीय योजना निर्माण सम्पन्न गरी आवधिक विकास योजना र वार्षिक विकास योजनाका बिचमा तादाम्यता ल्याउन **मध्यकालिन खर्च संरचना** निर्माण अन्तिम चरणमा रहेको।
- गाउँपालिकाको आर्थिक ऐन बमोजिम पालिकालाइ प्राप्त कराधारहरूको उपयोग गरी चालु आ.व. मा राखिएको राजश्वको लक्ष्य जेठ मसान्त भित्र नै हासिल भइ गाउँपालिका राजश्व अभिवृद्धिमा सफल भएको।
- सुशासनलाई अभिवृद्धि गर्न चौमासिक रूपमा सार्वजनिक सुनुवाइ, राजस्व सुधार योजना, नवनिर्वाचित जनप्रतिनिधि, कर्मचारी, उपभोक्ता समिति र टोल विकास संस्थाका पदाधिकारीलाई पृथक पृथक प्रकृतिका **अभिमुखिकरण कार्यक्रम** सम्पन्न गरिएको।
- चालु आ.व. का लागी नवौं र दशौं गाउँसभाबाट पारित आयोजना तथा कार्यक्रमहरू सफल र प्रभावकारी रुपमा कार्यान्वयन भई हालसम्म आयोजनाहरूको भौतिक प्रगती **७८% भौतिक र ५१.२% वित्तिय प्रगति** भएको।
- संघीय सरकारको सहकार्यमा **सेपत-भर्स्याङ-देउराली पञ्चासे ग्रामिण सडक**को करिब ५५ प्रतिशत भन्दा बढीको कार्य सम्पन्न भएको।
- संघीय सरकारको विशेष अनुदान **दत्तेलोटे त्रिवेणी दलित बस्ती लिफ्टिङ खानेपानी आयोजना** सम्पन्न भई हस्तान्तरणको अन्तिम चरणमा रहेको।
- अन्तरजिल्ला सडक सञ्जालको रूपमा रहेको आँधीखोला गाउँपालिकाको उत्तरी भेगको जीवनरेखाको रुपमा अवस्थित **फूलबारी माझकटेरा सडक र अन्तर्पालिका सडक सञ्जालको रुपमा रहेको सेतीदोभान सिम्खेत सडकको स्तरोन्नतिको काम सम्पन्नता**को चरणमा रहेको।
- **जाईखोला कल्भर्ट निर्माण, जेरखोला भण्डार थुम्का मडुवा सडक र गाबाटे नाच्नेडाडा सडक** स्तरोन्नतिको लागि बोलपत्र आव्हान भई निर्माण सुरुवातको चरणमा रहेको।
- सडक बोर्ड नेपाल अन्तरगत आँधीखोला गाउँपालिकाको वडा नं. २ मा रहेको **कालीखोला स्वास्थ्य चौकी सिहाले खोल्सी सडक** स्तरोन्नतिको काम बोलपत्र आव्हान काम सम्पन्न भई निर्माण सुरुवातको चरणमा रहेको।
- पालिकाको आन्तरिक आयमा अभिवृद्धि गर्ने उद्देश्यले निर्माण सम्पन्न भएको सुविधा सम्पन्न **व्यपारिक कम्प्लेक्स तथा बहुउदेश्यीय सभा हल**का सटरहरू भाडामा लगाइ आन्तरिक आय प्राप्त हुन शुरु भएको।

- जनताको आवतजावत सहजता एवं भौगोलिक विकटतालाई निकटता कायम गर्न ३ वटा **झोलुङ्गे पुल** निर्माणाधीन अवस्थामा रहेका।
- पालिका अन्तर्गतका सम्पूर्ण वडा कार्यालयहरूको भवन निर्माण कार्य सम्पन्न भइसकेका र २ नं. वडा कार्यालयको निर्माण सम्पन्नताको चरणमा रहेको।
- **एक घर एक धारा कार्यक्रम** अन्तर्गत जनताको जीवनसँग जोडिएको शुद्ध आधारभूत खानेपानी सुविधाको लागि चालु आ.व. मा **१८ वटा रिजर्वभ्वायर ट्याङ्की ५० ईन्टेक सहित** २५० वटा धारा निर्माण भई ९८ प्रतिशत जनतामा आधारभुत खानेपानी सुविधा पुगेको।
- कृषि उत्पादन बढोत्तरी गर्नका लागि सञ्चालन गरेका ठूला, मझौला, साना सिलाई कुलो निर्माणका कार्यक्रम अन्तर्गत **४५ वटा सिचाई कुलो अन्तर्गत** कुल ३.६३ किलोमिटर पक्की कुलो निर्माण भई करिब ३०३ रोपनी जमिनमा सिँचाई सुविधा पुगेको।
- भौतिक पूर्वाधारतर्फ लगानीमा **कालोपत्रे सडक यस वर्ष २.१ किमि थप भई ५.५ कि मि, ग्राभेल यस वर्ष थप ४ कि मि भई १२ कि मि, नयाँ ट्रयाक २.५ कि.मी थप भई १४.५० कि मि र ढलान सडक १.७ कि मि निर्माण भएको।**
- बर्षा यामको अन्त्यसँगै चाडबाड र जनताको आवातजावातमा सहजताको लागि गाउँपालिका भित्रको सडक सञ्जाल भित्र नियमित सडक सञ्चालनका लागि **मर्मत सञ्चालन व्यवस्थापन** गरिएको।
- प्रधानमन्त्री रोजगार कार्यक्रम र युवा रोजगारका लागि रूपान्तरण पहल आयोजना अन्तर्गत ७४ जना बेरोजगारहरूलाई कुल ६८०० दिनको रोजगारी दिई **१७०० मिटर गोरेटो बाटो,** चौतारी मर्मत र **८०० मी. सडक सोलिङ** कार्य सम्पन्न।
- संघीय सरकारको अनुदान कार्यक्रम अन्तर्गत ८८ जना नागरिकसँग **सुरक्षित नागरिक आवासको कार्यक्रम**को सम्झौता गरिएकोमा ७२ घर धुरीलाई रंगीन जस्तापाताबाट विपन्न नागरिकहरूको घरको नयाँ छाना निर्माण गरि जनताको सुरक्षित आवासको हकलाई प्रत्याभूत गरिएको।
- **भूकम्पपछिको पुनः निर्माण कार्यक्रम** अन्तर्गत जम्मा ८९३ लाभग्राही मध्ये पहिलो किस्ता ८६६ जना, दोस्रो किस्ता ६५७ जना र तेस्रो किस्ता ६५० जनाले भुक्तानी लिइसकेको र बाँकी लाभ ग्राहीको रकम कार्य सम्पन्न प्रतिवेदनका आधारमा भुक्तानी प्रकृया अगाडि बढाइएको।
- बाझो जमिन राख्ने प्रवृतिलाई निरुत्साहित गरी कृषि क्षेत्रमा समय र लागत घटाउन कृषि उत्पादन बढाउन कृषिमा यान्त्रीकरण प्रविधि भित्र्याउन **५०% अनुदान**मा कृषकको मागका आधारमा हिले फाली सहितको **१०० वटा हाते ट्याक्टर (मिनि टिलर)** वितरण गरिएको।

- **एक गाउँ एक पकेट क्षेत्र कार्यक्रम** अन्तर्गत दत्तेलोटे त्रिवेणी दलित बस्तिमा **४५०० किलोग्राम बर्षे आलुको बीउ** सामुहिक रूपमा वितरण गरी कृषकको आयआर्जन बृद्धि र व्यवसायीकरणमा जोड दिइएको।
- कृषि उत्पादन बढाउन माटोको उर्वरा शक्ति बढाउनुपर्छ भन्ने तथ्यलाई बिचार गरी **माटो परीक्षण सप्ताह** घोषणा गरी २८५ वटा माटोको नमुना परीक्षण गरी माटोको अम्लियपन सुधार गर्नका लागि कृषि चुन बितरण गरिएको।
- धानको उत्पादन बढाई चामल आयात कम गर्नका लागि सिमखेत फाँटमा **चैते धान पकेट क्षेत्र** कार्यक्रम अन्तर्गत चैते धानको रोपाई गरिएको।
- कृषकको मागमा आधारित अनुदान कार्यक्रम अन्तर्गत **१७७५ के.जी. मकैको बीउ र १४१५ के जी बर्खे धानको बिउ वितरण** गरिएको।
- आफ्नै स्वामित्वको **नर्सरी** मार्फत स्थानिय जातका पोलीथिन ब्यागमा **८००० कागतिका बिरुवा उत्पादन** गरी कृषकलाई वितरण गर्न सुरु गरिएको।
- आँधीखोलामा असला माछाको सम्भाव्यता अध्ययन गरी **असला, गर्दि, हेडे** लगायतका स्थानीय जातका **माछाको भुरा छोड्ने कार्यक्रम** अन्तर्गत १ लाख माछाका भुरा छोडी पर्यावरणीय सन्तुलन कायम गरिएको।
- पशुचौपायाहरूको रोगसँग लड्नसक्ने क्षमता अभिबृद्धिका लागि पालिकाभरका पशुहरूमा महामारी बिरुद्ध खोप कार्यक्रम सञ्चालन गरी पशुमा **पूर्णखोप कार्यक्रम** सम्पन्न गर्ने चरणमा रहेको।
- **कृतिम गर्भाधान मार्फत नश्ल सुधार** गरी जन्मिई एकबर्षसम्म पालन पोषण गरी हुर्कीएका पाडी बाच्छी हरूलाई नश्ल सुधार वापत रु. १००००/- का दरले ४४ जना कृषकलाई नगद रकम भुक्तानी गरिएको।
- भकारोमा खेर गहिरहेको गोवर र गहुतबाट प्राङगारिक मल निर्माणको लागि सहलगानिमा **भकारो सुधार कार्यक्रम** सञ्चालन गरी सम्पन्न गरिएको।
- पशुपंक्षीहरूको यथार्थ लगत संकलन गरी बास्तबिक कृषकको पहिचान र आबश्यक नीतिगत ब्यबस्थाका लागि कृषि तथा पशुपंक्षी तथ्याङ्क अद्यावधिक गर्दै पशुपंक्षी विवरण तयार गरिएको।
- पशु दुर्घटनाबाट हुन सक्ने सम्भावित क्षती कम गर्न कृषकको सहलगानिमा **पशुपंक्षी विमा** कार्यक्रम सञ्चालन गरिएको।
- मासुमा आत्मनिर्भर बनाउन सम्भाव्यताका आधारमा बाख्रा पकेट गाउँ, **बाख्रा प्रवर्द्धन एवं बाख्रा पकेट विकास कार्यक्रम** सञ्चालन गरिएको।

- दूधमा आत्मनिर्भर बनाउन किसानको संयुक्त लगानीमा भैंसी प्रवर्द्धन कार्यक्रम सहित **कृत्रिम गर्भाधान, भकारो सुधार कार्यक्रम सञ्चालन** गरिएको।
- सबै स्वास्थ्य चौकीहरूमा **बाह्रै महिना स्वास्थ्य परीक्षण एवं तोकिए बमोजिमका औषधीजन्य सामाग्रीहरू निःशुल्क वितरण** गरिएको।
- स्वास्थ्य शिक्षा प्रवर्द्धन गर्न **महिला स्वास्थ्य स्वयंसेविकाहरूको प्रोत्साहन**का लागि मासिक रिपोर्टिङ गर्न आउँदा, फर्कदाको भाडा रकम गाउँपालिकाबाट उपलब्ध गराइएको।
- गर्भवति महिलाहरूलाइ ९ महिनासम्म स्वास्थ्य संस्था गइ गर्भ जाँच गरेवापत अण्डा वितरण साथै स्वास्थ्य संस्थामा सुत्केरी भएमा संघीय सरकारबाट प्राप्त हुने रु. २०००/- यातायात खर्चमा गाउँपालिकाबाट १००० थप गरी जम्मा रु. ३०००/- प्रदान गरिएको र कुनै जटिलता आइ प्रेषण गर्नुपरेमा निःशुल्क रुपमा प्रेषण गर्ने व्यवस्था मिलाईएको।
- गाउँपालिकाका ५४ वटा टोललाइ आकस्मिक स्वास्थ्य व्यवस्थापन गर्न सहजताको लागि स्टेचर वितरण गरिनुका साथै **५२ जना महिला सामुदायीक स्वास्थ्य स्वयं सेविकाहरूको लागि Firs t Aid Box वितरण** गरिएको।
- गुणस्तरीय स्वास्थ्य सेवा प्रबाह गर्नका लागि स्वास्थ्यकर्मी र महिला सामुदायीक स्वास्थ्य स्वयं सेविकाहरूको लागि आधारभुत क्षमता बिकासका तालिम सञ्चालन गरिएको।
- आर्थिक वर्ष २०७७/०७८ को **आन्तरिक र अन्तिम लेखापरीक्षण** कार्य सम्पन्न भइसकेको।
- प्रारम्भिक वाल विकास केन्द्रका सहजकर्ता तथा विद्यालय कर्मचारीलाई संघीय सरकाबाट प्राप्त रकमका अतिरिक्त रु. ७०००/- थप गरी न्युनतम पारिश्रमिक उपलब्ध गराइएको।
- सम्पूर्ण **विद्यालहरूमा इन्टरनेट जडान तथा व्यवस्थापनका लागि अनुदान उपलब्ध** गराइएको।
- विद्यालय स्वच्छ खानेपानी अन्तर्गत सम्पूर्ण विद्यालयहरूमा **खानेपानी ट्याङ्की तथा युरोगार्ड** वितरण गरिएको।
- प्र.अ नेतृत्व तथा क्षमता विकास, विद्यालय लेखापालन र इमिस अध्यावधिक सम्बन्धी **अभिमुखिकरण तालिम** सम्पन्न भएको।
- अवकास प्राप्त शिक्षक सम्मान तथा गरिव तथा जेहेन्दार विद्यार्थीको लागि **छात्रवृत्ति विवरण कार्य** सम्पन्न भएको।
- विभिन्न विधामा वडा स्तरीय तथा गाउँपालिकास्तरीय अतिरिक्त क्रियाकलाप, राष्ट्रपतिकप तथा **अध्यक्षकप रनिङशिल्ड प्रतियोगिता** सम्पन्न भएको।
- परम्पारगत तथा धार्मिक विद्यालयको रुपमा सञ्चालनमा रहेको गुरुकूल वेदविद्याश्रम माध्यमिक विद्यालयको लागि सञ्चालन तथा व्यवस्थापन अनुदान उपलब्ध गराइएको।
- राष्ट्रपति शैक्षिक सुधार अन्तर्गत **४ वटा विद्यालयमा ४ कोठे भवन निर्माण कार्य** बोलपत्र

आब्हान गरी कार्यान्वयनको चरणमा रहेको।

- **गाउँपालिका भित्रका विद्यालयको शैक्षिक गुणस्तर सुदृढीकरण** अन्तर्गत माध्यमिक विद्यालयको लागि ६ वटा ICT कार्यक्रम, ३ वटा पुस्तकालय सञ्चालन तथा व्यवस्थापन र २ वटा विज्ञान प्रयोगशाला स्थापना गरी सञ्चालनमा ल्याइएको।
- सामुदायिक एवं संस्थागत विद्यालयमा अध्ययनरत छात्रा विद्यालयमा अनुपस्थित हुने दरमा कमी ल्याउन विभिन्न विद्यालयमा कक्षा ६ देखि १२ सम्म अध्ययनरत छात्राहरूको लागि महिनावारी सामग्री व्यवस्थापन अन्तर्गत **निःशुल्क स्यानिटरी प्याड वितरण** सम्पन्न भएको।
- **एकीकृत शैक्षिक व्यवस्थापन सुचना प्रणाली IEMIS** प्रणालीको प्रयोग गरी आधारभूत तह कक्षा ८ को परीक्षा सञ्चालन तथा व्यवस्थापन गरिएको।
- स्वीकृत गुरुयोजना अनुसार **नमुना विद्यालयको शैक्षिक तथा व्यवस्थापकीय पक्षको सुधार**को निमित्त कार्यक्रम सञ्चालन भएको र त्रि-शहीद माध्यमिक विद्यालयमा छात्रावास निर्माणाधीन अवस्थामा रहेको।
- २०७८ श्रावण देखी २०७९, जेठ मसान्तसम्ममा जन्म दर्ता ७४१, विवाह दर्ता ३२७, जोडी दम्पती, बसाई सराई गरि जाने ८७, घरपरिबारका ३०९, सदस्य, बसाईसरी आएका ५, परिबारका १३ सदस्य, सम्बन्ध विच्छेद दर्ता २१, गरी १३७३, घटना दर्ताका विवरणहरू **अनलाइन मार्फत व्यक्तिगत घटना दर्ता** भएका।
- ६० वर्षमाथिका नागरिकका लागि कार्यविधि तयार गरी **ज्येष्ठ नागरिक परिचयपत्र** एवं अपाङ्ग फरक क्षमता भएका नागरिकको पहिचान, सुविधाका लागि कार्यविधि तयार गरी क, ख, ग, घ बर्गका **अपाङ्ग परिचय पत्र** वितरणका काम दैमासिक रूपमा निरन्तर सञ्चालन गरिएको।
- लघुउद्यम विकास कार्यक्रम अन्तर्गत स्वरोजगारी सृजना गर्नका लागि वडा नं. ४ र ६ मा १५३ जनालाई **उद्यम विकासको अभिमुखीकरण** गरी रोजेको पेशा अनुसार हाउस वायरिङ्ग, व्युटी पार्लर एवं सिलाई कटाई लगायतका तालिम सञ्चालन गरिएको।
- गाउँपालिकामा भएका सम्पूर्ण अभिलेखहरू डिजिटल प्रविधिमा राखिनुका साथै **अनलाइन** माध्यमबाट राजश्व संकलन, व्यक्तिगत घटना दर्ता, सामाजिक सुरक्षा, योजना व्यवस्थापन, लेखा व्यवस्थापन लगायतका कार्यहरू कम्प्युटिकृत भएका।
- पालिकाले गरेका रचनात्मक, सृजनात्मक र नियमित कामको एकमुष्ठ संगालोको रुपमा **आँधीखोला गाउँपालिकाको प्रथम कार्यकाल (२०७४-२०७८)** नामक **श्वेतपत्र** प्रकाशन गरी सम्पूर्ण नागरिकप्रति गरेको प्रतिवद्धतालाई प्रथम जननिर्वाचित सरकारले आफ्नो दायित्व पूरा गरेको।

खण्ड २ - आगामी आ.व.२०७९/०८० को नीति, कार्यक्रम तथा बजेट

२.१ सोच, लक्ष्य र उद्देश्य

२.१.१ सोचः आँधीखोला गाउँपालिकालाइ समृद्द गाउँपालिकाको रूपमा स्थापित गर्ने दिशामा अग्रसर रहने।

२.१.२ लक्ष्यः सोचाइमा रहेको गरीबी, पूर्वाधारजन्य गरीबी र अर्थिक गरीबी घटाउने।

२.१.३ उद्देश्यः सचेतनामूलक र सीपमूलक कार्यक्रम, पूर्वाधार निर्माण, कृषिमा व्यवसायिकता, प्राविधिक शिक्षा र पर्यटनमा जोड दिइ आम नागरिकमा परिवर्तनको अनुभुति दिलाउनु गाउँपालिकाको प्रमुख उद्देश्य हुनेछ।

२.२ वार्षिक बजेट तथा कार्यक्रम तर्जुमा गर्दा अवलम्बन गरिएका प्रमुख नीति तथा आधारहरू

२.२.१ समग्र नीति तथा आधारहरूः

"कृषि, पर्यटन समुन्नत आँधीखोला गाउँपालिकाको आधार, सेवा, विकास, सुशासन र सम्बृद्धि नै हाम्रो कार्यभार" भन्ने मूल नाराका साथ गाउँपालिकाको समृद्धि तर्फको यात्रालाई अगाडि बढाउने मूल नीति अबलम्बन गरिएको छ।

२.२.२ क्षेत्रगत नीति तथा आधारहरूः

एघारौं गाउँसभामा गाउँपालिका अध्यक्ष श्री विश्वनाथ पौडेलद्वारा प्रस्तुत आँधीखोला गाउँपालिकाको आ.व. २०७९/०८० को वार्षिक नीति तथा कार्यक्रम

आदरणीय गाउँसभा सदस्य ज्यूहरू,

सर्वप्रथम २०७९ साल बैशाख ३० गते सम्पन्न स्थानीय तहको निर्वाचनमा आँधीखोलाबासी आम समुदायको मताधिकार मार्फत यस गाउँपालिकाको सभा सदस्यको गरिमामय पदमा निर्वाचित भई आउनु भएकोमा सम्पूर्ण सभा सदस्य ज्यूहरूमा हार्दिक धन्यवान ज्ञापन गर्दै यस सभामा उपस्थित उपाध्यक्ष ज्यू, प्रमुख प्रशासकीय अधिकृत ज्यू, सभा वड अध्यक्ष ज्यू, कार्यपालिका सदस्य ज्यू एवं सभा सदस्य ज्यू, कर्मचारी मित्रहरू लगायत उपस्थित सम्पूर्ण लाई यो गरिमामय सभामा हार्दिक महानुभावहरूलाई हार्दिक स्वागत गर्दछु।

दोस्रो कार्यकालको लागी निर्वाचित पाचँ वर्ष हामी आगामी हामी आगामी समग्र आँधीखोलाको समृद्धि, सुशासन र समुन्नतिका लागि यहाँहरूसँग हातेमालो गर्ने अवसर प्राप्त भएकोमा गौरवान्वित

महसुस गर्दै यस एघारौं गाउँ सभाको नीति तथा कार्यक्रम प्रस्तुतिकरण समारोहमा पून हार्दिक स्वागत एवं सम्मान व्यक्त गर्दछु।

स्थानीय तह निर्वाचन, २०७९ मा आँधीखोला गाउँपालिकाको मतदानमा सहभागी आम मतदाता, राजनीतिक दल, निर्वाचनमा सहभागी सम्पूर्ण उम्मेदवार, राष्ट्र सेवक कर्मचारी, सुरक्षाकर्मी, सञ्चारकर्मी लगायत सरोकारवाला सबै सबै प्रति हार्दिक आभार प्रकट गर्दछु।

यस सम्मानित गरिमामय सभामा नेपालको सार्वभौमसत्ता, स्वाधीनता, भौगोलिक अखण्डता, राष्ट्रहित, स्वाभिमान, लोकतन्त्र र जनजिविकाका लागि भएका विभिन्न आन्दोलनहरूमा आफ्नो अमूल्य जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण महान सहिदहरू प्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु। प्रजातन्त्र, लोकतन्त्र, गणतन्त्र र समाजवाद स्थापनाको क्रममा विभिन्न समयमा नेतृत्व गर्नुहुने सम्पूर्ण नेतृत्व तह प्रती उच्च सम्मान व्यक्त गर्दछु।

ऐतिहासिक जनआन्दोलनको जगमा स्थापना भएको संघीय लोकतन्त्रिक गणतन्त्र हामी नेपालीको लामो सङ्घर्षबाट प्राप्त उपलब्धी हो। संघीयता लागू भई स्थानीय तहलाई प्रदत्त काम, कर्तव्य, अधिकार मार्फत इमान्दारी, जवाफदेही, पारदर्शि र जिम्मेवार पूर्वक सम्पूर्ण जनसमुदायलाई गुणस्तरीय, सर्वसुलभ, सहज र सरल सेवा प्रवाह गर्नु हामी सबै जनप्रतिनिधिहरूको पहिलो कर्तव्य हो। सङ्घर्षबाट प्राप्त गरेको उक्त उपलब्धी मार्फत हामीले दिगो शान्ति, स्थायित्व, विकास, सम्वृद्धि, सामाजिक न्याय सहित समाजवाद निर्माणका आधार तयार गर्ने गहन जिम्मेवारी हाम्रो काधमा रहेको छ।

समृद्ध नेपाल सुखी नेपालीको राष्ट्रिय संकल्प पुरा गर्ने दिशानिर्देश बमोजिम अगाडि बढ्दै संविधानले प्रत्याभूत गरेका कानुनी राज्यको परिकल्पनालाई अक्षरशः पालना गर्ने क्रममा जनताको मताधिकार मार्फत प्राप्त जनादेश बमोजिम आज हामी आँधीखोला गाउँपालिकामा स्थानीय सरकारको भूमिकामा रही यस सम्मानित सभामा स्वच्छ हृदयका साथ आफ्नो कानुन आफै बनाई आफैले आफ्ना लागि कार्यान्वयन गर्ने लोकतन्त्रको उच्चतम अभ्यास गर्न पाईरहेका छौं। यो अवस्था सृजना गर्न त्याग बलिदान र योगदान दिने तमाम यहाँहरूप्रति उच्च सम्मान व्यक्त गर्दछु।

स्थानीय सरकारको नीति तथा कार्यक्रम जनमुखी, कार्यान्वयन परिणाममुखी हुनैपर्छ। जनतामा विकास प्रतिको तीव्र चाहना, जनप्रतिनिधिमार्फत स्थानीय तहमा लोकतान्त्रिक अभ्यास गरी हाम्रो कार्यकालमा प्रस्तावित सबै लक्ष्य र प्रतिवद्दता र अधिल्लो प्रतिनिधि मार्फत हस्तान्तरित दायित्वहरू क्रमैसँग संस्थागत रुपमा कार्यान्वयन गर्नैपर्छ, यो हाम्रो जनताप्रतिको निष्ठा हो। हामी हाम्रो काम कर्तव्य र अधिकारमा कुनै मुल्यमा सम्झौता गर्दैनौ। प्रस्तुत नीति तथा कार्यक्रम तयार गर्दा आँधीखोला गाँउपालिकाको विकासको आवश्यकता, दिगो विकासका लक्ष्यहरू र संबिधानको अनुसूचीमा स्थानीय तहलाई प्राप्त अधिकारहरूको लक्ष्मणरेखा भित्र रही सहभागितामूलक योजना तर्जुमा प्रक्रियाको अवधारणा अनुरुप नेपालको संबिधान, पन्ध्रौ योजना, प्रदेश सरकारको आवधिक योजना, राष्ट्रिय योजना आयोगबाट

प्राप्त मार्गदर्शन, निर्वाचनको चुनावी घोषणापत्र सहित स्थानीय तहका गाउँ, बस्ती, टोल हुँदै वडा समिति र विषयगत समितिहरूको बैठक, राजनीतिक दल लगायत अन्य सरोकारवालाहरू संग प्रत्यक्ष-अप्रत्यक्ष छलफल र अन्तरक्रिया गरी प्राप्त सुझावहरूको आधारमा वृहत छलफल पश्चात कार्यपालिकाले स्वीकृत गरी **"समृद्ध नेपाल सुखी नेपाली"** भन्ने राष्ट्रिय संकल्पलाई आत्मसाथ गर्दै नेपालको राज्यशक्तिको प्रयोग गर्ने एक शासकीय तहको हैसियतले आँधीखोला गाउँपालिकाको यस गरिमामय सभा समक्ष आ.व. २०७९/८० को वार्षिक नीति तथा कार्यक्रम घोषणा गर्न पाउँदा म निकै हर्षित एवं गौरवान्वित भएको छु।

आदरणीय सदस्य ज्यूहरू,

अब म एघारौं गाउँ सभामा प्रस्तुत आगामी आ.व. २०७९/०८० को बजेट तथा कार्यक्रमहरू निर्माण गर्नका लागि **कृषि, पर्यटन समुन्नत आँधीखोला गाउँपालिकाको आधार, सेवा, विकास, सुशासन र सम्बृद्धि नै हाम्रो कार्यभार,** भन्ने मूल नाराका साथ गाउँको समृद्दि तर्फको यात्रालाई अगाडि बढाउने सोचका साथ विगत देखी संस्थागत रूपमा लिएका क्षेत्रगत नीतिहरूलाई निरन्तरता दिदै आवश्यकता अनुसार थप गरी निम्न क्षेत्र गत नीतिहरू जारी गरिएको व्यहोरा प्रस्तुत गर्न चाहन्छु।

आँधीखोला गाउँपालिकाको आ.व. २०७९/०८० को लागि अबलम्बन गर्ने क्षेत्रगत नीतिहरू

(१) आर्थिक विकास

(क) कृषि

- **"कृषि उत्पादनमा अभिवृद्धि, आँधीखोला गाँउपालिकाको समृद्धि"** भन्ने मूल नाराका साथ कृषकको जीवनस्तरलाई समुन्नत बनाउनको लागि कृषिमा **विविधिकरण, व्यवसायीकरण, आधुनिकिकरण र औद्योगिकिकरण**को नीति अवलम्बन गरिनेछ।
- राष्ट्रिय र स्थानीय महत्वका खाद्य तथा पोषण सुरक्षामा टेवा पुऱ्याउने बली वस्तुको **साना व्यवसायिक कृषि उत्पादन केन्द्र (पकेट)** विकास कार्यक्रमलाई कृषि तथा पशु पालनको सम्भाव्यता अध्ययन प्रतिवेदनको आधारमा बाली पकेट कार्यक्रम सञ्चालनमा ल्याउने नीति अवलम्बन गरिनेछ।
- निर्वाहमुखी कृषि प्रणालीबाट व्यावहारिकतातर्फ उन्मुख गराउन कृषकलाई मौरीपालन, च्याउको बीउ, उन्नत तरकारीको बीउ, फलफूलको बिरुवा, प्लास्टिक टनेल, प्लास्टिक पोखरी, माछाको भुरा, आधुनिक कृषि औजार तथा उपकरण

आदिमा अनुदान दिई पौरखी किसान र कृषक समूहलाई प्रोत्साहन गरिनेछ।

- कृषकको खेत बारीमा उब्जेका कृषि उपजहरूलाई हरेक वडामा संकलन केन्द्र बनाइ बाँझो जग्गामा खेती गर्ने किसानलाई विशेष अनुदान सहित कृषि पेशामा लाग्न थप प्रोत्साहन गरिनेछ। कृषि क्षेत्रमा जग्गा बाँझो राख्ने प्रवृत्तिलाई निरुत्साहित गर्दै बाँझो रहेको खेतियोग्य जग्गालाई खनजोत गरी उत्पादनयोग्य बनाई हावापानी सुहाउँदो तरकारी तथा फलफूल खेती गर्ने कृषकलाई प्रोत्साहन गर्न **भूमि बैंकको** स्थापना गर्न पहल गरिनेछ।
- स्थानीय बस्तु तथा सेवाको प्रयोग गर्ने बानीको विकास गर्दै कृषकको उत्पादनलाई **न्यूनतम समर्थन मूल्य** कायम गरी स्थानीय सहकारीसँगको साझेदारीमा **कृषि एम्बुलेन्स** मार्फत बजारीकरणको व्यवस्था गरिनेछ।
- फौजी कीरा, सलह कीरा तथा विभिन्न रोगका कारण उत्पन्न हुने जोखिम न्यूनिकरणका लागि उपचार शिविर तथा आकस्मिक **बाली उपचार शिविर** कार्यक्रम सञ्चालन गरी कृषि उपजको संरक्षण गरिनेछ।
- **ड्रागन फ्रुट,** सुन्तला, कफी, अलैंची, **किवि,** भुइँ स्याउ, **मेकेडेमिया नट, ओखर** लगायतका बजार माग बढी भएका फलफूल तथा नगदे बालीको नर्सरी निर्माण गरी उत्पादनमा कृषकलाई प्रोत्साहन गरिनेछ।
- कृषकको यथार्थ विवरण संकलन गरी कृषि विकास रणनिति तयार गर्नको लागि **कृषक दर्ता तथा व्यवस्थापन र कृषि सम्बन्धी तथ्यांक अध्यावधिक** कार्यक्रम लाई प्रभावकारी ढङ्गले सञ्चालन गरी कृषक प्रोफाइल तयार गरिनेछ।
- खाद्य तथा पोषण सुरक्षाको प्रमुख आधारका रुपमा रहेका जौ, उवा, फापर, चिनो, कागुनो, लट्टे आदि स्थानीय रैथाने बालिको बीउ संरक्षणका लागि **सामुदायिक बीउ बैंक** स्थापनाको लागि आवश्यक पहल गरिनेछ।
- आम किसानको प्रमुख समस्याको रुपमा रहेको बाँदर नियन्त्रण कार्यलाई विशेस प्राथमिकताका साथ हर संभव प्रयास गरिने छ। यसको लागी बस्ती र खेति योग्य जमिन वरिपरि रहेका रुख कटानी तथा झाडी फडानी गर्ने कार्यलाई अभियानका रूपमा संचालन गरिने छ। यसको साथै **बाँदर नियन्त्रण**का लागी किसानसगँ सहकार्य गर्दै आवश्यक नीति तय गरिने छ।
- जग्गाको खण्डिकरणलाई निरुत्साहित गरी **जग्गाको चक्लाबन्दि मार्फत सामूहिक खेति** गर्न कृषकलाई प्रोत्साहित गरिनेछ।
- कृषि व्यवसायमा लाग्ने यूवा कृषकलाई सम्मान तथा प्रोत्साहन गरिने छ।

- वैदेशिक रोजगारीबाट फर्किएका यूवा केन्द्रित **कृषिमा आधारित एकिकृत आयआर्जन कार्यक्रम** सञ्चालन गरिने छ।
- कृषि क्षेत्रसँग जोडिएको प्राकृतिक तथा गैर प्राकृतिक जोखिमबाट कृषकलाई पर्न सक्ने हानीको प्रतिकारको कृषकलाई **बाली बिमा**लाई अभियानका रूपमा अगाडि बढाइनेछ।
- भौगोलिक एवं पर्यावरणीय अवस्थिति मौरीपालन व्यवसायका लागि उपयुक्त भएकोले कृषकको जनजागरण अभिवृद्धि गरी **व्यवसायिक मौरीपालन कार्यक्रममार्फत आय अभिवृद्धि** गरिनेछ।
- गाउँपालिकामा निर्माणाधिन अवस्थामा रहेको कोल्ड रूममा बेमौसमी लगायत अन्य कृषि उपज भण्डारण गरी **Value Add** गरिनेछ।
- **माटोको अम्लियपन, क्षारीयपन** तथा विविध सुष्म तत्वहरूको मात्रा परीक्षण गरी माटो सुधारको लागि सामग्री तथा प्रविधि हस्तान्तरण गरिनेछ।
- आँधीखोलामा **असला माछा**को संम्भाब्यता अध्ययन गरी असला, बाम, गर्दि लगाएतका स्थानीय जातका माछाको भुरा छोड्ने कार्यक्रमलाई अगाडि बढाई असला माछालाई आँधीखोलाको पहिचानको रुपमा बिकास गरिनेछ।
- पारिस्थितिकिय प्रणालीलाई सन्तुलन कायम गरी **"प्राङ्गारीक खेती प्रणाली"** लाई अबलम्बन गरिने छ।

(ख) पशुपंक्षीतर्फ

- आम नागरिकलाई पोषणयुक्त स्वस्थ जीवनको परिकल्पना गर्दै **"एक घर, एक दुहुना गाईभैंसी"** भन्ने मूल नाराका साथ कृषि प्रधान पालिकाको रूपमा विकास गर्नका लागि आवश्यक पहल गरिनेछ।
- **"दिर्घ जिवन, गुणस्तरिय दूध तथा दुग्ध पदार्थको सेवन"** भन्ने मूल नारालाई आत्म साथ गर्दै कृषकहरूबाट उत्पादित दूध चिस्यान केन्द्र मार्फत बजारमा सहज पहुँच पुऱ्याउन पहल गरिनेछ।
- पौष्टिक तत्त्वले भरी पूर्ण दूध, माछा, मासु, अण्डमा आत्मनिर्भर बन्न कृषकहरूसँग को सह लगानीमा कुखुराका चल्ला वितरण, गाईपालन, भैंसीपालन ,बाख्रापालनको पकेट विकास कार्यक्रम सञ्चालन गरिनेछ।
- कृषकहरूको भकारोमा खेर गइरहेको गोबर र गहुतबाट प्राङ्गारीक मल निर्माणको लागि कृषकसँगको सह लगानीमा **गोठ सुधार, मलखाद सुधार तथा भकारो सुधार** जस्ता कार्यक्रम सञ्चालन गरिनेछ।

- पशुपालन व्यवसायलाई व्यवसाय उन्मुख गर्न उन्नत जातका बिभिन्न भुइँ तथा डाले घाँस प्रवर्द्धनमा जोड दिइनेछ।
- कृतिम गर्भाधान मार्फत नश्ल सुधार गरी दूध तथा मासुमा वृद्धि गर्दै पाडी बाच्छी संरक्षण कार्यक्रमलाई अगाडि बढाउदै संरक्षणमा जोड दिइनेछ।
- पशुपंक्षी बिमा सम्बन्धमा अभिमुखीकरण गरी **पशुपक्षी बिमा** प्रति प्रोत्साहन गरिनेछ।
- स्थानीय रैथाने जातका कालिज, बट्टाई, अष्ट्रिच, टर्की, कुखुरा, हाँस लाई प्रवर्द्धन गरिनुका साथै स्थानीय तथा **उन्नत नश्लका** गाई, भैंसी, भेडा, बाख्रा तथा कुखुरा पालन गर्ने व्यवसायिक कृषकलाई पुरस्कृत तथा प्रोत्साहित गरिनेछ।
- मासु पसलहरूलाई पालिका तथा वडामा सूचिकृत गराउँदै चौमासिक रूपमा अनुगमन गरी सफा र स्वच्छ मासु बिक्री वितरणमा जोड दिइनेछ।
- पशुहरूमा देखिन महामारीजस्ता रोगको निदानका लागि प्रतिरोधात्मक खोप अभियान सम्पन्न गरी पूर्ण खोपयुक्त पालिका घोषणा गरिनेछ।
- छाडा चौपाया नियन्त्रण तथा रोकथामको लागि उपचारात्मक र निरोधात्मक प्रकृतिका कार्यक्रम सञ्चालन गरिनेछ।

(ग) सिंचाई

- कृषि उत्पादकत्व वृद्धिमा सहयोग पुऱ्याउन सिँचाइ नपुगेका क्षेत्रलाई लक्षित गरी साना सिँचाइ आयोजनाहरूलाई विशेष प्राथमिकताका साथ अगाडि बढाइने छ। साथै आवश्यकता अनुसार सह लगानीमा सिँचाइ सुविधाको पर्याप्त रूपमा विकास गरिनेछ।
- जग्गा बाँझो हुन नदिई जमिनको उत्पादकत्वमा अभिवृद्धि गर्न गाउँपालिका भित्रका परम्परागत कुलाहरूलाई सह लगानीमा **मर्मत तथा संभार** गरी प्रयोगमा ल्याइने छ।
- कृषिको आधुनिकीकरण र व्यावसायिकरणका लागि आवश्यक सिँचाइ कुलो, लिफ्टिङ सिँचाइ कुलाहरूको **विस्तृत परियोजना प्रतिवेदन** तयार गर्दै अगाडि बढिनेछ।

(घ) सहकारी

- सहकारी क्षेत्रको विकासलाई अगाडि बढाउन विभिन्न विषयगत संघ-संस्था सँगको **साझेदारीमा कार्यक्रम** कार्यान्वयन गरिनेछ।
- सहकारी व्यवसायलाई **सदस्य केन्द्रित व्यवसाय**को रूपमा अगाडि बढाउन जोड

दिइनेछ।

- गाउँपालिका र सहकारीको समन्वय, साझेदारीमा **आय आर्जन र बचत**तर्फ उन्मुख गर्न विभिन्न कार्यक्रम सञ्चालन गर्ने नीति लिइनेछ।
- सहकारी संस्थाहरूसँग सहकार्य गरी व्यवसायिक किसानहरूलाई **सर्व सुलभ दरमा ऋण** उपलब्ध गराउन आवश्यक पहल गरिने छ।
- उद्यमशिलताको विकासका लागि **कृषि उन्मुख तथा उत्पादनमुलक** सहकारी संस्थाहरूलाई प्रवर्द्धन गर्न पहल गरिनेछ।
- महिला उद्यमीहरूको विकास गर्न लैगिक समानता तथा सशक्तिकरण मार्फत महिला बिकासका लागि **महिला सहकारी संस्था प्रवर्द्धन**मा जोड दिईनेछ।
- सहकारी संस्थाहरूमा वित्तीय सुशासनलाई जोड दिदै अभिलेख प्रणालीलाई थप सुदृढीकरण गर्न कारोबारलाई सुचना प्रविधिमैत्री बनाउन जोड दिईनेछ।

(ङ) उद्योग/वाणिज्य/आपूर्ति

- **"आँधीखोला गाउँपालिका हाम्रो स्वाभिमान, विदेशका युवाहरू गाउँ फर्क अभियान"** अन्तर्गत **गरीबि निवारणका लागि लघु उद्यम विकास कार्यक्रम**लाई निरन्तरता दिईनेछ।
- वैदेशिक रोजगारी तथा सरकारी जागिरबाट प्राप्त आम्दानीबाट गाउँमै लघु उद्योग सञ्चालन वा भौतिक संरचना निर्माण गर्ने व्यक्तिहरूलाई **"गाउँ पसौ, यतै बसौ"** कार्यक्रम मार्फत पुरस्कृत तथा प्रोत्साहन गरीने छ।
- स्थानीय श्रोत साधन श्रम र सिपमा आधारित लघु उद्यमको विकास गरी **आय आर्जन तथा स्वयं रोजगारी**मा संलग्न हुने वातावरणको सिर्जना गरिनेछ।
- समूहगत रूपमा प्रविधिको हस्तान्तरण गरी प्रविधि हस्तान्तरणबाट गाउँपालिकाको विकास र समष्टिगत हितमा उपयोग गर्ने वातावरण तयार गरिनेछ।
- सम्भाव्य उत्पादनको उत्पादकत्व र बजारमा प्रतिस्पर्धा बृद्धि गर्नको लागि **समूहमा प्रविधि हस्तान्तरण कार्यक्रम** सञ्चालन गरिनेछ।
- आँधीखोला गाउँपालिका भित्रका सम्पुर्ण व्यवसायीहरूलाई एकिकृत गर्दै उद्योग व्यवसायीहरूको हित प्रवर्द्धनार्थ **संस्थागत संयन्त्र** तयार गरिनेछ।
- स्थानीय स्तरमा उत्पादित **बस्तु तथा सेवाको बजारीकरण**लाई टेवा पुग्ने खालका क्रियाकलापहरू सञ्चालन गर्न जोड दिईनेछ।
- गाउँपालिका स्तरीय **उद्योग ग्राम तथा कृषिजन्य उद्योग** स्थापना गर्ने प्रयत्न गरिनेछ।

- गुणस्तरहीन एवं म्याद नाघेका बस्तुहरूको बिक्री बितरणलाई रोक्न, एकाधिकार र कृत्रिम अभावको स्थिति रहन नदिन प्रभावकारी नियमन तथा अनुगमन गरी उपभोक्ता हित संरक्षणका लागि **बजार अनुगमन**लाई निरन्तरता दिईनेछ।
- पालिका भित्र मसला बाली (अदुवा, मरिच, टिमुर, खुर्सानी, बेसार) लगायत अन्य यस्तै प्रकृतिका उत्पदानको प्रशोधन मार्फत उद्योगको रूपमा विकास गरी आयात प्रतिस्थापन गर्ने नीति अवलम्बन गरिनेछ।
- दिगो विकासका लक्ष्य पूरा गर्नका लागि **उद्योग प्रवर्तन र पूर्वाधार** संरचना निर्माण गर्न पहल गरिनेछ।
- परम्परादेखि विभिन्न जाति तथा समुदायको मुख्य पेशाको रूपमा रहेको आरन, टेलरिङ, कालीगढ एवं अन्य व्यवसायलाई आधूनिकीकरण र व्यवसायीकरण गरी घरेलु उद्योगको रूपमा प्रर्वद्धन गरिने नीति लिइनेछ।
- निजी क्षेत्रको सहभागितामा विकास निर्माणको अभियानलाई प्रभावकारी बनाउनका लागि पालिका भित्रका वडा समिति मार्फत पालिका स्तरीय संस्थागत संरचना निर्माण गरी पालिका भित्र रहेका मुख्य मुख्य बजार क्षेत्रको केन्द्रहरूमा व्यापार तथा व्यवसाय प्रवर्द्धन गर्ने आवश्यक पहल गरिनेछ।

(च) पर्यटन/संस्कृति

- पौराणिक कथन अनुसार त्रेता युगमा पितृ भक्त श्रवणकुमारले आफ्ना वृद्ध बुवाआमालाई तीर्थाटन गराउने क्रममा देहत्याग भएको ऐतिहासिक स्थान अन्धाअन्धी र हिन्दु धर्मको आस्थाको केन्द्रको रूपमा रहेको पर्यटन क्षेत्रको विकास, प्रचारप्रसार तथा प्रवर्द्धनलाई टेवा पुऱ्याउन **"जाउँ है अन्धाअन्धी श्रवणकुमार अभियान"** सञ्चालन गरिनेछ।
- नेपाल सरकार पर्यटन तथा संस्कृती मन्त्रालय, पर्यटन बिभाग र पर्यटन बोर्ड लगायतका निकायहरूसगँ आवश्यक समन्वय तथा सहकार्य गरी गाउँपालिका क्षेत्र भित्र रहेका मुख्य पर्यटकीय केन्द्रहरूको अन्तरसम्बन्धलाई मजबुत बनाउन **सेतिदोभान - हिलेथाप्ले - सिरुवारी - गोरुजुरे - डहरे देउराली - अन्धाअन्धी - जुम्लीठाना - श्रवणकुमार - पंचासे - कालाभैरव कोट** लगायतका पर्यटकीय केन्द्रहरूलाई समेटेर चक्रिय पदमार्ग निर्माण गरी यस गाउँपालिकालाई **आन्तरिक एवं बाह्य पर्यटन हब**को रूपमा विकास गरिने छ।
- **पालिकाको शिरमा रहेको प्राकृतिक दृष्टिले मनोरम स्थल गोरुजुरेमा पर्यटन पुर्वाधार निर्माण**का लागि आवश्यक निर्माणका कार्यक्रम सञ्चालन गरिनेछ।

- **सेतिदोभान प्रहरी चौकीदेखि साधना गार्डेन जाने पदमार्ग र टावर निर्माण**का लागि आवश्यक पूर्वाधार तथा अन्य कार्यक्रम सञ्चालन गरिनेछ।
- गाउँपालिका क्षेत्र भित्र रहेका महत्वपूर्ण पर्यटकीय स्थलहरूको व्यापक प्रचार प्रसार गरी त्यस्ता ठाउँहरूमा अन्य निकायहरूका कर्मचारीहरूको **पर्यटन काज** कार्यक्रमलाई आकर्षित गरिनेछ।
- ट्रेकिङ र साहसिक पर्यटनलाई प्रोत्साहन गर्नका लागि **डहरेको लेकलाई जंगल पार्क**को रूपमा स्थापना गर्न प्रयत्न गरिनेछ।
- धार्मिक पर्यटनलाई व्यवस्थित गर्न आवश्यक प्रचारप्रसार गरिनेछ। साथै **वृहत पर्यटन** मेला सञ्चालन गरी पर्यटन प्रवर्द्धनलाई थप व्यवस्थित तुल्याईनेछ।
- स्थानीय भाषा, साहित्य, कला, संस्कृति र सम्पदाको **संरक्षण र सम्वर्द्धन** गरिनेछ।
- आँधीखोला गाउँपालिका भित्रका संभाव्य पर्यटकीय क्षेत्रहरूको जगेर्ना गर्दै भौतिक पूर्वाधारहरूको विकास मार्फत दिगो **पर्यटकीय गन्तव्य**को रूपमा विकास गरिनेछ। साथै पर्यटन क्षेत्रलाई रोजगारीको सृजना गर्न सम्भाव्य क्षेत्रका रूपमा विकास गरिनेछ।
- **नेपालको पहिलो ग्रामीण पर्यटकीय गाउँ सिरुवारी सामुदायिक होमस्टे**को भौतिक पुर्वाधार निर्माणका लागि आवश्यक संस्थागत संरचनाको निर्माण गरिनेछ। साथै **होम स्टे**को सेवा सुविधालाई प्रभावकारी बनाउन होमस्टेमा नियमित निरिक्षण तथा अनुगमन गरिनुका साथै होमस्टे सेवाको गुणस्तर सुधारका लागि प्रवर्द्धनात्मक कार्यक्रम सञ्चालन गरिनेछ। साथै नयाँ स्थानमा होमस्टेको स्थापना गरी यसलाई विस्तार गर्दै लैजाने नीति लिईनेछ।
- गाउँपालिकाको केन्द्रदेखि गाउँपालिका भित्रका प्रमुख पर्यटकीय क्षेत्रहरूसम्म पुग्न सकिने **पर्यटन मार्गहरू**को निर्माण गरिनेछ।
- ऐतिहासिक र परम्परागत रुपमा रहेका मठ, मन्दिर, गुफा, कोट लगायतका सम्पदाहरूको संरक्षण र सम्वर्द्धन गरी **पर्यटीयय गन्तब्य**को रूपमा बिकास गरिनेछ।
- पर्यटन प्रवर्द्धनको लागि अन्धाअन्धी, श्रवणकुमार, सिरुवारी, गोरुजुरे, जुम्लीथाना, पञ्चासे, डहरे देउराली, कालाभैरव कोट क्षेत्रलाई एकिकृत प्रचारप्रसारमा टेवा पुर्याउन **वृहत्तर पर्यटन महोत्सब** सञ्चालन गर्ने नीति लिईनेछ।
- सबै जातजाति, भेषभुषा, संस्कृतिको संरक्षण र पहिचानको लागि बहुजातीय संग्रहालय निर्माण गर्न प्रयत्न गरिनेछ।

(२) वातावरण तथा विपद व्यवस्थापन

क) बन

- "वैज्ञानिक व्यवस्थापन सहितको हरियो बन, आँधीखोलाको स्वच्छ वातावरण स्वस्थ जीवन" भन्ने मूल नारालाई अङ्गिकार गर्दै वन तथा वन्यजन्तु संरक्षण दिगो वैज्ञानिक वन व्यवस्थापन तथा उपयोग र वातावरणीय सेवाको दिगो उपलब्धताका लागि समुदायमा आधारित वन व्यवस्थापनलाई सबल बनाउँदै लगिनेछ।
- नाङ्गा डाँडाहरूमा वृक्षारोपण गरिनुका साथै सामुदायिक वन क्षेत्रमा चिराइतोको, तेजपत्ता, अम्रिसो, कुरिलो, लप्सी, टिमुर, वेत वाँस जस्ता विभिन्न प्रजातिका रूखबिरुवा एवं जडिबुटीलाई आधार मानी व्यवसायिक खेती प्रवर्द्धन गर्ने र सामुदायिक वन र निजी बनलाई गोडमेल तथा काँटछाँट गरी वन क्षेत्रमा रहेको गैरकाष्ठ वन पैदावारमा आधारित उद्यम विकासका कार्यक्रमहरू सञ्चालन गरिनेछ।
- बाढी, पहिरो जस्ता प्राकृतिक प्रकोप रोक्न मात्रै नभएर वन जङ्गलको संरक्षण तथा संवर्द्धन गर्दै वनलाई व्यवसायिकरण र बजारीकरणको रुपमा प्रवर्द्धक गरिनेछ।
- निजी वन क्षेत्र र निजी जग्गामा रहेका कु-काठ हटाई उत्पादनयोग्य जमिनको बढोत्तरी गर्नका लागि आवश्यक पहल गरिने नीति लिइनेछ।
- सबै प्रकारका विकासका पूर्वाधारहरू निर्माण गर्दा जैविक विविधता असर नपर्ने गरी वातावरण मैत्री बनाइने छ। सडक वरीपरी पहिरो नियन्त्रणका लागि अम्रिसो, नियालो जस्ता बोटबिरुवाहरू रोपी वातावरणीय सन्तुलन कायम गर्दै सामुदायिक एवं निजी बनहरूमा उत्पादनमूलक र आय आर्जनमूलक बोटबिरुवा रोपण कार्यलाई प्राथमिकता दिइने छ।

ख) वातावरण

- भारी बिसाउने चौतारीको नारालाई सार्थकता प्रदान गर्नका लागि गाउँपालिका भित्रका बर पिपल रहेका चौतारीको संरक्षण र विस्तार गर्ने नीति लिइनेछ।
- पारिस्थितिक प्रणाली लाई दिगो व्यवस्थापन गर्न मौजुदा तालतलैया, पोखरी, कुवाहरू को संरक्षण र विस्तार गर्ने नीति लिइनेछ। साथै नवनिर्माणको कार्यक्रमलाई समेत प्राथमिकतामा राखी पोखरी पुर्नभरणको कार्यक्रमलाई निरन्तरता दिइनेछ।
- प्राकृतिक वातावरणको संरक्षण, पुनस्थापना र दिगो उपयोगमा जोड दिइनेछ।
- वातावरण मैत्री स्थानीय शासन कार्यक्रम सञ्चालन गरी गाउँपालिकाभित्र सञ्चालन गरिने योजनालाई वातावरणमैत्री बनाइनेछ।

- जलबायु परिवर्तन अनुकुल सम्बन्धी कार्यक्रम सञ्चालन गरिनेछ।
- जलमुनिको जीवन, जलचर प्रणाली र पारिस्थितिक प्रणालीको सन्तुलन कायम राख्न आँधीखोला लगायत अन्य सहायक खोलाहरूमा समेत माछाका भुराहरू छोड्ने कार्यलाई निरन्तरता दिइनेछ।

ग) फाहोरमैला व्यवस्थापन

- स्वच्छ आँधीखोला गाउँपालिका निर्माण अभियान अन्तर्गत फोहोरमैलाको दिगो र प्रभावकारी व्यवस्थापनका लागि आमा समूह, टोल विकास संस्था युवा क्लब र विद्यालयसँग सहकार्य गरिनेछ र फोहोरलाई कुहिने र नकुहिने गरी वर्गीकरण गर्न सचेतनामुलक कार्यक्रम सञ्चालन गरिनेछ।
- फोहोरमैलालाई कच्चा पदार्थको रूपमा प्रयोग गर्ने व्यवसायलाई प्रोत्साहित गरिनेछ।
- फोहोरमैला व्यवस्थापनका लागि डम्पिङ साईटको व्यवस्था गरी आवश्यक पूर्वाधार तयार गर्न प्रयत्न गरिनेछ।
- बृहत आँधीखोला सरसफाई अभियान सञ्चालन गरिनेछ। साथै स्थानीय खोलाखोल्सी समुदायको अगुवाइमा वातावरण स्वच्छता सम्बन्धी कार्यक्रम सञ्चालन गरिनेछ।

घ) विपद् व्यवस्थापन

- विपद व्यवस्थापन कोषको आम्दानी र खर्चलाई पारदर्शी बनाई सो कोषलाई समृद्ध बनाउनका लागि वैकल्पिक आम्दानीका श्रोतहरू खोजी गरिनेछ।
- बाढी, पहिरो, भूकम्प, आगलागि जस्ता प्राकृतिक तथा मानवीय विपत्तिमा आवश्यक पूर्वसावधानी अपनाउँदै राहत, उद्दार र पुनर्स्थापनाका कार्यक्रमलाई सञ्चालन गरी निरोधात्मक र उपचारात्मक उपायहरू प्रवर्द्धन गरिनेछ।
- मानवीय तथा जैविक विपत्तिका सन्दर्भमा आवश्यक भौतिक, संस्थागत लगायतका क्षेत्रको विकास तथा सुदृढिकरण गरिनेछ।
- विपदबाट सिर्जित विभिन्न जोखिमहरू व्यवस्थापन गर्न यसको मूल्याङ्कन गरी क्षतिपुर्तिको व्यवस्थाका लागि थप स्रोतको ब्यबस्थापन गरिनेछ।
- जोखिमयुक्त क्षेत्रको पहिचान गरी बस्तीको सुरक्षित स्थानान्तरण गर्ने व्यवस्था गरिनेछ।
- जलाधार क्षेत्र र तटीय क्षेत्र व्यवस्थापनका लागि आँधीखोला, सेति खोला लगायतका अन्य खोलाहरूमा तटबन्ध लगाई जोखिम नियन्त्रण गर्ने कार्यक्रमलाई निरन्तरता दिइनेछ साथै आवश्यक संस्थागत संरचना एवं कार्यगत संयन्त्रको

निर्माण, कार्य योजना बनाई लागु गरिने नीति लिइनेछ।

- आँधीखोला गाँउपालिका भित्र रहेका मुख्य तथा सहायक खोलाहरूमा नदिजन्य पदार्थको उत्खननबाट हुन सक्ने प्राकृतिक, भौतिक तथा मानबिय क्षतिलाई न्युनीकरण गर्न अल्पकालिन रुपमा विशेष प्रकारका अभियान सञ्चालन गरिनेछ।

(३) सामाजिक क्षेत्र

क) शिक्षा

- शिक्षा क्षेत्रमा सकरात्मक, गुणात्मक, नतिजामुलक परिवर्तन गर्न विद्यालयको शैक्षिक गुणस्तर सुधार कार्यक्रम अन्तर्गत अध्यक्ष शैक्षिक गुणस्तर सुधार कार्यक्रम सञ्चालन गरिनेछ जसअन्तर्गत सूचना प्रविधिको माध्यमद्वारा सिकाई, विद्युतिय हाजिरी, वालविकास केन्द्रको सुधार, शिक्षक तालिम, शिक्षक प्रोत्साहन, एकिकृत शैक्षिक सुचना व्यवस्थापन प्रणाली सुदृढीकरण, अंग्रेजी माध्यमका पाठ्यपुस्तक वितरण, अतिरिक्त क्रियाकलाप सञ्चालन र गरिव, जेहेन्दार तथा विपन्न छात्रवृत्ति वितरण जस्ता कार्यक्रमलाई निरन्तरता दिइनेछ।
- विद्यालय शिक्षामा अनुगमन र सुपरिवेक्षण गर्न अनुभवी तथा सक्षम शिक्षक, प्रधानाध्यापक, विश्वविद्यालयका प्राध्यापक, शिक्षा प्रशासक, पालिका सम्वद्ध पदाधिकारी, शिक्षाविद, विज्ञ, विद्यालय व्यवस्थापन समिति, प्रतिनिधी लगायतको समूह निर्माण गरी विद्यालयको अनुगमन सुपरिवेक्षण गर्ने र शिक्षक तथा विद्यालयका समस्याहरूलाई स्थलगत रूपमै समाधान तथा सहजिकरण गर्न सामुहिक अनुगमन तथा निरिक्षण प्रणाली कार्यान्वयनमा ल्याइने छ।
- विद्यालय बाहिर रहेका सबै बालबालिकाहरूलाई विद्यालय प्रवेश गराई **"बालबालिकालाई विद्यालय ल्याऔ, पढाइमा टिकाऔ र दीगो सिकाऔ"** कार्यक्रमलाइ प्रभावकारी बनाइ गाउँपालिकाका सबै बालबालिकालाई अनिवार्य आधारभूत गुणस्तरीय शिक्षा र कम्तिमा माध्यामिक तहसम्मको शिक्षा पूरा गर्ने वातावरण सृजना गरिनेछ। साथै गाउँपालिका भित्र उच्च शिक्षा (स्नातक तह वा सो भन्दा माथी) अध्यापन गराउने शैक्षिक संस्थालाई प्रोत्साहन स्वरुप अनुदान उपलब्ध गराइने छ।
- भौगोलिक अवस्थिति तथा विद्यार्थी संख्या समेतको आधारमा आवश्यक मापदण्ड निर्माण गरी विद्यालयको नक्साङ्कन, समायोजन तथा एकीकरण, दरबन्दी मिलान व्यवस्थापन र आवश्यकता अनुसार नया विद्यालय स्थापना तथा कक्षा थप/घट गरिनेछ।

- निरन्तर शिक्षा एवं साक्षरता, साक्षरोत्तर र गाउँपालिकाको पूर्ण शाक्षर कार्यक्रममा दिगोपन कायम गर्न सामुदायिक सिकाइ केन्द्रहरूलाई थप क्रियाशिल तुल्याइने छ। साथै प्रौढ आमा वुबाहरूलाई मोबाईल तथा आधुनिक विद्युतीय सामान चलाउन सिकाउन डिजिटल साक्षरता कार्यक्रम सञ्चालन गरिनेछ।
- शिक्षकको मनोवल उच्च राख्न **"शिक्षकलाई सम्मान गरौ, बालबालिकालाई माया गरौ"** भन्ने आदर्शलाई प्राथमिकतामा राखी शिक्षण पेशालाई सम्मानित र मर्यादित पेशाका रूपमा प्राथमिकतामा राखी शिक्षण पेशालाई सम्मानित र मर्यादित पेशाका रुपमा विकास गरिनेछ साथै निश्चित मापदण्डका आधारहरू तयार गरी शिक्षक तथा विद्यार्थीलाई पुरस्कृत गरिनेछ।
- आँधीखोला गाउँपालिकाको ऐतिहासिक, धार्मिक, सामाजिक, सांस्कृतिक, प्राकृतिक, पर्यटकीय, कृषि तथा पशुपालन व्यवसाय लगायतका पक्षहरूलाई समेटेर यस गाउँपालिकाको पहिचान हुनेगरी विद्यालय स्तरमा स्थानीय पाठ्यक्रम निर्माण गरी कार्यान्वयनमा ल्याइने छ।
- यस गाउँपालिका भित्रका मानव पूँजिको अधावधिक अभिलेख तयार गरिने, वौद्धिक युवाहरूको समूह निर्माण गरी निजामती, संस्थान तथा शिक्षण सेवामा प्रवेश गराउन उत्प्रेरणा जनाउने कार्यक्रम सञ्चालन गरिनेछ, साथै गाउँपालिका भित्र एक धार्मीक पुस्तकालय स्थापना एवं सञ्चालनको आवश्यक पहल गरिने छ।
- निम्ममाध्यमिक तह र माध्यमिक तहमा अंग्रेजी गणित तथा विज्ञान विषयको शिक्षक दरबन्दी नभएका विद्यालयमा विषयगत शिक्षक दरवन्दीको व्यवस्थापन गरिनेछ।
- दिगो विकासका लक्ष्यको उद्देश्य पूरा गर्ने अभीप्रायका साथ गुणस्तरीय शिक्षा लाई प्रभावकारी बनाउनका लागि विद्यालय व्यवस्थापन समिति तथा शिक्षक अभिभावक संघको व्यवस्थापकीय क्षमता अभिवृद्धि मार्फत शैक्षिक गुणस्तर सुदृढीकरणतर्फ उनीहरूलाई प्रभावकारी परिचालन गरी हाम्रो विद्यालय राम्रो विद्यालय निमार्णका निमित्त सम्बन्धित विद्यालय तथा सरोकारवालालाई स्वम् जिम्मेवार बनाउन प्रयत्न गरिनेछ।
- सम्पूर्ण विद्यालयमा योग्य, सक्षम, प्रतिस्पर्धी तथा व्यवसायिक शिक्षकको व्यवस्थापन गर्दै उनीहरूको उत्प्रेणा, पेशागत नैतिकता तथा सक्षमता अभिवृद्धि गर्नुका साथै शिक्षकहरूको कार्यसम्पादनलाई विद्यार्थीको सिकाइ उपलब्धीसँग जोडिनेछ।
- विद्यालय भवन निर्माण, सुरक्षित घेरावार, स्वाच्छ खानेपानी सुरक्षित खेलमैदान करेशावारी निर्माण वगैचा निर्माण जस्ता पूर्वाधार निर्माणलाई जोड दिइनेछ।
- सूचना तथा सञ्चार प्रविधिलाई शिक्षण सिकाइ प्रक्रियाको अभिन्न अंगका रूपमा

एकीकृत गर्दै शिक्षालाई प्रविधिमैत्री व्यवहारिक र नतिजामूलक बनाउने र अनलाइनमा आधारित एकीकृत शैक्षिक सूचना व्यवस्थापन प्रणालीलाई सुदृढीकरण गरी विद्यालयहरूको सम्पूर्ण क्रियाकलाप एकीकृत शैक्षिक सूचना व्यवस्थापन प्रणालीमा आवद्ध गराउने कार्यक्रमलाई निरन्तरता सहित थप सुदृढीकरण गरिनेछ।

- भौगोलिक कठिनाई तथा लामो दुरीका कारण विद्यालय जान कठिन भएका विद्यार्थीहरूलाई मध्यनजर गरी आवसीय विद्यालय निर्माण कार्यलाई निरन्तरता दिदै विद्यालय वस सञ्चालन गर्न प्रयत्न गरिनेछ।
- वैदिक सनातन धर्म संस्कृतिको संरक्षण तथा संवर्द्धनका लागि धार्मिक विद्यालयका रुपमा रहेको गुरुकूल वेदविद्याश्रम माध्यमिक विद्यालयलाई साधारण विद्यालयसरह अनुदानको व्यवस्था गरिनेछ साथै सामुदायिक विद्यालयमा दिदै आएको पाठ्यपुस्तक अनुदान छात्रवृत्ति अनुदान विद्यालय सञ्चालन तथा व्यवस्थापन अनुदान कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदान र शैक्षिक गुणस्तर सुदृढीकरणका जस्ता कार्यक्रमहरूलाई निरन्तरता दिइनेछ।
- उच्च शिक्षा सञ्चालन भएका विद्यालयहरूलाई प्राविधिक शिक्षा सञ्चालनमा जोड दिइनेछ।
- सामुदायिक विद्यालयमा अध्ययनरत किशोरीअवस्थाका छात्राहरूलाई महिनावारीका कारणबाट विद्यालयमा उपस्थित नहुने समस्या समाधानका लागि निशुल्क सेनेटरी प्याड वितरण गर्ने कार्यलाई निरन्तरता दिइनेछ।
- विद्यालय तहमा अध्ययनरत विद्यार्थीहरूलाई उद्यमशीलता, नैतिकता, श्रमको सम्मान, आत्मअनुशासन सामाजिक भावना र मर्यादा कायम गर्ने जस्ता पक्षहरूको विकासका लागि ज्ञान, सीप र अनुभव हस्तान्तरण तथा आदानप्रदानको लागि **विद्यार्थीसँग विज्ञ** कार्यक्रम सञ्चालन गरिनेछ।
- पूर्व प्रथमिक तहदेखि कक्षा ६ सम्मको विद्यार्थीको लागि दिवा खाजालाई थप व्यवस्थित बनाउँदै निरन्तरता दिइनेछ।
- विद्यार्थी संख्याको आधारमा समुदायमा आधारित वाल विकास केन्द्र तथा बाल विकास केन्द्रका सहजकर्ताहरूको पुनरावलोकन गरिने छ साथै विद्यालयमा कार्यरत बालविकास सहजकर्ता तथा कर्मचारीहरूको न्यूनतम पारिश्रमिक सुनिश्चित गरिनेछ।
- कोभिड-१९ को कारणले शिक्षण सिकाईमा परेको क्षतिलाई पुनर्उत्थान गर्दै विद्यालयहरूको सवलीकरणका निमित्त आगामी आ.व. २०७९/८० लाई शैक्षिक गुणस्तर सुदृढीकरण अभियान वर्षको रुपमा मनाइनेछ।
- त्रि-शहिद माध्यमिक विद्यालय नमुना विद्यालयको रुपमा छनौट भई विगत वर्षदेखि

निरन्तर विभिन्न कार्यक्रमहरू सञ्चालन भइरहेकाले सो विद्यालयलाई अन्य विद्यालयको नमुना सिकाई केन्द्रको रूपमा विकास गरिनेछ।

ख) स्वास्थ्य

- स्वास्थ्य बिमा निशुल्क उपचार, स्वास्थ्य नागरिक जिम्मेबार स्थानीय सरकार भन्ने मुल उदघोषका साथ भौगोलिक, आर्थिक, सामाजिक, सास्कृतिक एबं मानबिय बिकासका क्षेत्रहरूमा नागरिकहरूको सर्बाङ्गिण बिकासका लागि स्वास्थ्य क्षेत्र पहिलो आधार स्तम्भको रुपमा रहेकोले स्वास्थ्य सेबालाई सरल सहज र पहुँचयोग्य तुल्याउनका लागि यस **गाँउपालिकाका क्षेत्रभित्रका सबै नागरिकहरूसम्म स्वास्थ्य बिमा कार्यक्रम बिस्तार गर्ने सिलसिलामा अतिबिपन्न घरपरिबार र एकल महिला घरमुली भएका परिबारहरूको लागि स्वास्थ्य बिमा** गाँउपालिकाबाट गरि नागरिकहरूको स्वास्थ्य सुरक्षाको प्रत्याभुति दिलाउने नीति लिइनेछ।
- आँधीखोला गाउँपालिका वडा नं. ५ सेतिदोभानमा निर्माणाधिन अस्पताल भवन निर्माण कार्य सम्पन्न गर्दै उक्त स्थानमा पालिका स्तरिय १० शैयाका अस्पताल सञ्चालन र व्यवस्थापन गर्ने कार्यलाई उच्च प्राथमिकतामा राख्दै अस्पताल सञ्चालन को पहल गरिने छ।
- ज्येष्ठ नागरिकको सेवालाई स्वास्थ्य प्रबर्द्धन सेवा मार्फत **श्रवणकुमार ज्येष्ठ नागरिक गाउँघर स्वास्थ्य क्लिनिक** कार्यक्रमलाई निरन्तर मासिक रूपमा स्वास्थ्य संस्था मार्फत सुगर तथा पिसाब जाँचको निशुल्क व्यवस्था गरिनेछ।
- राष्ट्रिय खोप नीति अनुसार २३ महिना सम्मका बालबालिकाहरूको नियमित खोप लगाइ पूर्ण खोपको दिगोपनलाई निरन्तरता गर्दै, ८ देखि १२ सम्मका उमेर समुहको लागि पाठेघरको मुखमा हुने क्यान्सर बिरुद्धको HPV भ्याक्सिन कार्यक्रमलाई अभियानका रूपमा सञ्चालन गर्नका लागि केन्द्र र प्रदेशको सहकार्य गरिनेछ र ५ देखी ११ वर्ष सम्मका बालबालिकाहरूको लागि कोभिड १९ बिरुद्धको खोप अभियान सञ्चालन गर्नुका साथै कोभिड खोपको बुष्टर मात्रा नियमित सञ्चालन गरिनेछ।
- स्वस्थ गाउँपालिकाको निर्माणको लागि स्वास्थ्यमा सर्वव्यापी पहुँच (Universal Health coverage) को अवधारणा अनुरुप नियमित साथै महामारीजस्ता रोगहरूको संन्धर्भमा पनि प्रवधनात्मक, प्रतिकारात्मक, उपचारत्मक, प्रशामक तथा रिफरल पद्धतिलाई अवलम्बन गर्दै थप व्यवस्थापनलाइ निरन्तरता गरिनेछ।
- गर्भवति महिलालाई पोषण परामर्श, आमाको स्तनपान गराउने लगायत बालबालिकाको लागि पोषण परामर्शलाई थप गुणस्तरिय बनाउँदै गर्भवति महिलाहरूको लागि प्रत्येक

महिना स्वास्थ्य संस्था गई गर्भजाँच गराउन प्रोत्साहन साथ अण्डा र क्यालिसियम चक्कि बितरण साथै उत्तर प्रसुति जाँच सेवाको लागि घर-घरमानै गई जाँच गर्ने व्यवस्था गरिने छ।

- पूर्ण खोप, कुपोषण रहित वडा पालिका, जिरो होम डेलिभरी वडा जस्ता अभियान वा कार्यक्रम सञ्चालन गरिनेछ।
- स्वस्थ वालवालिका स्वास्थ्य समाज निर्माण भन्ने नाराका साथ वर्षमा कम्तिमा १ पटक माध्यमिक तहका विद्यालयहरूमा मुख, आँखा, नाक, कान घाटी सम्बन्धी रोगहरूको नियन्त्रण तथा उपचार सेवाका लागि स्क्रिनिङ्ग लगायतका बिद्यालय स्वास्थ्य शिक्षा कार्यक्रम सञ्चालन गरिनेछ।
- २ बर्ष मुनिका बालबालिकाको लागि स्वास्थ्य संस्था, खोप केन्द्र तथा गाउँघर स्वास्थ्य क्लिनिकमा गई २४ पटक सम्म तौल जाँच गरेको सुनिश्चित गरि प्रोत्साहनको व्यवस्था गरिनेछ।
- सुरक्षित मातृत्व र प्रजनन स्वास्थ्य सेवालाई गुणस्तर, सर्वसुलभ र पहुँचयोग्य बनाउन स्वास्थ्य संस्थामा मासिक रूपमा गर्भजाँच र सुत्केरी गराए वापत नेपाल सरकार वाट पाउने सुविदामा थप यातायात खर्च रकमलाइ निरन्तरता दिदै संस्थागत जटिल अवस्थामा रहेका गर्भवति र सुत्केरी महिलालाइ सुविधा सम्पन्न अस्पताल रिफरल गर्न विशेष सहुलियतको व्यवस्था गरिनेछ।
- प्रजनन स्वास्थ्य समस्याः आङ खस्ने, फिस्टुलाको समस्या, पाठेघरको मुखको क्यान्सर तथा स्तन क्यान्सरको प्रारम्भिक जाँच, परामर्श तथा प्रेषण गर्ने व्यवस्था मिलाइनेछ।
- गाउँघर क्लिनिक खोप क्लिनिकलाई सुदृढिकरणका लागि आवश्यक सामाग्री सहित कोठा भवनको लागि आवश्यक पूर्वाधार निर्माणको लागि व्यवस्था गरिनेछ।
- बजारका मुख्य-मुख्य चोकहरू, गाउँका चौतारा विसौनीहरूमा नसर्ने खालको रोगहरू, सडक दुर्घटना रोकथामका लागि संन्देशमुलक सूचनासामाग्रीहरूको व्यवस्थापन गरिनेछ।
- विद्यालय स्वास्थ्य कार्यक्रम तथा विद्यालयमा स्वास्थ्य विद्यार्थी समूह वा टोलटोलमा हेल्थ क्लब स्थापना गर्ने अभिमुखीकरण गर्ने र आफ्नो घरपरिवारमा नसर्ने खालका रोग रोकथाम तथा बच्ने उपायहरू सिकाउने कार्यक्रम सञ्चालन गरिनेछ।
- दिगो विकासका लक्ष्य पूरा गर्नको लागि राम्रो स्वास्थ्य र समृद्ध जीवनस्तर निर्माणका लागि योग शिक्षा, योग अभ्यास, स्वास्थ्य परामर्श तथा स्वस्थ खानपान जीवनशैली सम्बन्धी टोल-टोलमा कार्यक्रमहरू सञ्चालन गरीनेछ।

- स्वास्थ्यकर्मी तथा महिला सामुदायीक स्वास्थ्य स्वयं सेविकाहरूको थप उत्प्रेरणा दिलाउन तथा व्यवहारिक ज्ञानहरू आदान-प्रदान गर्न नमुना स्वास्थ्य संस्थाहरूको कार्यहरू हेर्ने अवसरको लागि अन्तर पालिका अन्तर प्रदेश भ्रमण गर्ने अवसर मिलाउन प्रयत्न गरिनेछ।
- निस्वार्थ रुपमा स्वयं सेवक भई दैनिक तथा मासिक स्वास्थ्य सेवाका विभिन्न कार्यक्रमलाई सहज रूपमा कार्यसम्पादन गर्न सहयोग गर्ने महिला सामुदायीक स्वास्थ्य स्वयं सेविकाहरूलाई खाजा तथा यातायात खर्च स्वरुप रकम उपलब्ध गराइनेछ साथै उमेर पुगेका स्वयं सेविकाहरूलाई सम्मानजनक साथ बिधाइको व्यवस्था गरिने छ।
- प्राथमिक स्वास्थ्य केन्द्र पंचमुलमा मौजुदा रहेका उपकरण र जनशक्तिको महोत्तम उपयोग गरी रेबिज, सर्पदंश विरुद्धको खोप कार्यलाई नियमित गरिनेछ साथै पालिका स्तरीय अस्पताल संचालनका लागि आवश्यक संस्थागत प्रवन्ध मिलाउनका लागि पहल गरिनेछ।
- सरुवा रोग, किटजन्य रोग, पशुपन्छिजन्य रोग, जलबायु परिवर्तन र अन्य रोग तथा महामारी नियन्त्रण लगायत विपत व्यवस्थापन पूर्व तयारी तथा प्रतिकार्य कार्यहरू नियमित गरिनेछ।
- नसर्ने रोगहरूको रोकथाम तथा नियन्त्रणको लागि समुदाय स्तरमा सचेतना कार्यक्रम गरिनेछ।
- स्वास्थ्य संस्थाहरूको न्युनतम सेवा गुणस्तर मापदण्ड कायम गरी सवै स्वास्थ्य संस्थाहरूबाट नेपाल सरकारद्वारा तोकिएबमोजिम निःशुल्क आधारभुत स्वास्थ्य सेवाको सुनिश्चितता गरी नागरिकहरूको आधारभुत स्वास्थ्यका लागि आवश्यक पर्ने भ्याक्सिन, औषधी, स्वास्थ्य उपकरण तथा सामाग्रिको उपलब्धतालाई दिगोपन कायम गरिनेछ।
- सवै स्वास्थ्य संस्थाको स्वास्थ्य व्यवस्थापन सूचना प्रणालीलाई गुणस्तरीय तथा प्रविधिमैत्री स्वास्थ्य सूचना प्रणालीको विकास गरिनेछ।
- खानेपानी, वातावरणीय सरसफाइ, दैनिक खानपान, स्वास्थ्य शिक्षा समुदायस्तरमा सवै स्वास्थ्य संस्थाको माध्यमद्वारा स्वास्थ्य जीवनशैली प्रवर्द्धन कार्यहरू सञ्चालन गरिनेछ।
- सामुदायीक सरकारि विद्यालयमा अध्ययन वा घरमा रहेका किशोरिहरूलाई आइरन फोलिक एसिड वितरण प्रभावकारी रूपमा सञ्चालनमा ल्याउने तथा अनुगमन गर्ने व्यवस्था मिलाइने कार्यलाइ निरन्तरता गरिनेछ।

- गाउँपालिका अन्तर्गत वडा नं. २ मा सञ्चालनमा रहेको नागरिक आरोग्य सेवा केन्द्रलाई थप व्यवस्थापन र सुदृढिकरण गर्नु साथै उक्त केन्द्रलाई आयुर्वेद औषधालयमा स्तरउन्नती गर्न पहल गरिनेछ।
- गाउँपालिका भित्र सञ्चालनमा रहेका स्वास्थ्य संस्था, निजि क्लिनिक, फार्मेसिहरूको लागि अनुगमन समिति गठन गरी थप व्यवस्थित गर्न स्थानीय तहमा स्वास्थ्य संस्था दर्ता, अनुमति तथा नविकरण सम्बन्धी निर्देशिका जारी गरी कार्यान्वयनमा ल्याइनेछ।
- खोप क्लिनिक, गाउँघर क्लिनिक, आमा समुह बैठकहरूमा स्वास्थ्य सेवा प्रदान गर्न टोलटोलमा खटिने स्वास्थ्यकर्मीहरूको लागि बिषेश प्रोत्साहनको व्यवस्था गरिने छ।

ग) खानेपानीः

- आँधीखोला गाउँपालिकाभित्रका सबै घरधुरी सम्म खानेपानी सहज रूपमा उपलब्ध गराउनका लागि पालिकाले विगतदेखि कार्यान्वयन हुँदै आएको **"एक घर एक धारा"** अभियान कार्यक्रमलाई निरन्तरता दिदै परम्परागत धारा र कुवाबाट डोकोमा गाग्री राखी पानी बोक्नुपर्ने परिस्थितिको अन्त्य गरी पालिका भित्रका सबै घरधुरी सम्म खानेपानी सहज रूपमा उपलब्ध गराउनका लागि खानेपानीका सम्पूर्ण स्रोतहरूलाई महत्तम उपयोग गरी **एक घर एक धारा**को नीतिलाई आत्मसात गरिनेछ। साथै संघीय सरकार र प्रदेश सरकारको समन्वयमा अन्य आवश्यक क्षेत्रगत खानेपानीका योजनाहरूलाई यस वर्ष पनि सञ्चालन गरिनेछ।
- पालिका भित्र रहेका खानेपानीका श्रोतहरूको क्षमता नक्साङ्कनका लागि पूर्व सम्भाव्यता अध्ययन गर्न आवश्यक पहल गरिनेछ।
- गाउँपालिका भित्रका सबै जनताका लागि गुणस्तरीय तथा सर्वसुलभ खानेपानीमा पहुँच अभिवृद्धि गरिनेछ।
- दिगो विकासका लक्ष्य पूरा गर्नका लागि स्वच्छ पानी र सरसफाइ कार्यक्रमलाई खानेपानी आयोजनाको अभिन्न अङ्गको रूपमा सञ्चालन गरिनेछ। गाउँ क्षेत्रको सरसफाइ कार्यलाई तीव्रता र निरन्तरता दिइने छ।

घ) महिला, दलित तथा जनजातिः

- महिलाहरूको सीप, क्षमता र दक्षता अभिवृद्धि गरी आयआर्जनमा वृद्धि गर्नका लागि आधुनिक सीप तथा तालिम लगायतका कार्यक्रम सञ्चालनमा निरन्तरता दिइनेछ।
- सबै प्रकारका महिला हिंसा तथा महिलालाई गरिने दुर्व्यववहार रोकी समतामूलक

समाजको निर्माण गर्नका लागि हिंसा तथा दुर्व्यबहार प्रति शून्य सहनशीलताको नीति अवलम्बन गरिने छ।

- छुवाछुत तथा जातीय भेदभाव विरुद्धको जनचेतना थप प्रभावकारी अभियान सञ्चालन गर्ने कार्यक्रमलाई निरन्तरता दिइनेछ।
- आँधीखोला गाउँपालिकाका युवा जनशक्तिको राष्ट्र सेवा प्रति आकर्षणमा थप अभिवृद्धि गर्न लोक सेवा आयोग तथा शिक्षक सेवा आयोगको तयारी कक्षा सञ्चालन गर्नका लागि आवश्यक व्यवस्था गरिनेछ।
- आमा समूहहरूको अगुवाइमा टोल बस्तीमा सृजनात्मक, रचनात्मक क्रियाकलापहरू सञ्चालन गरिनेछ।
- लैंगिक हिंसा निवारण कोषको स्थापना गरी समाजमा लैंगिक आधारमा हुने भेदभाव तथा हिंसाजन्य गतिविधिलाई निरुत्साहित गर्नमा उपयोगमा ल्याइनेछ।

ङ) बालबालिकाः

- पालिका भित्र रहेका वडाहरूलाई क्रमश बालमैत्री वडा घोषणा गर्ने नीति लिइने छ।
- बालबालिकाको रचनात्मक क्षमता विकासको लागि विभिन्न कार्यक्रमहरू सञ्चालनमा ल्याइनेछ।
- बालबालिकामाथि हुने सबै किसिमका भेदभाव, यातना, दुर्व्यवहार तथा जोखिमबाट मुक्त गराउन संस्थागत संरचनाको विकास गरिनेछ।
- अभिभावक विहीन बालबालिकाको संरक्षणको लागि विशेष व्यवस्था गरिनेछ।
- बालबालिकाको तथ्याङ्क संकलन तथा अद्यावधिक कार्यलाई निरन्तरता दिइनेछ।

च) फरक क्षमता भएका व्यक्तिहरू

- आफ्नो हेरचाह आफै गर्न नसक्ने वा श्रम गर्न नसक्ने अशक्त तथा असहाय अपाङ्गता भएका व्यक्ति, महिला बालबालिकाको पहिचान मार्फत सामाजिक संरक्षण गरी संवैधानिक हकको प्रत्याभूत गरिनेछ।
- शारीरिक, मानसिक, बौद्धिक रूपमा फरक क्षमता भएका व्यक्तिहरूको अन्य व्यक्ति सरह समाजमा सम्मानजनक ढंगले जीवनयापन गर्ने वातावरण तयार गरिनेछ।
- अपाङ्गता भएका व्यक्ति विरुद्ध हुने भेदभाव अन्त्य गरी उनीहरूको नागरिक, राजनितिक, आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारको सम्मान, संरक्षण र सम्वर्द्धन गरिनेछ।
- गाउँपालिकाभित्र रहेका फरक क्षमता भएका व्यक्तिहरूको पहिचान गरी परिचय-पत्र बितरण र फरक क्षमता भएका व्यक्तिहरूको क्षमता पहिचान गरी आयमूलक कार्यमा संलग्न गराई व्यवसायिक जीवन कायम गरिनेछ।

- फरक क्षमता भएका व्यक्तिहरूको दैनिक जीवनयापनमा सहजता प्रदान गर्न आवश्यक सहायक सामाग्री बितरण गरिनेछ।

छ) युवा तथा खेलकुदः

- जहाँ युबा त्यहाँ खेलकुद भन्ने मूल उद्घोषका साथ युबाहरू को शारीरिक र मानसिक सन्तुलन कायम गर्ने र समाजमा सकारात्मक सोचको विकास गर्ने अभिप्राय स्वरुप खेल खेल्ने व्यक्ति, समाज र सिंगो गाउँपालिकाको गौरव बढाउन खेलकुदका कार्यक्रमलाई समुदाय स्तरमा अगाडि बढाइनेछ।
- युवा जनशक्तिलाई स्वस्थ, सक्षम र अनुशासित बनाउनका लागि अध्यक्ष कप रनिङशिल्ड तथा राष्ट्रपति कप रनिङशिल्ड प्रतियोगिताको माध्यमद्वारा खेलकुदमा आवद्ध गरिनेछ।
- गाउँपालिका स्तरीय खेल मैदान बनाउने कार्यलाई निरन्तरता दिइनेछ।
- **"आँधीखोलाका युवा, सीपयुक्त युवा"** भन्ने मूल नाराका साथ युवा उद्यमी बिकासका लागि शिक्षा, तालिम, रोजगारीलाई विशेष ध्यान दिदै सहुलियत दरको ऋण उपलब्ध गराउन प्रयत्न गरिनेछ।
- युवा क्लवको क्षमता विकासका कार्यक्रम सञ्चालन गरिनेछ।

ज) ज्येष्ठ नागरिकः

- ज्येष्ठ नागरिकहरूमा रहेको ज्ञान, सीप, क्षमता र अनुभवलाई सदुपयोग गरी निजहरू प्रति श्रद्धा आदार र सदभावमा अभिवृद्धि गरिनेछ।
- ज्येष्ठ नागरिक परिचयपत्र वितरण र सम्मानको कार्यक्रमलाई निरन्तरता दिइनेछ।
- ज्येष्ठ नागरिक दिवा सेवा केन्द्र। पार्क कार्यक्रम सञ्चालन गरी ज्येष्ठ नागरिकको सीप पहिचान गरी आयमुलक बनाईनेछ।
- ज्येष्ठ नागरिकको संरक्षण र सामाजिक सुरक्षा लाई प्रभावकारी बनाईनेछ।

झ) रोजगारी

- विद्यमान गरीवीको अन्त्य गर्नका लागि कोही भोकै पर्दैन, भोकले कोही मर्दैन भन्ने राष्ट्रिय संकल्पलाई आयआर्जनका कार्यक्रमसँग आवद्ध गरी दिगो विकासका लक्ष्य पूरा गर्नका लागि गरीबविहिन समाज र शुन्य भोकमरी लगायत मर्यादित काम र आर्थिक वृद्धि सँग तादम्यता बनाउने दिशामा आवश्यक पहल गरिनेछ।
- प्रधानमन्त्री रोजगार कार्यक्रमलाई सीपयुक्त दक्ष जनशक्ति, रोजगारीको क्षेत्र र रोजगारसँग सम्बन्धित अन्य कार्यक्रमसँग आवद्ध गरी यथार्थ उत्पादनमुलक रोजगारी सृजना गर्ने वेरोजगार लक्षित गरी कामका लागि पारिश्रमिकमा आधारित सामुदायिक आयोजनालाई अभियानको रूपमा कार्यान्वयन गरिनेछ।

- संगठित तथा असंगठित क्षेत्रमा काम गर्ने कामदारको सुदुर भविष्यको सम्मानका खातिर योगदानमा आधारित सामाजिक सुरक्षा प्रणालीलाई सुदृढ गरी सामाजिक सुरक्षालाई दिगो बनाईनेछ।
- आयोजना तथा कार्यक्रम मार्फत समुदायस्तरका समुहहरूलाई उपलव्ध गराएको पूँजी रकम र समुहले बचत गरेको लगत अद्यावधिक गरी रोजगारी सृजना तथा आयआर्जन र उत्पादनमुलक कार्यमा परिचालन गरिनेछ।
- वैदेशिक रोजगारीलाई व्यवस्थित एवं सुरक्षित गर्नका लागि सुरक्षित आप्रवासन कार्यक्रम (सामी) लाई प्राथमिकताका आधारमा कार्यान्वयन गरिनेछ।

(४) भौतिक पूर्वाधार क्षेत्र

- रणनीतिक सडकहरूमा सडक यातायात गुरुयोजनाले निर्धारण गरेको मापदण्ड लागु गरिने छ र गाउँपालिकाको रणनितीक महत्वको सडकहरूको बिस्तृत परियोजना प्रतिबेदन तयार गरिनेछ।
- नयाँ ट्रयाक खोल्ने योजनालाई न्यूनिकरण गरी हाल मौजुदा सडकलाई स्तरोन्नति गर्ने काम गरिनेछ। नयाँ ट्रयाक खोल्ने सडकका हकमा निश्चित मापदण्ड बनाई लागू गरिने नीति लिइनेछ।
- नमुना सडक निर्माणको कामलाई निरन्तरता दिइनेछ।
- गाउँपालिकाको केन्द्रबाट वडा केन्द्रसम्म पुग्ने सडकहरूलाई स्तरउन्नत्ति तथा कालोपत्रे गर्ने कामलाई निरन्तरता दिइनेछ।
- सार्वजनिक सडकको दायाँबायाँ बायो-ईन्जिनियरिङ प्रविधिको प्रयोग गरी परियोजनाको लागत अनुमानको कम्तिमा १ प्रतिशत रकम अनिवार्य रुपमा छुट्याई अभियानको रूपमा भु-क्षय रोकथाममा लगानी गरिनेछ।
- सडक लगायत पूर्वाधारका काममा कम्तिमा ५० प्रतिशत स्ट्रक्चरको काम गर्नुपर्नेछ।
- संघ र प्रदेश सरकारको सहकार्यमा नयाँ निर्माण गर्नुपर्ने झोलुङ्गेपुल निर्माण र मर्मत सम्भार गरी सञ्चालन हुने झोलुङ्गेपुल लाई आबश्यकता अनुसार मर्मत सम्भार गरिनेछ।
- RMTMP ले तोकेको मापदण्ड अनुसार पालिका भित्रका सडकहरूको सडक मापदण्ड अनुसार जग्गाको लगत कट्टा गर्नका लागि पहल गरिनेछ।
- कन्टिन्जेन्सी तर्फको रकमबाट कम्तिमा तीस प्रतिशत रकम मर्मत सम्भार कोष खडा गरी जम्मा गरिने छ।
- पालिका भित्र सञ्चालन गरिने योजनाहरूमा जनताको सक्रिय सहभागितालाई अभिवृद्धि गराउन लागत सहभागितालाई प्रभावकारी बनाईने छ।
- हरेक वर्षको फाल्गुन मसान्त भित्र अगाबै पूर्वाधार तर्फका आयोजनाहरू सम्पन्न गराउने नीतिलाई निरन्तरता दिइनेछ।

- आँधीखोला गाउँपालिकाका गौरवका योजनालाई रकमको अभाव हुन दिइने छैन।

(५) बस्ती विकास, शहरी योजना तथा भवन निर्माण

- **"गरीबको घर, पालिकाको भर"** भन्ने मूल नारालाई सार्थकता प्रदान गर्न पालिका भित्रका अति विपन्न परिवारलाई प्रत्येक वर्ष **न्यूनतम ६ वटा घर निर्माण** गरी हस्तान्तरण गरिनेछ।
- सेवा प्रवाहलाई आधुनिक, सहज, सरल र सुविधासम्पन्न बनाउन गाउँपालिकाको **प्रमुख प्रशासकीय भवन** सम्पन्न गरी सञ्चालन गर्ने व्यवस्था मिलाईनेछ।
- जनताको जिउधन र सुरक्षा प्रत्याभुति गराउन सुरक्षा संयन्त्रलाई प्रभावकारी बनाउनका लागि चिलाउनेबास प्रहरी चौकी, सेतिदोभान प्रहरी चौकी र पञ्चमुल प्रहरी चौकीको स्तरोन्नति तथा संरचनागत सुधारका लागि आवश्यक पहल गरिनेछ।
- गाउँपालिका भित्र बसोबास गर्ने जनताको सुरक्षित आबासको हकलाई प्रत्याभूत गर्दै सुरक्षित नागरिक आवास कार्यक्रमलाई निरन्तरता दिइनेछ।
- भूमिहीन दलित, सुकुमबासी, अव्यवस्थित बसोबासी लगायत जमिनमा पहुँच नपुगेका गाउँपालिकावासीको सङकलित तथ्याङ्क बमोजिम सम्बन्धित सरोकारवालाका नाममा जग्गा धनी प्रमाण पुर्जा (लालपुर्जा) उपलब्ध गराउन आवश्यक सम्पूर्ण पहल गरिनेछ।
- गाउँपालिकाभित्र रहेका साना बजारलाई व्यवस्थित बनाउन भित्री बाटाहरूको स्तरोन्नती गरिनेछ।
- सरकारी भवनहरूलाई बालमैत्री, ज्येष्ठनागरिक मैत्री तथा अपाङ्ग मैत्री बनाउदै लगिनेछ।
- सडक दायाँबायाँका अतिक्रमित भवन तथा टहराहरू सम्बन्धित सडकको मापदण्ड अनुसार हटाउने नीति लिइने छ।

(६) उर्जा र बैकल्पिक उर्जाः

- जैविक रूपमा रहेको बायोग्यास, गोबरग्यास लगायतका स्थानीय साधन श्रोतलाई परिचालन गरी बैकल्पिक उर्जा उत्पादनका लागि कार्यक्रमहरू सञ्चालन गरिनेछ।
- सौर्य सडक बत्तिको कार्यक्रमलाई निरन्तरता दिइएको छ।
- गाउँपालिका मातहतका सरकारी निकायहरूमा वैकल्पिक उर्जाको कार्यक्रमलाई प्रबर्द्धन तथा मर्मत सम्भारलाई जोड दिइनेछ।
- सौर्य उर्जालाई समुदायस्तर सम्म पहुँच अभिवृद्धि गर्न समुदायको सह लगानीमा आँधीखोला उज्यालो अभियान सञ्चालन गर्न प्रयत्न गरिनेछ।
- गाउँपालिका भित्र रहेको बिद्युत प्रसारण लाईनलाई ब्यबस्थित गर्न स्थानीय प्रविधिमार्फत सिमेन्टबाट निर्मित जीर्ण विद्युतिय पोललाई विस्थापन गरी पूर्ण स्टिल पोल युक्त गाउँपालिका बनाइनेछ। बिद्युत प्रसारण लाइनको मापदण्ड वरिपरिका रुखहरू कटान गरी बिद्युत् आपूर्तिलाई सहज बनाइनेछ।

- हाल रहेको विद्युत आपूर्तिलाई सहज बनाउनको लागि विद्युत लाइनको विस्तार,व्यवस्थापन र ट्रान्सफरमरको अपग्रेड गरिनेछ साथै प्रदेश सरकारको सहलागानीमा सेतिदोभानदेखि सेपतसम्मको Two Circuit लाईन जडानका लागि आवश्यक पहल गरिनेछ।
- दिगो विकासका लक्ष्य पूरा गर्न नागरिकको खर्चले धान्न सक्ने स्वच्छ उर्जा अभिवृद्धिका लागि विद्युतिय ईन्डक्सन चुलो वितरणका लागि आवश्यक पहल गरिनेछ।

(७) संस्थागत विकास, सेवा प्रवाह र सुशासनः

क) क्षमता विकासः

- टोल विकास संस्था र आमा समूह युवा क्लब विपन्न वर्गहरूको क्षमता विकास गर्दै उद्यमशिल कार्यक्रमहरू अवलम्बन गर्न प्रेरित गरिने छ।
- जनप्रतिनिधी, राष्ट्रसेवक कर्मचारीका साथै टोल विकास संस्थाका पदाधिकारी र उपभोक्ता समितिलाई अभिमुखीकरण तथा पुर्नताजगी तालिमउपलव्ध गराईनेछ।

ख) सार्वजनिक जग्गा संरक्षणः

- गाउँपालिका भित्रका सार्वजनिक जग्गाहरूको संरक्षणको लागि विशेष पहल गरिनेछ। गाउँक्षेत्र भित्रका ऐलानी/पर्तिजग्गाको लगत लिई संरक्षणको कार्यलाई अगाडि बढाइने छ र ऐलानी/पर्ति जग्गाको उपयोग गरी आय आर्जनको रूपमा परिणत गर्न योजना र कार्यक्रमहरू सञ्चालन गरिनेछ। साथै सरकारी जग्गाहरूको समेत लगत लिई व्यवस्थित गरिने छ। सार्वजनिक जग्गामा बनेका घर, भवन, सटर, टहरा, घुम्तीहरूलाई गाउँपालिकाको दायरामा ल्याइने नीति लिइनेछ।

ग) सूचना तथा संचार प्रविधि

- गाउँपालिकाको विद्युतिय तथ्यांकको सुरक्षा गर्दै निश्चित स्थानमा फ्री वाईफाई जोनको व्यवस्था गरी यसको प्रभावकारितामा जोड दिइनेछ।
- गाउँपालिकाले सम्पादन गरेका कार्यहरू पारदर्शी बनाउन वेबसाइटमा प्रविष्टि गर्ने कार्यलाई निरन्तरता दिँदै विद्युतिय सुशासन को अवधारणा अवलम्बन गरिनेछ।
- विद्युतिय शासनको महत्वपूर्ण साधनको रूपमा तयार गरिएको आँधीखोला गाउँपालिकाको एन्ड्रोइड एप्लिकेसन प्रयोग गरी आम नागरिकमा सूचनाको पहुँच विस्तार गरिनेछ।
- गाउँपालिकाका सबै कार्यालयहरूलाई इन्टरनेटको माध्यमबाट Networking गर्दै E-governance सेवा प्रारम्भ गर्न यसै वर्ष सबै वडा, स्वास्थ्य चौकी र माध्यमिक विद्यालयमा इ-हाजिरीको प्रारम्भ गरिनेछ।
- गाउँपालिकाका जनतालाई सहज सुचनाको पहुँच अभिबृद्धिका लागि सरोकारबालाको सहकार्यमा आवश्यक स्थानहरूको पहिचान गरी नेटवर्क टावरहरूको स्थापना गर्नका

लागि पहल गरिनेछ।

- गाउँपालिका भित्र रहेका सम्पूर्ण घरधुरीलाई डिजिटलाईज्ड तरिकाले सूचीकरण गर्न आवश्यक पहल गरिनेछ।
- बजार क्षेत्रमा हुने सडक दुर्घटना, चोरी डकैतीको लगायतका अपराधिक क्रियाकलापको प्रत्यक्ष निगरानीका लागि मुख्य बजार केन्द्रमा सि सी टिभि जडान गरिनेछ।
- कार्यालयका सबै शाखाहरूमा आवश्यक सफ्टवयर जडान गरी कार्यालयलाई प्रविधि मैत्री बनाउदै कागज विहिन कार्यालय बनाउने प्रयास गरिनेछ।
- विद्युत आपूर्ति नभएको समयमा सेवा प्रवाह अवरुद्ध नहोस् भन्नको लागि सबै वडा कार्यालय तथा स्वास्थ्य चौकीहरूमा Solar Power Backup जडान गरिनेछ।

घ) राजस्व सम्बन्धी नीतिः

- जनतामा कर तिर्ने संस्कार निर्माणका लागि जनताहरूमा कर प्रतिको सचेतना र सम्बेदनशिलताअभिबृद्धि गरिनेछ।
- प्रत्येक वडाबाट संकलन गरिने राजश्वलाई पारदर्शी तथा ब्यबस्थित बनाउनका लागि राजश्व संकलनको एकिकृत सफ्टवेयर लाई अध्यावधिक गरिनेछ।
- बस्ती बस्तीमा पुगी कर संकलन सम्बन्धी सचेतनामुलक कार्यक्रमहरू सञ्चालन गरि घुम्ती शिविर मार्फत कर संकलनको अभियानलाई प्रभावकारी बनाईनेछ।
- कर संकलनलाई अझ बढी व्यवस्थित बनाउन र कर प्रशासनलाई प्रभावकारी बनाउन समयमा कर तिर्ने, धेरै कर तिर्ने, करदातालाई पुरस्कार र उपरोक्तानुसार भाखा नाघी कर बुझाउने करदातालाई जरिवानाको व्यवस्था गरिनेछ।

ङ) पेश्की बेरुजू फछ्यौंट सम्बन्धी नीतिः

- बेरुजु सृजना हुने स्थिति आउन नदिन कार्यविधिगत तथा प्रकृयागत व्यवस्थालाई सुदृढ गरिनेछ।
- पुरानो पेश्की बाँकी रहेका व्यक्ति वा संघ संस्थाहरूलाई अविलम्व पेश्की फछ्यौंट गराउन आवश्यक पहल गरिने छ साथै दोहोरो पेश्कीलाई निषेध गरिएको छ।

च) आर्थिक प्रशासन तथा बित्त ब्यबस्थापन सम्बन्धी नीतिः

- आर्थिक प्रशासनको वैज्ञानिक व्यवस्थापन गरी लेखापालनलाई मितव्ययी र प्रभावकारी बनाइने छ।
- सार्वजनिक खर्चको मितव्ययितालाई विशेष ग्राहयता दिदै समग्र देशको आर्थिक अवस्थाको मध्यनजर गरी सार्वजनिक खर्च कम गरी चालु खर्च घटाईनेछ।
- गाउँपालिकाको आय व्ययलाई चौमासिक रूपमा सूचना पार्टी तथा वेवसाईटमा सार्वजनिक गरिनेछ।
- लेखा प्रणाली लाई सुत्र प्रणाली अन्तर्गतको सफ्टवेयर मार्फत व्यवस्थित गर्ने

कामलाई निरन्तरता दिइनेछ।

- चेक मार्फत हुने भूक्तानीलाई डिजिटलाईज्ड गर्दै EFT (Electronic Fund Transfer) मार्फत भुक्तानी प्रक्रियालाई अगाडि बढाइनेछ।

छ) सुशासनः

- पालिकाबाट प्रवाह गरिने सेवालाई मितव्ययी, प्रभावकारी, उत्तरदायि, पारदर्शी र नतिजामुखी तुल्याउनका लागि आवश्यक संरचनागत र संस्थागत व्यवस्था गरी जनमुखी र नागरीक मैत्री सेवा प्रवाहको वातावरण सृजना गरिनेछ।
- सरकारी क्षेत्रबाट हुने पूँजीगत खर्चको गुणस्तरीयता कायम गरी पूँजी तथा सम्पत्ति निर्माण गरिनेछ। सार्वजनिक श्रोतमा आउने संकुचन र कोरोना महामारी रोगको रोकथाम, नियन्त्रण र प्रभाव न्युनिकरण गर्न फजुल तथा अनुत्पादक तथा अन्य प्रोत्साहन लगायतका सामूहिक खर्च कटौती गरी चालु खर्चमा मितव्ययिता अपनाईने नीति लिईएको छ।
- सेवाग्राहीको सम्मान गर्दै नेपाल सरकारको सुशासन सम्बन्धी प्रतिज्ञा को प्रवर्द्धनका लागी **"म भ्रष्टचार गर्दिन, म भ्रष्टचार हुन दिन्न र जनताका लागी इमान्दार भएर काम गर्नेछु"** भन्ने कार्य सस्कृतिको विकासका लागी आँधीखोला बासी आम समुदायलाई शुसासनको पूर्ण प्रत्याभूति दिलाउदै सबै प्रकारको भ्रष्टाचार प्रति शुन्य सहनशिलताको नीति लिइनेछ।
- नेपालको संविधान बमोजिम आँधीखोला गाउँपालिकामा गठित जननिर्वाचित सरकारले गरेका र दायित्व सरी आएका सम्पुर्ण आर्थिक, सामाजिक, भौतिक, साँस्कृतिक लगायत समग्र आँधीखोलाको विकासमा गरेका रचनात्मक, सृजनात्मक र नियमित कामको अपनत्व पूर्ण रुपमा ग्रहण गर्दै एकमुष्ठ संगालोको रूपमा आँधीखोला गाउँपालिकाको उपलव्धि मापन बार्षिक श्वेतपत्र प्रकाशन गरिनेछ।
- स्थानीय तहमा सुशासन प्रवर्द्धन गर्नका लागि साधन श्रोतको उपलव्धता मार्फत गुनासो सुनुवाई अधिकारीको प्रभावकारिता अभिवृद्धिमा जोड दिइनेछ।
- आँधीखोला गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय र यस अन्तर्गतका कार्यालयहरूको सेबा प्रबाहलाई चुस्त पारदर्शी एबं जबाफदेही बनाउन घुम्ती सेबा, सार्बजनिक सुनुवाई, सामाजिक परीक्षण, सार्बजनिक परीक्षण लगायत अन्य सेबा ग्राहीमैत्री कार्यक्रमलाई निरन्तरता दिइनेछ।
- गाउँपालिका भित्रका सबै सरकारी कार्यालय र बिद्यालयमा बिद्युतिय हाजिरीको व्यवस्था गरिनेछ।
- गाँउपालिकामा जनताको पहुँच सरल र सहज रुपमा होस भन्ने हेतुले बिद्युतिय

सुशासनका माध्यमहरूटोल फ्री टेलिफोन नं., अडियो नोटिस बोर्डआदिको व्यवस्था गर्न प्रयत्न गरिनेछ।

- पालिका भित्र संचालित योजना, कार्यक्रम तथा गाउँपालिका अन्तरगतका बिषयगत निकायहरूको काम कारवाहीलाई प्रभावकारि एवं गुणस्तरीय तुल्याउनका लागि अनुगमन तथा मुल्याङ्कन कार्यलाई नियमित संयन्त्रको रूपमा विकास गरी पूर्ण क्रियाशिल तुल्याइने छ।

ज) कर्मचारी प्रशासनः

- पालिका अन्तरगत कार्यरत कर्मचारीको वैज्ञानिक व्यवस्थापन गर्न प्रमुख प्रशासकीय अधिकृत एवं सबै कर्मचारीहरूबिच कार्यसम्पादन करारको सम्झौता गरी सेवा प्रवाहलाई थप प्रभावकारी एवं नतिजामूलक बनाइने छ। साथै कर्मचारीको मनोबल उच्च राख्न क्षमता अभिवृद्धि, पुरस्कार, सम्मान र प्रोत्साहन समेतको व्यवस्था मिलाइने छ, **Right Man in Right Place** को नीति अबलम्बन गरिनेछ।
- गाउँपालिकाको कर्मचारी सङ्ख्या एवं विवरण एकिन गर्न संगठन तथा व्यवस्थापन सर्भेक्षण (O & M Survey) गरी कार्यबोझका आधारमा कर्मचारी संख्या विवरण एकिन गरी कार्यान्वयनमा ल्याइनेछ।
- गाउँपालिका अन्तर्गतका सबै कर्मचारीहरूलाई प्रविधीमैत्री बनाउन आवस्यक तालिमको व्यवस्था गरिनेछ।
- क्षतिपुर्ति सहितको नागरिक सेवा प्रबाह लाई जोड दिइनेछ। सोका लागि सम्बन्धित सरोकारबालाको रूपमा जिम्मेबार पदाधिकारी र कर्मचारीलाई सो कार्यको आबद्धतामा जोड दिइनेछ र नमूनाका रूपमा सेवाग्राही र सेवाप्रदायकबीच मापदण्डका आधारमा क्षतिपूर्ति लिने दिने व्यवस्थाका लागि पहल गरिनेछ।
- आन्तरिक नियन्त्रण प्रणालीलाई व्यवस्थित गर्न मर्यादित र सम्मानीत नीतिगत संयन्त्रको निर्माण गरिनेछ।

झ) न्यायिक कार्य सम्बन्धी व्यवस्थाः

- न्यायिक समितिको सचिवालयलाई कार्यप्रकृतिको आधारमा विशिष्ट प्रकृतिको अवस्थिति आवश्यक रहेको हुँदा आगामी आ.व. बाट न्यायिक ईजलास निर्माण गरी न्यायिक समितिको कार्यलाई चुस्त, दुरुस्त र प्रभावकारी बनाईनेछ।
- विवाद निरुपणको कार्यलाई व्यवस्थित, गैरविभेदकारी र न्याय मुलक बनाउदै सामाजिक न्यायका आधारमा न्याय सम्पादन गरिनेछ।
- प्रत्येक वडामा मेलमिलाप केन्द्र मार्फत विवादलाई यथासक्य चाँडो समाधान गरी बास्तविक न्यायको अनुभुतिगराईनेछ।

- न्यायिक समितिको कार्यलाई प्रभावकारी बनाउन क्षमता विकासका कार्यक्रमहरू सञ्चालन गरिनेछ।

ञ) सामाजिक सुरक्षा, राष्ट्रिय परिचय पत्र तथा पञ्जिकरण

- बैंकिङ प्रणाली मार्फत वितरण भैरहेको सामाजिक सुरक्षा भत्तालाई थप परिस्कृत गर्दै लगिने छ।
- सरकारले राष्ट्रव्यापि रूपमा अगाडी सारेको राष्ट्रिय परिचय पत्र दर्ता वितरण अभियानलाई पालिका स्तरबाट पनि निरन्तरता दिइने छ।
- VPN सहितको सुरक्षित अनलाईन **व्यक्तिगत घटना दर्ता तथा सामाजिक सुरक्षा व्यवस्थापन सुचना प्रणाली (VERSP-MIS)** निरन्तरता दिदै लैजाने छ।
- घटना दर्ताको दायरा बढाउनको लागि घटना दर्ता अभियान सञ्चालन गरिने छ।

ट) गैर सरकारी तथा निजि क्षेत्र

- हाम्रो पालिका भित्र विभिन्न कार्यक्रम साथ सञ्चालित राष्ट्रिय एवं अन्तराष्ट्रिय सामुदायिक एवं गैर सरकारी सस्थासगँ सामाजिक विकासमा साझेदारी गर्दै ति सस्थाहरूलाई जवाफदेही र मर्यादित बनाई पारदर्शी र व्यवस्थित रुपमा परिचालन गर्न **"एन जि ओ डेस्क"** स्थापना गरी सबै कार्यक्रमहरूलाई गाउँपालिका मातहतमा ल्याइने छ।
- गाउँपालिका सगँ बिकास निर्माण, सेवा प्रवाह र जनसेवामा साझेदारी गर्न चहाने राष्ट्रिय, अन्तराष्ट्रिय सरकारी एवं गैरसरकारी निकायहरूसगँको सहकार्यलाई उच्च प्राथमिकता दिदै अनुभव आदान प्रदान, असल सिकाई अवलम्बन गर्न राष्ट्रिय तथा अन्तराष्ट्रिय स्तरमा भगिनी सम्बन्ध कायम गरी पालिकाको विकास र सम्वृद्धिमा उपयोग गरिने छ।
- विकासमा सार्वजनिक निजि साझेदारी नीतिलाई आयोजना तथा कार्यक्रमको स्वरुप अनुसार वास्तविक कार्य नीतिमा परिणत गरिने छ। विकास निर्माणमा जनसहभागिता र निजी क्षेत्रको भूमिका समेत स्थापित गर्दै व्यवहारीक रुपमा लागू गरिने छ।

आदरणीय सभा सदस्य ज्यूहरू,

प्रस्तावित नीति तथा कार्यक्रमले राष्ट्रिय जीवनका समग्र विषयक्षेत्रको थप गतिशील भई पारस्परिक सम्मान र अवसर सहित सामाजिक न्याय कायम हुनेछन भन्ने अपेक्षा गरिएको छ।

संघीय लोकतान्त्रिक गणतन्त्रपछिको पहिलो कार्यकालको लागि निर्वाचित भई सफल कार्यकाल पुरा गरी अभाव र कठिन घडिमा पनि उच्च कार्यकौशलता प्रदान गरी समृद्ध आँधीखोलाको रेखाङ्कन एवं नक्साङ्कनमा हामीलाई स्पष्ट मार्गचित्र प्रदान गर्नुहुने निवर्तमान अध्यक्ष, उपाध्यक्ष, वडाअध्यक्ष र सम्पूर्ण वडा सदस्य ज्यूहरू प्रति उच्च सम्मान सहित कृतज्ञता ज्ञापन गर्दछु।

आँधीखोला गाउँपालिकाको समृद्धि र विकासमा एकाकार भई विविधता युक्त विशेषतालाई

आत्मसात गरी निरन्तर ऊर्जावान् साथको अपेक्षा सहित गाउँपालिका भित्रका बिभिन्न राजनैतिक दल, भखरै सम्पन्न निर्वाचनमा मित्रवत प्रतिस्पर्धामा रहनुभएका सबै उम्मेदवारहरू, बुद्धिजीवी, समाजसेवी, राष्ट्रसेवक, निजी, सहकारी र सामुदायिक क्षेत्र, श्रमिकवर्ग, नागरिक समाज, आम सञ्चारजगत् लगायत सम्पूर्ण दाजुभाइ दिदीबहिनीहरूलाई विशेष धन्यबाद दिन चाहन्छु।

अन्त्यमा, हिजो हामी निश्चित आचारसंहिता पालना सहित खेलमा थियौ, खेलमा जित्नका लागि प्रतिस्पर्धा हुनु सबैको सम्मान हो, जितहार खेलको नियम हो। जिम्मेवारी जित्नेको र मार्गदर्शन प्रतिस्पर्धीका हुने रहेछ। तसर्थ आँधीखोला गाउँपालिकाका समग्र विकासको मार्गदर्शनको रूपमा सबै प्रकृतिका आवाजलाई स्वागत गरी यस नीति तथा कार्यक्रमको तर्जुमामा छायाँ होइन, ऐनाको रुपमा ग्रहण गर्नका सुझाब सल्लाह दिनुहुने सम्पूर्ण जनप्रतिनिधि, कर्मचारी, राजनीतिक दलका प्रतिनिधि लगायत सम्पूर्ण आँधीखोला बासी जनतालाई मनको गहिराइ देखिनै धन्यबाद दिन चाहन्छु र यस नीति तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयन गरी स्थानीय सरकारको औचित्य स्थापित गरी समृद्ध आँधीखोला निर्माणमा समेत सबैको सकारात्मक भूमिका रहनेछ भन्ने अपेक्षा गरिएको छ।

हाम्रो निमन्त्रणालाई स्वीकार गरी पाल्नुहुने सम्पूर्ण महानुभावहरू प्रति कृतज्ञता ज्ञापन गर्दै हार्दिक धन्यवाद दिन चाहन्छु।

विश्वनाथ पौडेल
अध्यक्ष
आँधीखोला गाउँपालिका

जय आँधीखोला !!

२.३ अनुमानित आय व्ययको विवरण (बजेट)

*एघारौं गाउँसभामा गाउँपालिका उपाध्यक्ष **श्री सिता थापा**द्वारा प्रस्तुत आँधीखोला गाउँपालिकाको आर्थिक वर्ष २०७९/०८० को बजेट मन्तव्य*

आदरणीय सभाध्यक्ष महोदय,
गाउँसभा सदस्यहरू,

सम्पूर्ण कर्मचारीहरू तथा उपस्थित महानुभावहरू र गाउँपालिकाको आधिकारिक सामाजिक सञ्जालबाट आगामी आर्थिक वर्ष २०७९/०८० को अनुमानित राजश्व - व्यय (बजेट)को विवरण सुनिरहनुभएका स्वदेश र विदेशमा रहनुभएका आमाबुबा, दाजुभाई, दिदिबहिनीहरू।

- संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन प्रणालीको आधारस्तम्भको रूपमा रहेको स्थानीय तह निर्वाचन, २०७९ सम्पन्न भएको छ। यस निर्वाचनलाई निष्पक्ष, स्वतन्त्र, स्वच्छ, भयरहित तवरमा सम्पन्न गर्न योगदान गर्नुहुने आम नागरिक, राजनीतिक दल, निर्वाचन आयोग र राष्ट्रसेवक लगायत सबैमा हार्दिक धन्यबाद व्यक्त गर्न चाहन्छु। यस निर्वाचनको प्रतिस्पर्धाबाट आँधीखोलावासी आम समुदायको अमूल्य मताधिकार मार्फत यस गाउँपालिकाको सभा सदस्यको गरिमामय पदमा निर्वाचित भई आउनु भएकोमा सम्पूर्ण सभा सदस्य ज्यूहरूमा हार्दिक आभार र कृतज्ञता सहित सभा सदस्य ज्यूहरू, प्रमुख प्रशासकीय अधिकृत ज्यू, कर्मचारी मित्रहरू लगायत उपस्थित सम्पूर्णलाई यो गरिमामय सभाको यस बैठकमा हार्दिक स्वागत गर्दछु।
- ऐतिहासिक जनआन्दोलनको जगमा स्थापना भएको संघीय लोकतन्त्रिक गणतन्त्र हामी नेपालीको लामो सङ्घर्षबाट प्राप्त उपलब्धि हो। म नेपालको संघीय लोकतान्त्रिक गणतन्त्रको स्थापना एवं राजनीतिक परिवर्तनको लागी नेपाली जनताले पटक पटक गरेका निरङ्कुशता विरुद्धका ऐतिहासिक जन आन्दोलनहरू एवं सशस्त्र सङ्घर्षका क्रममा राष्ट्र र जनताको लागि आफ्नो जीवन उत्सर्ग गर्नुहुने ज्ञात अज्ञात वीर शहीदहरू प्रति गरिमामय सभा मार्फत भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै बेपत्ता घाईते नागरिकहरू प्रति आदरभाव र परिवारजनप्रति गहिरो सहानुभूति प्रकट गर्दछु। मुलुकको सार्वभौमीकता, राष्ट्रियता,भौगोलिक अखण्डता, राष्ट्रिय एकता, स्वाधिनता, स्वाभिमान एवं दिगो शान्ति, स्थायित्व, विकास, सम्वद्धि, सामाजिक न्यायको क्षेत्रको अग्रणी भूमिकामा नेतृत्व गर्नुहुने आदरणीय अग्रजहरू प्रति उच्च सम्मान व्यक्त गर्दछु।
- कमजोर अर्थतन्त्र, बढ्दो महङ्गी र पेट्रोलियम पदार्थको मूल्यवृद्धिका कारण शिथिल भएको अर्थतन्त्रलाई पुनरुत्थान, जनस्वास्थ्यको रक्षा र जनजिविकाका सबाललाई सुचारु बनाउने गहन

जिम्मेबार हाम्रो काँधमा रहेको छ। सीमित साधन, स्रोत र बजेटको परिधिभित्रबाट असीमित ईच्छा, आकाङ्क्षा र योजनाहरूलाई समेट्दै दिगो, प्रभाबकारी र किफायती योजना कार्यान्वयन मार्फत आम आँधीखोलावासी समुदायलाई सार्थक समृद्धिको प्रत्याभुति दिन हामी प्रतिबद्ध छौ।

- आगामी आर्थिक वर्ष २०७९/०८० को बजेट तर्जुमा गर्दा आँधीखोला गाउँपालिकाको विकासको आवश्यकता, दिर्घकालिन बिकासका लक्ष्य,संबिधानको अनुसूचीमा स्थानीय तहलाई प्राप्त अधिकारहरूको सीमरेखाभित्र रही सहभागितामूलक योजना तर्जुमा प्रक्रियाको अवधारणा अनुरुप नेपालको संबिधान, आँधीखोला गाउँपालिकाको बार्षिक नीति तथा कार्यक्रम, पन्ध्रौ योजना, आँधीखोला गाउँपालिकाको आबधिक योजना, राष्ट्रिय योजना आयोगबाट प्राप्त मार्गदर्शन, विषयगत समितिहरूको बैठक, राजनीतिक दल, बिद्यतबर्ग, नागरिक समाज, आम नागरिक, निजी क्षेत्र लगायत अन्य सरोकारवालाहरूसँग प्रत्यक्ष अप्रत्यक्ष छलफल र अन्तरक्रिया गरी प्राप्त सुझावहरूलाई आधार लिएको छु।
- नेपालको संबिधानको धारा २३० को उपधारा (१) र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा (७१) को प्राबधान बमोजिम आँधीखोला गाउँपालिकाको उपाध्यक्षको हैसियतले यस गाँउसभाको दोस्रो पूर्ण बैठकमा आर्थिक वर्ष २०७९/०८० को राजश्व-ब्यय (बजेट) को अनुमान प्रस्तुत गर्ने अनुमति चाहन्छु। प्रस्तुत बजेटलाई आयातबाट उत्पादन तर्फ, जोखिमबाट समष्टिगत आर्थिक स्थिरता तर्फ र बञ्चितिकरणबाट समाबेशिता तर्फको प्रस्थान शुरुबिन्दुको बजेटको रुपमा प्रस्तुत गरिएको छ।
- स्थानीय स्रोत र साधनको उच्चतम उपयोग गर्दै गाउँको चौतर्फी विकासका लागि गाउँ सभाद्वारा स्वीकृत आ.व. ०७९/०८० को नीति तथा कार्यकमको साथै गाउँ कार्यपालिकाको बैठकले स्वीकृत गरेको आर्थिक वर्ष ०७९/०८० मा अवलम्बन गरिने बजेट तथा कार्यक्रमको आधारमा यो बजेट तयार गरिएको छ। प्रस्तुत बजेट तथा कार्यक्रम तयार गर्दा गाउँवासीहरूको विकासको आवश्यकता, नेपाल सरकारले दिएको मार्गदर्शन, नेपालको संविधान, स्थानीय सरकार शासन सञ्चालन ऐन, गाउँपालिकाको आवधिक योजना, संघीय एवं प्रदेश सरकारबाट प्राप्त गरेका एवं गर्ने वित्तीय समानीकरण, सशर्त अनुदान, राजस्व बाडफाड एवं आन्तरिक श्रोत समेतलाई मुख्य आधार बनाइएको छ। जनताले आफ्ना आवश्यकताहरूलाई सम्बोधन गर्ने योजनाहरू आफ्नै सहभागितामा छनौट गर्न सकुन भन्ने उद्देश्यले बस्ति तथा टोल स्तरबाट भेला छलफल गरी योजना संकलन गर्दै जन आकांक्षा समेट्दै जनप्रतिनिधिहरूको विकासको चाहना पुरा गर्न मौजुदा कानुनी व्यवस्थाको परिधिमा रही विभिन्न चरणहरू पार गर्दै सहभागिता मूलक योजना तर्जुमा प्रक्रियाको अवधारणा अनुरूप प्रस्तुत बजेट तथा कार्यक्रमहरू तयार पारिएको छ।

चालू आर्थिक वर्ष २०७८/०७९ को बजेट स्रोत तथा खर्च

चालू आ.व. को सम्पूर्ण कारोबार सकिन अझै केही समय बाँकी रहेकोले शंसोधित आय व्यय अनुमान तथा जेठ मसान्त सम्मको यथार्थ विवरण प्रस्तुत गर्न चाहन्छु। आगामी गाउँसभामा सोका विषयमा समीक्षा गरिने नै छ।

चालू आ.व. को आय तर्फ

यस आर्थिक वर्ष २०७७/७८ को नगद मौज्दात ७ करोड ४१ लाख २२ हजार, आन्तरिक आयतर्फ कर, दस्तुर, सेवा, शुल्क, महसुल, राजश्व वाँडफाँड समेत गरी जम्मा रु. ६८ लाख, नगद सहभागितामा पूँजीगत तर्फ रु. ५० लाख तथा चालू कार्यक्रमको कृषि अनुदान र अन्य कार्यक्रमको लागि ३० लाख गरी कूल ८० लाख हुने अनुमान गरिएको थियो। त्यस्तै संघीय सरकार बाट वित्तीय समानीकरण अनुदान बापत रु. ८ करोड ७३ लाख, संघीय सरकारको राजस्व बाँडफाडबाट रु. ५ करोड ७७ लाख ४२ हजार, सशर्त अनुदान तर्फ रु. २१ करोड ६४ लाख, संघीय सरकार समपूरक अनुदान रु. २ करोड ८ लाख, संघीय सरकार विशेष अनुदान रु. १ करोड ३३ लाख, गण्डकी प्रदेश सरकारको वित्तीय समानीकरण अनुदान ९५ लाख ४० हजार, गण्डकी प्रदेश सरकारको राजस्व बाँडफाँट रु. ३२ लाख ७९ हजार, प्रदेश समपूरक अनुदानबाट रु. ५० लाख, प्रदेश सरकार शसर्त अनुदान चालू ५० लाख, प्रदेश सरकार विशेष अनुदान ५० लाख गरी कुल ५१ करोड २२ लाख ८३ हजार हुने अनुमान गरेका थियौं।

नेपाल सरकारले लिएको नीति र तोकेको दरमा गत विगत वर्षदेखि नै दिँदै आएको सामाजिक सुरक्षा तर्फको रकम रु. ९ करोड ८३ लाख २९ हजार प्राप्त भएको थियो।

चालू आ.व. को व्यय तर्फ

कुल व्यय मध्ये हाल सम्म चालू तर्फ कार्यालय सञ्चालन तथा प्रशासनिक खर्च र आर्थिक सामाजिक सांस्कृतिक शैक्षिक सामाजिक न्याय तथा समावेशिकरण र सुशासन तर्फ (सशर्त समेत)को कुल बजेट मध्ये हाल सम्मको खर्च रु. २० करोड ५७ लाख ७० हजार (६८.५ प्रतिशत) र पूँजीगत तर्फ १० करोड ६२ लाख ३१ हजार (५०.०१ प्रतिशत) रहेको छ।

यस गाउँसभाका आदरणीय सभाध्यक्ष महोदय,

अव म आगामी आर्थिक वर्ष २०७९/०८० को बजेटका उद्देश्यहरू पेश गर्दछुः

- गाउँपालिकाको आर्थिक, सामाजिक एवं पूर्वाधार विकासको सम्भावनालाई मूर्त रूप दिने।
- संक्रामक लगायत सबै प्रकारका रोग र विपतबाट नागरिकको जीवन रक्षा गर्दै जनजीवनलाई

सहज र सुरक्षित एवम् क्रियाशिल बनाउने।

- गाउँपालिकाभित्र रहेका सामाजिक, आर्थिक रूपमा पिछडिएका वर्गको उत्थान गर्दै गरिबी न्युनिकरण मार्फत दिगो विकासको लक्ष प्राप्त गर्ने।
- सुशासनलाई प्रवर्द्धन गर्दै जनताको काम छिटो छरितो रूपमा सम्पादन गर्ने।
- कृषि लक्षित कार्यक्रम तथा युवा लक्षित कार्यक्रम मार्फत आय आर्जन तथा रोजगारी वृद्धि गर्ने।
- केन्द्रीय सरकारले लिएका आर्थिक प्रगतिका लक्ष्यहरूलाई मूर्तरूप प्रदान गर्ने।
- गाउँपालिकाको नीति तथा कार्यक्रममा प्रस्तुत भएका गौरवका चालू आयोजनाहरूलाई पूर्ण रूपमा सम्पन्न गर्ने।
- सामाजिक सुरक्षा कार्यक्रमलाई थप सशक्त एवम् व्यवहारिक बनाउने बाँकी रहेका ठूला पूर्वाधारका योजनाहरू सम्पन्न गर्ने।
- पर्यटन पूर्वाधार विकास गरी गाउँपालिकावासीलाई रोजगारी सृजना गरी आयस्तर बढाउने।
- बजेटका उद्देश्य हासिल गर्न देहाय बमोजिमका क्षेत्र गत र क्रमागत प्राथमिकता निर्धारण गरिएको छ।
- स्वास्थ्य सम्बन्धी जोखिमबाट नागरिकलाई सुरक्षित राख्न र गुणस्तरीय स्वास्थ्य सेवाको दायरा विस्तार,स्वास्थ्य पूर्वाधार निर्माण तथा स्तरोन्नती र स्वास्थ्य जनशक्ति विकास,
- आगामी वर्षभित्र सम्पन्न गर्ने गरी बहुवर्षिय आयोजनाको तीव्र कार्यान्वयन,
- आधारभूत खानेपानी लगायतका सामाजिक, आर्थिक, भौतिक पूर्वाधार विकास तथा निर्माण
- संघीयता कार्यान्वयन, गुणस्तरीय तथा पहुँच युक्त सार्वजनिक सेवा र उत्तरदायी तथा पारदर्शी शासन सुदृढीकरण मार्फत **"समृद्ध नेपाल सुखी नेपाली"**को राष्ट्रिय लक्ष्य पुरा गर्ने।

आदरणीय सभाध्यक्ष ज्यू, सभासद् ज्यू हरू एवं उपस्थित महानुभावहरू,

"कृषि र पर्यटन समुन्नत आँधीखोला गाउँपालिकाको आधार, सेवा विकास सुशासन र सम्बृद्धि नै हाम्रो कार्यभार" भन्ने मूल नाराका साथ आँधीखोला गाउँपालिकाको समृद्धिको यात्रालाई अगाडि बढाउने सोच अनुरूप नवौं गाउँसभाबाट पारित नीति तथा कार्यक्रम कार्यान्वयनका लागि गाउँ कार्यपालिकाले पारित गरी पेश गरेको आ.व. २०७९/०८० को बजेट तथा कार्यक्रमहरूमा भएको अनुमानित आय तथा व्ययको विवरण प्रस्तुत गर्न चाहन्छु।

आदरणीय सभाध्यक्ष ज्यू, सभासद् ज्यूहरू एवं उपस्थित महानुभावहरू,

अब म आगामी आर्थिक वर्ष २०७९/०८० को लागि अनुमानित आय-व्यय प्रस्तुत गर्न अनुमति चाहन्छु।

आय तर्फ

गत आर्थिक वर्षको नगद मौज्दात १४ करोड ८ लाख ८१ हजार, आन्तरिक आयतर्फ कर, दस्तुर, सेवा, शुल्क, महसुल, राजश्व बाँडफाँड समेत गरी जम्मा रु. ८२ लाख, नगद सहभागितामा पूँजीगत तर्फ रु. ५० लाख तथा चालू कार्यक्रमको कृषि अनुदान र अन्य कार्यक्रमको लागि ३० लाख गरी कूल ८० लाख हुने अनुमान गरिएको छ। त्यस्तै संघीय सरकार बाट वित्तीय समानीकरण अनुदान बापत रु. ९ करोड ३२ लाख, संघीय सरकारको राजस्व बाँडफाडबाट रु. ६ करोड ९९ लाख ४८ हजार, सशर्त अनुदान चालू तर्फ रु. १९ करोड २७ लाख ४० हजार, संघीय सरकार समपूरक अनुदान रु. १ करोड ५० लाख, संघीय सरकार विशेष अनुदान रु. २ करोड ५० लाख, सशर्त अनुदान पूँजीगत तर्फ रु. २ करोड ७७ लाख, गण्डकी प्रदेश सरकारको वित्तीय समानीकरण अनुदान ८७ लाख, गण्डकी प्रदेश सरकारको राजस्व बाँडफाँड रु. ४० लाख, प्रदेश समपूरक अनुदानबाट रु. ६० लाख, प्रदेश सरकार विशेष अनुदान ४० लाख, सडक बोर्ड रु. २५ लाख गरी कुल ६० करोड ५८ लाख २९ हजार हुने अनुमान गरिएको छ।

नेपाल सरकारले लिएको नीति र तोकेको दरमा गत विगत वर्षदेखि नै दिँदै आएको सामाजिक सुरक्षा तर्फको बढेको रकम छुट्टै सिलिङको रूपमा प्राप्त हुने र गाउँपालिकाले नै खर्च गर्ने भएपनि यस बजेटमा समावेश भएको छैन।

व्यय तर्फ

चालू खर्च

कार्यालय सञ्चालन तथा प्रशासनिक खर्च एवम् कार्यक्रम	८ करोड ३८ लाख ४८ हजार
आर्थिक, सामाजिक, सांस्कृतिक, सामाजिक, सुशासन, न्याय तथा समानता, लैङ्गिक तथा समावेशिकरण तर्फ	४ करोड २९ लाख ४१ हजार

पूँजीगत खर्च

पूँजीगत खर्च तथा पूर्वाधार विकास, निर्माण	२० करोड ५९ लाख

सशर्त, समपूरक, विशेष (संघ र प्रदेश सहित)

सशर्त कार्यक्रम	२७ करोड ३१ लाख ४० हजार

कृषि तथा पशुपंक्षी

- बेरोजगार समस्या न्यूनिकरणका साथै कृषिको आधुनिकीकरण, विशिष्टीकरण र व्यवसायीकरण गर्ने गाउँपालिकाको नीति तथा कार्यक्रमलाई प्रभावकारी कार्यान्वयन गर्न कृषि तथा पशु क्षेत्रमा उच्च प्राथमिकताको साथ बजेट विनियोजन गरिएको छ।
- **"हात हातमा कृषि सामाग्री गाउँ गाउँमा रोजगारीको अभियान अनुरूप"** भन्ने मुल नाराका साथ निर्वाहमुखी कृषि प्रणालीबाट व्यावहारिकतातर्फ उन्मुख गराउन कृषकलाई मौरीपालन, च्याउको बीउ, उन्नत तरकारीको बीउ, फलफूलको बिरुवा, प्लास्टिक टनेल, प्लास्टिक पोखरी, माछाको भुरा, आधुनिक कृषि औजार तथा उपकरण प्रयोग गरी कृषिमा प्रोत्साहन र आत्मनिर्भर हुनुको साथै बजारीकरणको लागि कृषकहरूसँगको सहकार्य तथा साझेदारी एवम् सह लगानीमा अनुदान सहितको कार्यक्रमको लागि **रु. ४०** लाख बजेट विनियोजन गरिएको छ।
- खाद्य तथा पोषण सुरक्षाको प्रमुख आधारका रूपमा रहेका जौ, उवा, फापर, चिनो, कागुनो, लट्टे आदि स्थानीय रैथाने बालिको प्रवर्द्धनका लागि **रु. १० लाख २० हजार** बजेट विनियोजन गरिएको छ।
- कृषि तथा पशु सेवाका एक गाउँ एक प्राविधिक सेवाका कर्मचारीहरूको तलव भत्ताका लागि **रु. १३ लाख** र कृषि स्नातक प्राविधीकको लागि **रु. ४ लाख ८० हजार** बजेट विनियोजान गरिएको छ।
- कृषकको यथार्थ विवरण संकलन गरी कृषि विकास रणनिति तयार गर्नको लागि **कृषक दर्ता तथा व्यवस्थापन र कृषि सम्बन्धी तथ्यांक अध्यावधिक कार्यक्रम**लाई प्रभावकारी ढङ्गले सञ्चालन गर्न किसान सूचीकरण कार्यक्रमको लागि **रु. ३ लाख** विनियोजन गरिएको छ।
- गाउँपालिका स्तरीय कृषि पशुपंक्षी तथा मत्स्य विकासको अद्यावधिक कार्यक्रम निरन्तरताको लागि **रु. १ लाख** बजेट व्यवस्था गरिएको छ।
- चालू आ.व. २०७८/७९ मा स्थापना भएका कृषि तर्फका साना व्यवसायिक कृषि उत्पादन केन्द्र (पकेट) विकास कार्यक्रम निरन्तरताका लागि **रु. ५ लाख** बजेट व्यवस्था गरिएको छ।
- सुन्तला जातका फलफूलको साना व्यवसायिक कृषि उत्पादन केन्द्र (पकेट) विकास कार्यक्रमको निरन्तरताको लागि **रु. ६ लाख** बजेट विनियोजन गरिएको छ।
- धरातलीय उचाइ र मौसमअनुसार **किविको** साना व्यवसायिक कृषि उत्पादन केन्द्र (पकेट) कार्यक्रमको निरन्तरताको गर्न **रु. ६ लाख बजेट** व्यवस्था गरिएको छ।
- बाख्राको साना व्यवसायिक कृषि उत्पादन केन्द्र (पकेट) विकास कार्यक्रम निरन्तरताको लागि **रु. ७ लाख** बजेट विनियोजन गरिएको छ।
- पौष्टिक तत्त्वले भरीपूर्ण दूधमा आत्मनिर्भर बन्न कृषकहरूसँगको गाई भैँसी पकेट विकास

कार्यक्रम संचालन गर्न **रु. २५ लाख** बजेट विनियोजन गरिएको छ।

- रेबिज रोगको नियन्त्रण कार्यक्रम अन्तर्गत **रु. २ लाख** बजेट विनियोजन गरिएको छ।
- **"कृषि उत्पादनमा अभिवृद्धि, आँधीखोला गाँउपालिकाको समृद्धि"** भन्ने मूल नाराका साथ कृषकको जीवनस्तरलाई समुन्नत बनाउनको कृषक तालिमको लागि **रु. २ लाख** बजेट विनियोजन गरिएको छ।
- फौजी कीरा, सलह कीरा तथा विभिन्न रोगका कारण उत्पन्न हुने जोखिम न्यूनिकरणका लागि **रु. २ लाख** बजेट विनियोजन गरिएको छ।
- गाउँपालिका भरि कृषकको आय वृद्धि गर्न आवश्यक छ कृषिमा किसानको लागत कम गर्न मध्यम प्रविधियुक्त बहुउदेश्यीय नर्सरी स्थापना संचालन कार्यक्रमको लागि **रु. ५ लाख** बजेट विनियोजन गरिएको छ।
- भुइँ तथा डाले घाँस प्रवर्द्धन अन्तर्गत जै घाँसको बीउ वितरणका लागि **रु. २ लाख** बजेट विनियोजन गरिएको छ।
- **कृषकको श्रम, कृषककै मूल्य** कायम गर्न कृषकले उत्पादन गरेका कृषि उपजको सहज बजारीकरणको लागि संकलन केन्द्रको आवश्यकता महसुस गरी कृषि उपज बजार पूर्वाधार निर्माणको लागि **रु. १० लाख** बजेट व्यवस्था गरिएको छ।
- कृषि क्षेत्रमा जग्गा बाझो राख्ने प्रवृत्तिलाई निरुत्साहित गर्दै बाँझो रहेको खेतियोग्य जग्गालाई खनजोत गरी उत्पादनयोग्य बनाई हावापानी सुहाउँदो तरकारी तथा फलफूल खेती गर्ने कृषकलाई प्रोत्साहन गर्न **रु. ५ लाख** बजेट विनियोजन गरिएको छ।
- उन्नत जातका पशुको उत्पादन तथा विकास गर्न पशुको नस्ल सुधार कार्यक्रम (कृतिम गर्भाधान) को लागी **रु. २ लाख ५० हजार** बजेट विनियोजन गरिएको छ।
- मासुमा आत्मनिर्भर रहने उद्देश्यको साथ बाख्रा पालक किसानको प्रोत्साहन तथा बाख्रा पालन कार्यक्रमलाई प्रभावकारी बनाउन बाख्राको खोर सुधार कार्यक्रमको लागि **रु. ६ लाख** बजेट विनियोजन गरिएको छ।
- समय समयमा हुने विभिन्न प्राकृतिक प्रकोप तथा अन्य कारणले कृषि उत्पादनमा क्षति पुर्याएको कृषकको हुँदा कृषि उत्पादनलाई सुरक्षित बनाउनको लागि कृषि बाली तथा पशुपंक्षी बिमा कार्यक्रम तथा सचेतना कार्यक्रमको लागि **रु. ३ लाख बजेट विनियोजन** गरिएको छ।
- कृषकको हौसला बढाउनको लागि कृषकले उत्पादन गरेका वस्तुहरू लाई सबै जनतासँग एकै पटक एकै ठाउँमा पुन्याउने र उत्कृष्टलाई पुरस्कृत एवम् प्रोत्साहन गर्ने लक्ष्यको साथ कृषि तथा पशु मेला एवम् प्रदर्शन एवं प्रवर्द्धनको लागि **रु. २ लाख** बजेट विनियोजन गरिएको छ।
- कृषकको हौसला बढाउनको लागि कृषकले उत्पादन गरेका वस्तुहरूलाई सबै जनतासँग एकै

पटक एकै ठाउँमा पुर्याउने र उत्कृष्टलाई पुरस्कृत एवम् प्रोत्साहन गर्ने लक्ष्यको साथ **न्यूनतम समर्थन मूल्य** कायम गरी स्थानीय सहकारी सँगको साझेदारीमा उत्पादनमा आधारित अनुदान कार्यक्रमको लागि **रु. ५ लाख बजेट विनियोजन** गरिएको छ।

- न्यून आय भएका गरिब, दलित तथा पिछडिएको समुदायको आयआर्जन र सहुलियताको लागि लागत साझेदारीमा कुखुराको चल्ला वितरणको लागि **रू. ३ लाख** बजेट विनियोजन गरिएको छ।
- कृषि तथा पशु क्षेत्रमा पछिल्लो समयमा नयाँ र विभिन्न प्रकारका रोगहरू, हानिकारक कीरा तथा कीटाणुहरू।
- जस्तै सलह, फौजीकीरा र बाँदरले बालीनालीमा नोक्सान बनाएका छन्। **बाँदर नियन्त्रण,** वालि संरक्षण तथा कृषि क्षेत्रमा आइपर्न सक्ने हानिकारक कीरा तथा रोगको नियन्त्रण तथा रोकथामको लागि **रु. ५ लाख बजेट विनियोजन** गरिएको छ।
- **माटोको अम्लियपन, क्षारीयपन** तथा विविध सुष्म तत्वहरूको मात्रा परीक्षण गरी माटो सुधारको लागि सामग्री तथा प्रविधि हस्तान्तरण गर्न माटो परीक्षण कार्यक्रमको **रु. १ लाख बजेट विनियोजन** गरिएको छ।
- रासायनिक मलको प्रयोगले माटोको उर्वरा शक्ति मात्रै नभएर वातावरण र स्वास्थ्यमा प्रतिकूल असर पारेको हुँदा बजेटमा प्राङ्गारिक मल उत्पादन तथा प्रयोगमा बढाउन तालिम र अनुदानको बजेटमा व्यवस्था गरिएको छ।
- कृषकले उत्पादन गरेका वस्तुहरूको बजार प्रवर्द्धनको लागि प्रचार प्रसार गर्न बजेटमा व्यवस्था गरिएको छ।
- कृषि तालिम आइपिएम पाठशाला, भैंसी पालन तालिम, गाई पालन तालिम, बाखा पालन तालिम, तरकारी खेती तालिम, अमिलो जातका फलफूलको बगैंचा व्यवस्थापन तालिम, चैते धान खेती प्रविधि तालिम, टर्की बट्टाइ, हाँस, कालिज, कुखुरा, खरायो पालन लगायत पशु तथा पंक्षी पालन तालिम, पशु तथा पक्षीलाई स्थानीय स्तरको दाना बनाउने तालिमको लागि **रु. ३ लाख** बजेट विनियोजन गरिएको छ।
- कृषिमा उत्पादन सहज बनाउन निश्चित समयका लागि विपन्न र जोखिममा परेका कृषकलाई प्राथमिकता दिनको लागि साना र ठूला सिँचाइ आयोजना सञ्चालन गर्न बजेटमा व्यवस्था गरिएको छ।
- **"आँधीखोलाको उत्पादन किनौं आँधीखोलालाई समृद्ध बनाउ"** अभियान अन्तर्गत गाउँपालिका स्तरीय हाटबजार तथा सब्जी मन्डी, कोसेली घर स्थापना गर्न बजेटमा व्यवस्था गरिएको छ।
- प्रत्येक वडामा कृषि उपज संकलन केन्द्रको क्रमशः व्यवस्था गरिनेछ सोको लागि बजेटमा व्यवस्था गरिएको छ।

- कृषि र पशु सेवाका प्राविधिक कर्मचारीको ज्ञान, क्षमता अभिवृद्धि गर्न तालिमको लागि बजेटमा व्यवस्था गरिएको छ।
- कृषकहरूको भकारोमा खेर गइरहेको गोबर र गहुँतबाट प्राङ्गारिक मल निर्माणको लागी कृषकहरूसँगको सह लगानीमा गोठ सुधार तथा मलखाद सुधार को लागि **रु. ३ लाख बजेट विनियोजन** गरिएको छ।
- गाउँपालिका क्षेत्र भित्रका विभिन्न वडाहरूमा पशु स्वास्थ्य सेवालाई प्रभावकारी रूपमा संचालन गर्न पशु स्वास्थ्य शिविरलाई **रु. ३ लाख बजेट विनियोजन** गरिएको छ।
- पशुहरूमा देखिन महामारीजस्ता रोगको निदानका तथा उपचारका लागि पशूजन्य औषधी खरिदका लागि **रु. ८ लाख बजेट विनियोजन** गरिएको छ।
- वडा नं. २ अन्तर्गत कृषकहरूको अध्ययन, अवलोकन भ्रमणको लागि **रु. ३ लाख बजेट विनियोजन गरिएको छ।**

कृषि तथा पशुपंक्षी क्षेत्रको समग्र विकासका लागि **रु. १ करोड ९६ लाख बजेट विनियोजान गरिएको छ।**

उद्योग, वाणिज्य तथा व्यापार

स्थानीय स्तरमा आवश्यक वस्तु तथा सेवाको उत्पादन गरी आर्थिक उपार्जन गर्ने उद्देश्यले कृषि तथा वन पैदावारमा आधारित उद्योग, पर्यटन उद्योग, परम्परागत तथा घरेलु उद्योगको विकास र विस्तारको लागि बजेटमा व्यवस्था गरिएको छ।

- गुणस्तरहीन एवं म्याद नाघेका बस्तुहरूको बिक्री वितरणलाई रोक्न प्रभावकारी कदम चालिने छ। एकाधिकार र कृत्रिम अभावको स्थिति रहन नदिन प्रभावकारी नियमन तथा अनुगमनको व्यवस्था गरिनेछ। उपभोक्ता हित संरक्षण तथा बजार अनुगमनको लागि बजेटमा व्यवस्था गरिएको छ।
- वन तथा वनस्पति जन्य बस्तुहरूको उत्पादनको लागि साना उद्योग स्थापना गर्न बजेटमा व्यवस्था गरिएको छ।
- आय आर्जन र बचततर्फ उन्मुख गर्न सीप विकास कार्यक्रमको लागि **रु. ४ लाख** बजेट विनियोजन गरिएको छ।
- अति गरीब परिवारका लागि कम्तीमा १० जनाको समूहमा हुने गरी साझा सुविधा केन्द्रको स्थापना गरी सम्भाव्य उत्पादनका उत्पादकत्व र बजार प्रतिष्पर्धा विकासको लागि **रु. ५ लाख** बजेट विनियोजन गरिएको छ।
- समूहगत रूपमा प्रविधिको हस्तान्तरण गरी प्रविधि हस्तान्तरणबाट गाउँपालिकाको विकासका लागि रु. १ लाख ४० हजार बजेट विनियोजन गरिएको छ।

- **लघु उद्यम विकास कार्यक्रम**को लागि निम्न बमोजिमको बजेट व्यवस्था गरिएको छ।
- गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम संचालन र उद्यमीको पुनर्ताजगी तथा एडभान्स सीप विकास तालिम कार्यक्रमको लागि **रु. ४ लाख ८० हजार** बजेट विनियोजन गरिएको छ।
- तालिम पश्चात् प्रतिस्पर्धामा छनौट भएका व्यवसाय विकास सेवा प्रदायक मार्फत लघु उद्यम विकास मोडेलमा नयाँ उद्यमी सिर्जना गर्न **रु. २३ लाख ८० हजार** बजेट विनियोजन गरिएको छ।

पर्यटन

- गाउँपालिका भित्रका ऐतिहासिक, सांस्कृतिक, धार्मिक, पूरातात्विक र प्राकृतिक सम्पदाहरू धार्मिक स्थल, देवालय, शिवालय, गुम्बाहरूको को संरक्षण, प्रवर्द्धन गरी पर्यटन विकास गर्न बजेट विनियोजन गरिएको छ। सिरुबारी, अन्धाअन्धी, श्रवण कुमार, पन्चासे, डहरे, ढड्डु बुडो हिले, जुम्ली ठान,काला भैरव कोट, चुले सिद्ध गुफा लगायत अन्य संभाब्य क्षेत्रलाई पर्यटकिय क्षेत्रको रूपमा विकास गर्ने र सम्भावित पर्यटकिय एवं सांस्कृतिक क्षेत्रहरूको पहिचान र विकास गरी दिगो आर्थिक विकास र रोजगारीको सृजना गर्दै अगाडी बढ्नको लागि बजेटमा व्यवस्था गरिएको छ। **पर्यटन प्रवर्द्धन तथा महोत्सव संचालनको लागि रू. ५ लाख** बजेट विनियोजन गरिएको छ।
- पर्यटन पूर्वाधार विकास आयोजना अन्तर्गत सेतिदोभान प्रहरी चौकीदेखि साधना गार्डेन जाने पदमार्ग तथा दृश्य अवलोकन टावर निर्माणको लागि **रु. १० लाख** बजेट विनियोजन गरिएको छ।
- गाउँपालिका क्षेत्र भित्र रहेका महत्वपुर्ण पर्यटकीय स्थलहरूको पर्यटकीय पूर्वाधार विकासको लागि **रु. २० लाख** बजेट विनियोजन गरिएको छ।
- पर्यटन उद्योगलाई प्रोत्साहन गर्दै गाउँपालिका भित्र संचालनमा रहेका होमेस्टे प्रवर्द्धनको लागि एवं नयाँ ठाउँको सम्भाव्यताको लागि बजेटमा व्यवस्था गरिएको छ।
- ट्रेकिङ पर्यटनलाई प्रवर्द्धन गर्न **सिरुवारि - गोरुजुरे - अन्धाअन्धी - श्रवणकुमार - पंचासे पर्यटन रुट पहिचान** गरिनेछ। डहरे देउरालीको विस्तृत परियोजना तयारी एवं डहरे लेकलाई जंगल पार्कको रूपमा विकासको लागि **रु. ३ लाख** बजेट विनियोजन गरिएको छ।
- **जाऊँ है अन्धाअन्धी श्रवणकुमार** प्रचार प्रसार प्रवर्द्धन कार्यक्रम गर्नको लागि **रु. ५ लाख** बजेटमा व्यवस्था गरिएको छ।
- आँधीखोला गाउँपालिका भित्रका संभाव्य पर्यटकीय क्षेत्रहरूको जगेर्ना गर्न आन्तरिक पर्यटन प्रवर्द्धनको लागि **रु. ५ लाख** बजेट विनियोजन गरिएको छ।

प्रधानमन्त्री रोजगार कार्यक्रम तथा गरिबी निवारण

- युवा रोजगारीको लागि रूपान्तरण पहल एवम् रोजगार तथा खाद्यान्नको लागि काम र विपन्न श्रमिकको लागि काम कार्यक्रमको लागि **रु. ३१ लाख ५१ हजार** बजेट विनियोजन गरिएको छ।
- प्रधानमन्त्री रोजगार कार्यक्रमलाई सीपयुक्त दक्ष जनशक्ति, रोजगारीको क्षेत्र र रोजगारसँग सम्बन्धित अन्य कार्यक्रमसँग आवद्द गरी यथार्थ उत्पादनमुलक रोजगारी सृजना गर्न **रु. १० लाख ४८ हजार** बजेट विनियोजन गरिएको छ।
- रोजगार केन्द्र सुदृढीकरण तथा सञ्चालन खर्च, जनशक्ति परिचालनको सामाग्रीको लागि **रु. १७ लाख १ हजार** बजेट विनियोजन गरिएको छ।
- वैदेशिक रोजगारीलाई व्यवस्थित एवं सुरक्षित गर्नका लागि सुरक्षित आप्रवासन कार्यक्रम (सामी) कार्यक्रमका लागि रोजगार प्रवर्द्धन कार्यक्रम अन्तर्गत **रु. ४ लाख ४७ हजार** बजेट विनियोजन गरिएको छ।
- आप्रवासी स्रोत केन्द्रको कार्यालय संचालन/कर्मचारी भ्रमण खर्च/शिरोभार खर्च र रिटर्नी स्वयंम सेवक परिचालनको लागि **रु. २० लाख ४१ हजार** बजेट विनियोजन गरिएको छ।

प्रधानमन्त्री रोजगार कार्यक्रमको लागि कुल बजेट **रू. ५९ लाख** र रोजगार प्रवर्द्धन कार्यक्रमको लागि **रु. २४ लाख ८८ हजार** बजेट विनियोजान गरिएको छ।

सामाजिक क्षेत्र

स्वास्थ्य

जनताको आधारभूत आवश्यकताको रूपमा रहेको स्वास्थ्य क्षेत्रमा जनताको सरल र सहज पहुँच कायम गर्न बजेटमा समावेश गरिएको छ।

- संघीयता लागू भइ कार्यान्वयन भइरहेको अवस्थामा स्थानीय तहले पनि स्वास्थ्य सेवा लगायत सामाजिक सेवाको वहन गर्ने कार्यलाई निरन्तरता दिँदै स्वास्थ्य सेवालाई सबै नागरिकको सर्वसुलभ पहुँचमा पुऱ्याउन बजेटमा समावेश गरिएको छ।
- स्वास्थ्य सेवा सबैको नागरिकको समान्तर पहुँच होस भनी यस गाउँपालिका भित्रका अतिविपन्न घर परिवार र एकल महिला घरमूलि भएका परिवारको लागि स्वास्थ्य बिमा सेवामा आवद्ध गराउनको लागि **रु. १० लाख** बजेट विनियोजन गरिएको छ।
- समय समयमा आउने महामारी तथा कीटजन्य रोगहरूको रोकथाम, नियन्त्रण तथा व्यवस्थापनको लागि **रु. ५ लाख** बजेट विनियोजन गरिएको छ।
- गुणस्तरीय आधारभुत स्वास्थ्य सेवा सबै नागरिकले पाउने गरी माग र आवश्यकताका आधारमा

निःशुल्क औषधीजन्य सामाग्री वितरणको लागि **रु. २३ लाख ७५ हजार** बजेट विनियोजन गरिएको छ।

- स्वास्थ्य केन्द्र/ चौकीको सुदृढिकरणक, उपकरण र जनशक्तिको उच्चतम् उपयोग गरी गुणस्तरीय सेवा प्रवाह गराउन **रु. १० लाख** विनियोजन गर्नुका साथै पूर्वाधार विकास र विस्तारलाई सुरक्षित तथा आधुनिकीकरण बनाउँदै स्वास्थ्य सेवाको पूर्वाधार विकास र विस्तारलाई सुरक्षित तथा आधुनिकीकरण बनाउँदै निर्माण सम्पन्न बाङ्सिङ् स्वास्थ्य चौकीको घेराबार निर्माणको लागि **रु. ५० लाख** बजेट विनियोजन गरिएको छ।
- स्वास्थ्य प्रवर्द्धन कार्यक्रम मार्फत जेष्ठ नागरिक, असहाय जनतालाई घर घरमै स्वास्थ्य सेवा उपलब्ध गराउने कार्यक्रमलाई निरन्तरताको लागि श्रवणकुमार जेष्ठ नागरिक गाउँघर क्लिनिक सञ्चालन गर्न **रु. १२ लाख** बजेट विनियोजन गरिएको छ।
- महिला स्वास्थ्य स्वयंसेविकाले गाउँपालिकाको स्वास्थ्य क्षेत्रमा पुऱ्याउनु भएको योगदानको कदर गर्दै महिला स्वास्थ्य स्वयंसेविका प्रोत्साहन तथा सम्मानजनक बिदाइ, महिला स्वास्थ्य स्वयंसेविका पोसाक यातायात खर्च, वार्षिक समीक्षा गोष्ठी र दिवस मनाउन लागि **रु. १९ लाख** बजेट विनियोजन गरिएको छ।
- सामाजिक, आर्थिक तथा मानवीय विकासका साथै दिगो विकास लक्ष्य प्राप्त गर्न गर्भवती, सुत्केरी, शिशु तथा बालबालिकाको स्वास्थ्य प्रर्वद्धनको लागि साहना प्रधान महिला स्वास्थ्य सुधार तथा सुत्केरी प्रोत्साहन एवम् नवजात शिशु पोषण कार्यक्रमको लागि **रु. ८ लाख** बजेट विनियोजन गरिएको छ।
- दैनिक स्वास्थ्य सेवा प्रवाह साथै अहोरात्र महामारी जन्य रोगहरूको व्यवस्थापनमा खटिने स्वास्थ्य कर्मीलाई सम्मान तथा प्रोत्साहन, प्राथमिक स्वास्थ्य सेवाका कर्मचारीको तलब, भत्ता तथा प्रशासनिक खर्चको लागि **रु. २ करोड २० लाख** बजेट विनियोजन गरिएको छ।
- उपचारात्मक सेवाको लागि स्वास्थ्य संस्थाहरूको अभिभुखिकरण, समीक्षा, फलोअप, अनुगमन तथा सुदृढिकरणक र आँखा, नाक, कान, घाँटी तथा मुख स्वास्थ्य सम्बन्धी कार्यक्रमका लागि **रु. २ लाख २५ हजार** बजेट विनियोजन गरिएको छ।
- महामारी जन्य रोगहरूको नियन्त्रण, स्वास्थ्य शिक्षा, सूचना तथा सञ्चारको लागि विद्यालय स्वास्थ्य शिक्षा/आमा समुह तथा महिला स्वास्थ्य स्वयं सेविकाहरूको लागि सामाजिक व्यवहार परिवर्तन, सुर्तिजन्य पदार्थ तथा मद्यपान न्यूनिकरण सम्बन्धी कार्यक्रम सञ्चालनको लागि **रु. २ लाख** विनियोजन गरिएको छ।
- स्वास्थ्य व्यवस्थापनको लागि स्वास्थ्य संस्थाहरूको सेवाको समीक्षा, स्वास्थ्य सूचना व्यवस्थापन प्राणालीको सुदृढिकरण र भ्याक्सिनको डिजिटलाइजेसन तथा क्यु.आर. कोड प्रमाणिकरण

व्यवस्थापनको लागि **रु. ३ लाख** विनियोजन गरिएको छ।

- परिवार नियोजन, किशोर किशोरी तथा प्रजनन् स्वास्थ्य, मातृ तथा नबशिशु (वालस्वास्थ्य) लागि आमा सुरक्षा, गर्भवती, रक्तसंचार, उत्प्रेरणा सेवा, न्यानो झोला र निःशुल्क गर्भपतन, Inj. Oxytocin भण्डारनका लागि ILR Refrigerator खरिद, कोभिड-१९ विरुद्धको खोप अभियान तथा बुष्टर खोप, नियमित खोप सुद्धढीकरण, पुर्णखोप दिगोपना र प्रजनन स्वास्थ्य समस्याः आङ खस्ने, फिस्टुलाको समस्या, पाठेघरको मुखको क्यान्सर तथा स्तन क्यान्सरको प्रारम्भिक जाँच, परामर्श तथा प्रेषण गर्ने व्यवस्था लागि **रु. ४१ लाख** विनियोजन गरिएको छ।
- पोषण विशेष स्वास्थ्य क्षेत्रका कार्यक्रम संचालन गर्न **रु. १ लाख ५० हजार** विनियोन गरिएको छ।
- क्षयरोग रोकथाम तथा नियन्त्रणको लागि **रु. २ लाख** बजेट विनियोजन गरिएको छ।
- शारीरिक र मानसिक स्वास्थ्यलाई ध्यान दिँदै योग सम्बन्धी र मनोपरामर्श कार्यक्रम र नागरिक आरोग्य केन्द्रको संचालन तथा व्यवस्थापन (आयुर्वेद औषधी खरिद) गर्नको लागि **रु. ५ लाख** विनियोजन गरिएको छ।
- खोप क्लिनक, गाउँघर क्लिनिक, आमा समूह बैठकहरूमा स्वास्थ्य सेवा प्रवाह गर्न खटिने कर्मचारीहरूको लागि विशेष प्रोत्साहन साथ यातायात खर्चको लागि **रु. ५ लाख** विनियोजन गरिएको छ।
- सेतिदोभानमा निर्माणाधीन अस्पताल भवन निर्माण कार्य सम्पन्न गर्न पहल गरिनुका साथै पालिका स्तरीय १० शैया अस्पताल संचालन र व्यवस्थापनको लागि बजेटमा व्यवस्था गरिएको छ।
- सम्पूर्ण नागरिकहरूलाई सहुलियतमा एम्बुलेन्स सेवा उपलब्ध गराउन एम्बुलेन्सको व्यवस्थापनको लागि बजेटमा व्यवस्था गरिएको छ।
- विभिन्न संघ संस्था तथा अस्पतालहरूको सहकार्यमा विभिन्न रोगहरूको स्वास्थ्य शिविर सञ्चालन गर्न बजेटमा व्यवस्था गरिएको छ।

स्वास्थ्य क्षेत्रको समग्र विकासका लागि **रु. ४ करोड १९ लाख ५० हजार** बजेट विनियोजान गरिएको छ।

शिक्षा

शिक्षा क्षेत्रमा सकारात्मक, गुणात्मक, नतिजामुलक र परिवर्तनको प्रत्यक्ष अनुभूति हुने गरी आगामी आ.व. २०७९/८० लाई **शैक्षिक गुणस्तर सुदृढीकरण अभियान वर्ष**को रूपमा मनाइने कार्यक्रमअनुसार शिक्षा क्षेत्रमा देहायबमोजिम पर्याप्त बजेट विनियोजन गरिएको छ।

- भौगोलिक कठिनाई तथा आवतजावतका कारण अप्ठ्यारोमा परेका विद्यार्थीलाई विद्यालयमा सहज

पहुँच सुनिश्चित गर्नको लागि **आवासिय विद्यालय सञ्चालन गर्ने नीति** बमोजिम **जनप्रदिप माध्ममिक विद्यालमा आवसिय विद्यालय निर्माणको लागि रु. २ करोड ५० लाख** बजेट विनियोजन गरिएको छ।

- राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम अन्तर्गत **जनप्रदीप माध्यमिक विद्यालय, जनप्रिय माध्यमिक विद्यालय, भगवती माध्यमिक विद्यालय र गुरुकूल वेदविद्याश्रम माध्यमिक विद्यालयको लागि ४ कोठे भवन** निर्माण कार्यलाई गुणस्तर कायम गर्दै पूर्णता दिनको लागि शशर्त अनुदानको रूपमा प्राप्त रकम न्युन हुने हुदाँ सो कार्यका लागि थप **रु. १ करोड २० लाख** बजेट विनियोजन गरिएको छ।
- त्रि-शहिद नमुना माध्यमिक विद्यालयमा नमुना विद्यालय विकास कार्यक्रम अन्तर्गत प्राविधिक धार समेतका कक्षालाई फाइदा पुग्ने गरी निर्माणधिन अवस्थामा रहेको **छात्रावासलाई सम्पन्न गर्नको लागि थप रु. ९० लाख** बजेट विनियोजन गरिएको छ।
- आधारभूत र माध्यमिक तहका स्वीकृत दरबन्दीका शिक्षक तथा राहत अनुदान शिक्षकको तलव भत्ता र प्रारम्भिक बाल विकास सहजकर्ता तथा विद्यालय कर्मचारीको पारिश्रमिक लागि **रु. ११ करोड ९६ लाख २२ हजार** बजेट विनियोजन गरिएको छ।
- प्रारम्भिक वाल विकास केन्द्रका सहजर्कता तथा विद्यालय कर्मचारीलाई न्यूनतम पारिश्रमिक उपलब्ध सुनिश्चित गर्ने नीति बमोजिम **प्रारम्भिक वाल विकास केन्द्रका सहजर्कता तथा विद्यालय कर्मचारीको पारिश्रमिक वापत रु. ७५ लाख** बजेट विनियोजन गरिएको छ।
- माध्यमिक तह कक्षा (९-१०) तथा आधारभूत तह कक्षा (६-८) मा **अंग्रेजी, गणित र विज्ञान** विषयको विषयगत शिक्षक दरबन्दीको कमीले शिक्षण सिकाई क्रियाकलापमा परेको बाधा अन्त्य गर्न अंग्रेजी, गणित र विज्ञान शिक्षण सहयोग अनुदानका लागि **रु. २६ लाख ४१ हजार** बजेट विनियोजन गरिएको छ।
- **अध्यक्ष शैक्षिक सुधार कार्यक्रम** अन्तर्गत सामुदायिक विद्यालयका पुर्व प्राथमिक तहदेखि कक्षा ५ सम्मका विद्यार्थीहरूको लागि अङ्ग्रेजी माध्यमका पाठ्यपुस्तक निःशुल्क वितरण गर्न **रु. ८ लाख** बजेट विनियोजन गरिएको छ।
- सरकारी सेवामा प्रवेश गर्न चाहने यस गाउँपालिकाका नागरिकहरूलाई उत्प्रेरित गरी वढीभन्दा बढी सरकारी सेवामा प्रवेश गराउने उद्देश्यका साथ **लोकसेवा आयोग र शिक्षा सेवा आयोग कक्षा सञ्चालनको लागि रु. २ लाख** बजेट विनियोजन गरिएको छ।
- विद्यालयमा प्राविधिक शिक्षा र प्रविधि मैत्री शिक्षालाई जोड दिन अध्यक्ष शैक्षिक सुधार कार्यक्रम अन्तर्गत माध्यमिक **विद्यालयमा कम्प्युटर शिक्षक तलव** अनुदानको लागि **रु. ३ लाख** बजेट विनियोजन गरिएको छ।

- खेल्दै सिक्दै कार्यक्रमलाई सार्थकता दिन अध्यक्ष शैक्षिक सुधार कार्यक्रम अन्तर्गत प्रारम्भिक बाल विकास केन्द्रको कक्षा कोठा सुधार गर्न **रु. ४ लाख** बजेट विनियोजन गरिएको छ।
- विद्यार्थीमा रहेको अन्तरनिहित क्षमता प्रस्फुटन गरी विद्यार्थीलाई सृजनात्मक र रचनात्मक बनाउने उदेश्यका साथ गाउँपालिका भित्रका विद्यार्थीहरूको बीचमा विभिन्न अतिरिक्त क्रियाकलाप सञ्चालन गर्नको लागि **अध्यक्ष शैक्षिक सुधार अतिरिक्त क्रियाकलाप सञ्चालन**को अन्तर्गत **रु. ४ लाख** बजेट विनियोजन गरिएको छ।
- सार्वजनिक विद्यालयका विद्यार्थीहरूलाई निःशुल्क पाठ्यपुस्तक वितरण गर्न **रु. १६ लाख ९५ हजार** बजेट विनियोजन गरिएको छ।
- विद्यार्थीहरूलाई सामुदायिक विद्यालयमा आकर्षण गरी बालपोषणको अवस्थामा सुधार **ल्याउन कक्षा १ देखि ६ सम्म** अध्ययन गर्ने विद्यार्थीहरूको लागि दिवा खाजा कार्यक्रमको लागि **रु. ४१ लाख ५५ हजार** बजेट विनियोजन गरिएको छ।
- **सामुदायिक विद्यालयको संस्थागत क्षमता विकास तथा परीक्षा सञ्चालन एवम् विद्यार्थी मुल्याङ्कन** कार्यलाई व्यवस्थित र प्रभावकारी बनाउन **रु. १२ लाख** बजेट विनियोजन गरिएको छ।
- विद्यालय सञ्चालन तथा व्यवस्थापनका गतिविधिहरू थप व्यवस्थित र प्रभावकारी बनाउनको लागि **विद्यालय सञ्चालन तथा व्यवस्थापन अनुदानमा रु. २८ लाख ९ हजार** बजेट विनियोजन गरिएको छ।
- प्रति विद्यार्थी लागतका आधारमा शिक्षण सिकाइ सामग्री एवम् कक्षा ८ को परीक्षा व्यवस्थापनको लागि **रु. ७ लाख ९१ हजार** बजेट विनियोजन गरिएको छ।
- विद्यालयमा शैक्षिक गुणस्तर कायम गर्न विज्ञान प्रयोगशाला निर्माण तथा स्थापना, ICT ल्याव सञ्चालन तथा पुस्तकालय निर्माणका साथै कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदानको लागि **रु. ६९ लाख** बजेट विनियोजन गरिएको छ।
- सामुदायिक विद्यालयमा अध्ययनरत किशोरअवस्थाका छात्राहरूलाई महिनावारीका समयमा समेत नियमित विद्यालय उपस्थित गराउनक निशुल्क सेनिटरी प्याड वितरणको लागि **रु. ७ लाख २३ हजार** बजेट विनियोजन गरिएको छ।
- सार्वजनिक विद्यालयमा अध्ययनरत विद्यार्थीहरूलाई छात्रवृत्तिको लागि **रु. ६ लाख ७६ हजार** बजेट विनियोजन गरिएको छ।
- शैक्षिक पहुँच सुनिश्चितता, अनौपचारिक तथा वैकल्पिक शिक्षा कार्यक्रम अन्तर्गत गुरुकूल वेदविद्याश्रम माध्यमिक विद्यालय तथा पञ्चमूल सामुदायिक सिकाई केन्द्र र अन्धाअन्धी सामुदायिक सिकाई केन्द्रको लागि **रु. १४ लाख** बजेट विनियोजन गरिएको छ।
- त्रि शहिद नमुना माध्यमिक विद्यालयको क्रमागत भवन निर्माण तथा प्राविधिक धार तर्फको ल्याव

व्यवस्थापन अनुदानका लागि **रु. ५० लाख** बजेट विनियोजन गरिएको छ।

- शिक्षामा नविन प्रविधिको प्रयोग गर्न सक्ने सक्षम सवल र प्रतिस्पर्धी तथा व्यवसायिक शिक्षक विद्यालय कर्मचारी तथा वाल विकास सहजकर्ता शिक्षकको क्षमता अभिवृद्धिका लागि विभिन्न तालिम सञ्चालनको लागि **रु. ४ लाख** बजेट विनियोजन गरिएको छ।
- परम्परागत परीक्षा प्रणालीमा सुधार तथा परीक्षा सञ्चालन तथा व्यवस्थापन कार्यलाई प्रभावकारी वनाउन **रु. १ लाख ५० हजार** बजेट विनियोजन गरिएको छ।
- गरिव तथा जेहेन्दार विद्यार्थीलाई हौसला प्रदान गरी शिक्षण सिकाईमा उनीहरूलाई उत्प्रेरित गर्न उत्कृष्ट विद्यार्थी सम्मान तथा छात्रवृत्ति कार्यक्रमको लागि **रु. २ लाख** बजेट विनियोजन गरिएको छ।
- स्थानीय भाषा, धर्म, संस्कृति, रितिरिवाज, नैतिकता, उद्यमशीलता, भौगोलिक तथा ऐतिहासिक अवस्था श्रमको सम्मान, कानुनी विषय जस्ता विषयवस्तुको पठनपाठन गर्ने हेतुले **स्थानीय पाठ्यक्रम निर्माण विकास तथा कार्यान्वयनका लागि रु. ५ लाख** विनियोजन गरिएको छ।
- शैक्षिक सुधारका विभिन्न विषयमा **प्रधानाध्यपकसँगको छलफल तथा अन्तर्क्रियाको लागि रु. ३ लाख ३६ हजार** बजेट विनियोजन गरिएको छ।
- विद्यालयमा गर्नुपर्ने स-साना मर्मत कार्यलाई सम्बोधन गर्नको लागि **विद्यालय मर्मत कार्यक्रम सुधार अन्तर्गत रु. ५ लाख** विनियोजन गरिएको छ।
- शैक्षिक गतिविधिलाई समयबद्ध, नियमित र योजनावद्ध तरिकाले सञ्चालनको लागि मार्गदर्शन गर्ने **शैक्षिक योजना निर्माणको लागि रु. २ लाख** विनियोजन गरिएको छ।
- आवश्यकता र औचित्यका आधारमा **विद्यालय समायोजन तथा एकीकरण नया विद्यालय स्थापना शिक्षक दरबन्दी व्यवस्थापन कक्षा थप घटको लागि कार्यक्रम सञ्चालनको लागि रु. २ लाख** विनियोजन गरिएको छ।
- विद्यालयमा सञ्चालन हुने वार्षिक कार्यक्रमहरूलाई नियमित र प्रभावकारी बनाउन **शैक्षिक कार्यपात्रो निर्माणको लागि रु. २ लाख** विनियोजन गरिएको छ।
- सकारात्म सोच, मैत्रीपूर्ण व्यवहार, श्रमको सम्मान, अनुशासन, नैतिकता, मर्यदा जस्ता मानवीय मूल्य मान्यता कायम गर्ने विषयमा उत्प्रेणा जगाउन **विद्यार्थीसँग विज्ञ कार्यक्रमको लागि रु २ लाख** विनियोजन गरिएको छ।
- विद्यालयको समग्र पक्षको विकासमा नेतृत्वदायी भुमिकामा रहेका **विद्यालय व्यवस्थापन समिति तथा शिक्षक अभिभावक संघ**का पदाधिकारीको **क्षमता विकासका लागि रु. २ लाख** बजेट विनियोजन गरिएको छ।
- कोभिड १९ का कारण पुगेको **शैक्षिक क्षति परिपुरण**का विभिन्न कार्यक्रम सञ्चालन गर्नको लागि

रु. १ लाख ५२ हजार बजेट विनियोजन गरिएको छ।

- **उच्च शिक्षामा सबैको पहुँच अभिवृद्धि** गर्न हाल सञ्चालनमा रहेका क्याम्पसहरूलाई भौतिक तथा शैक्षिक सुदृढीकरणको लागि **रु. ३ लाख** बजेट विनियोजन गरिएको छ।

शिक्षा क्षेत्रको समग्र विकासका लागि **रु. २० करोड ६७ लाख ४९** हजार बजेट विनियोजान गरिएको छ।

सामाजिक संरक्षण, जेष्ठ नागरिक, महिला तथा बालबालिका

- जेष्ठ नागरिकले देश, समाजलाई पुऱ्याउनु भएको योगदानको उच्च मूल्याङ्कन गर्दै **जेष्ठ नागरिक सम्मान कार्यक्रम**को लागि **रु. ५ लाख** बजेट विनियोजन गरिएको छ।
- गाउँपालिका भित्र रहेका सबै आमा समूहको नेतृत्व तथा क्षमता विकास, क्रियाशिलता अभिवृद्धि तथा प्रोत्साहनको लागि **रु. ८ लाख** बजेट विनियोजन गरिएको छ।
- दलित, जनजातिको उत्थान, विकास तथा सम्बर्द्धनको लागि **दलित जनजाति सचेतना कार्यक्रम**को लागि **रु. ४ लाख** बजेट विनियोजन गरिएको छ।
- हिंसामा परेका लैङ्गिक समुदायलाई उत्थानको लागि आँधीखोला गाउँपालिकामा लैङ्गिक हिंसा निवारण कोष बनाउन **रु. १ लाख** बजेट विनियोजन गरिएको छ।
- महिला तथा बालबालिकाको क्षमता अभिवृद्धि, शसक्तिकरण र एकल महिला प्रोत्साहन कार्यक्रमको लागि **रु. ५ लाख** बजेट विनियोजन गरिएको छ।
- आफ्नो हेरचाह आफै गर्न नसक्ने वा श्रम गर्न नसक्ने अशक्त तथा असहाय अपाङ्गता भएका व्यक्ति, महिला बालबालिकाको सहायता सामग्री वितरणको लागि **रु. ४ लाख** बजेट विनियोजन गरिएको छ।
- बालश्रम, बहुविवाह, लैङ्गिक हिंसा छुवाछूत लगायतका सामाजिक विभेद विरुद्धको सचेतना कार्यक्रमको लागि **रु. ५ लाख** बजेट विनियोजन गरिएको छ।
- बालबालिकाको प्रतिभा विकास, मनोरञ्जनका लागि **बाल विकास कार्यक्रम** अन्तर्गत **रु. ५ लाख** बजेट विनियोजन गरिएको छ।
- गाउँपालिकाका भित्रका वृद्धवृद्धा एकल महिला अपाङ्ग दलित बालबालिका लाई सामाजिक सुरक्षा वितरण गर्न नेपाल सरकारले तोके बमोजिमको बजेट व्यवस्था गरिएको छ।
- जीवन स्तर अत्यन्त कमजोर भएका नागरिकको लागि सहयोगको लागि बजेट विनियोजन गरिएको छ।
- गाउँपालिका भित्रका विपन्न तथा गरीब घरपरिवारको लागि तत्काल सहायतका लागि अन्य सामाजिक सहायता अन्तर्गत **रु. ५ लाख** बजेट विनियोजन गरिएको छ।

सडक/गोरेटो बाटो पूर्वाधार

भौगोलिक आबद्धता कायम गर्न, कृषि तथा उद्योग व्यवसायको विकास गर्न, आर्थिक वृद्धि हासिल गर्न सघाउ पुग्ने गरी सडक क्षेत्रमा बजेट विनियोजन गरेका छौं।

- गाउँपालिकाको नीति तथा कार्यक्रम अन्तर्गत गाउँपालिकाको केन्द्र देखि सबै ६ वटै वडा कार्यालयहरूमा पुग्ने बाटो स्तरोन्नती तथा पिच गर्ने लक्ष्यअनुसार अगाडी बढेका छौं। सोहीअनुसार गाउँपालिकाको वडा नं. ४ जोड्ने सेपत भर्स्याङ बाड्सिङ् पञ्चासे बाटो (गत आ.व. को बहुवर्षीय आयोजनाको दायित्व) को लागि संघीय सरकारको साझेदारीमा गाउँपालिकाको समेत गरी **रु. ३ करोड ५ लाख** बजेट विनियोजन गरिएको छ।
- अन्तर्पालिका सडक सञ्जालको रूपमा रहेको सेतीदोभान सिम्खेत सडकको स्तरोन्नतिको काम सम्पन्नताको लागि **रु. ३५ लाख** बजेट विनियोजन गरिएको छ।
- वडा नं. ५ स्थित गाबाटे नाच्नेडाडा सडक स्तरोन्नतिको लागि **रु. १ करोड ३० लाख** बजेट विनियोजन गरिएको छ।
- वडा नं. २ स्थित जरेखोला भण्डारथुम्का मडुवा ग्रामिण सडक स्तरोन्नतिका लागि **रु. १ करोड ६० लाख** बजेट विनियोजन गरिएको छ।
- संघीय सरकारको साझेदारीमा गाउँपालिकाको समेत गरी जुग्ले गोगनपानी सडक निर्माणको लागि **रु. २ करोड** बजेट विनियोजन गरिएको छ।
- सडक बोर्ड नेपाल अन्तरगत वडा नं. २ मा रहेको **कालीखोला स्वास्थ्य चौकी सिहाले खोल्सी सडक** स्तरोन्नतिको लागि **रु. २६ लाख** बजेट विनियोजन गरिएको छ।
- बाटो मर्मत सम्भारको लागि **रु. ३० लाख** बजेट विनियोजन गरिएको छ।
- नमुना सडक योजनाको लागि **रु. ३० लाख** बजेट विनियोजन गरिएको छ।
- छहरे रङ्गुवा बाँगे कालाभैरव थान हुँदै पञ्चासे जाने पैदलमार्ग निर्माणको लागि **रु. १ करोड** बजेट विनियोजन गरिएको छ।
- सघन सहरी विकास कार्यक्रम अन्तर्गत सम्धीखोला पुलको मुख-सम्धीखोला-पोखरीडाँडा जोड्ने मोटरबाटो स्तरोन्नतिको लागि **रु. ४९ लाख** बजेट विनियोजन गरिएको छ।
- निर्मित सडकको मर्मत सम्भारका लागि Length Worker को पारिश्रमिक तथा औजार खरिद कार्यको लागि लागि **रु. ५ लाख** बजेट विनियोजन गरिएको छ।

आँधीखोला गाउँपालिकाले आ.व. २०७९/०८० को लागि सबै वडालाई दिएको सिलिङ अनुसार छनौट भई प्राप्त हुन आएका पूर्वाधार विकासका कार्यक्रमहरू देहाय अनुसार हुने गरी बजेट विनियोजन गरिएको छ-

आँधीखोला गाउँपालिकाको वडा नं. १ अन्तर्गत

- बेझाङ ठाडो बाटो निर्माणको लागि **रु. २ लाख**
- छहरामाथी भुषाल प्रतिक्षालय सम्मको गोरेटो बाटो निर्माणको लागि **रु. २ लाख**
- स्कुल देखी वज्यनिडाँड देखी कुल मन्दिर हुँदै डहरेदेउराली पैदल मार्ग निर्माणको लागि **रु. २ लाख**
- तल्लाथर जाने भल पानी नियन्त्रण तथा गोरेटो बाटो निर्माणको लागि **रु. २ लाख**
- हिले ढकालथोक त्रिवेणी दत्तेलोटे मोटरबाटो स्तर उन्नतीको लागि **रु. १० लाख**

आँधीखोला गाउँपालिकाको वडा नं. २ अन्तर्गत

- बोझाबाट दलीतवस्ती जाने मोटरबाटो निर्माणको लागि **रु. ५ लाख**
- शितखोला ठुल्ढुङ्गा गोरेटोबाटो निर्माणको लागि **रु. २ लाख**
- झ्यापेटारी पुलको मुख गोरेटो बाटो निर्माणको लागि **रु. १ लाख**
- रातामाटा गोरेटो बाटो निर्माणको लागि **रु. २ लाख**
- काफलटारी घडेरी गोरेटो बाटो निर्माणको लागि **रु. २ लाख**
- दोविल्ला देखी कोइराले सम्म गोरेटोबाटो तथा तारवार निर्माणको लागि **रु. १ लाख**
- थुमखोला देखी कालीखोला सम्म मोटरबाटो स्तरउन्नती निर्माणको लागि **रु. २ लाख**
- डहरे प्रा.वि. देखी साउनेपानी गोरेटोबाटो निर्माणको लागि **रु. २ लाख**
- सिरसिरेबाट ब्याडको पुछारसम्म गोरेटो बाटो निर्माणको लागि **रु. १ लाख**

आँधीखोला गाउँपालिकाको वडा नं ३ अन्तर्गत

- पाखीबोट राष्ट्रिय मा बि हुदै वडा कार्यालय सम्म मोटरबाटो निर्माणको लागि **रु. ५ लाख**
- पाल्लिखेत देखी मनकामना मन्दिर जाने गोरेटोबाटो निर्माणको लागि **रु. १ लाख**
- मजुवादेखी राष्ट्रिय मा वि सम्म गोरेटो बाटो निर्माणको लागि **रु. १ लाख ५० हजार**
- मोहनचेस देखी तिवारी गाउँ सम्मको मोटरबाटो निर्माणको लागि **रु. १ लाख**
- काहुरेडाँडा माझखेत गोरेटोबाटो निर्माणको लागि **रु. २ लाख**
- पुर्कट धाङ्गधुङ्ग अन्धाअन्धी मा वि सम्म गोरेटो बाटो निर्माणको लागि **रु. १ लाख**
- बासेडाँडा सालघारी गोरेटोबाटो निर्माणको लागि **रु. १ लाख**
- दोविल्ला घुमाउने चौपारी पत्यान सम्म गोरेटो बाटो मर्मतको लागि **रु. १ लाख**
- सल्लेडाँडादेखि काभ्रे पोखरी सम्म गोरेटो बाटो निर्माणको लागि **रु. १ लाख**
- डाडाको फेर साहुडाँडा हुदै पत्यानसम्म गोरेटो बाटो निर्माणको लागि **रु. १ लाख ५० हजार**

- मोटरबाटो देखि सिराने घर हुदै ध्रुवेको घडेरे सम्म गोरेटो बाटो निर्माणको लागि **रु. २ लाख**
- पत्यार रातामाटा गोरेटो बाटो निर्माणको लागि **रु. १ लाख ५० हजार**

आँधीखोला गाउँपालिकाको वडा नं. ४ अन्तर्गत

- वैडाघाट रिमालस्वारा श्रवणकुमार पंचासे मोटरबाटो निर्माणको लागि **रु. ५ लाख**
- लौसीबोट गोरेटोबाटो निर्माणको लागि **रु. २ लाख**
- रानाभाट चोक पुलको मुख गोरेटो बाटो निर्माणको लागि **रु. २ लाख**
- रोलको डिलदेखी ढाडखर्क गोरेटोबाटो निर्माणको लागि **रु. १ लाख**
- लाम्चे ढुंगा पिङ्गहाले गोरेटोबाटो निर्माणको लागि रु. **२ लाख**
- रिमालस्वारा गोरेटोबाटो निर्माणको लागि **रु. २ लाख**
- ओडार मूलावारी कोठी मोटरबाटो स्तरोन्नतिको लागि **रु. ३ लाख**
- नारीकोट गोरेटो बाटो निर्माणको लागि **रु. २ लाख**
- पिप्लेदेखी वाङ्गेटारी हुदै कट्टी सम्म गोरेटोबाटो (ठाडस्वारादेखी हेल्थपोष्ट गोरेटोबाटो) निर्माणको लागि **रु. २ लाख ५० हजार**
- सेपत अर्गादी कमेरे रिमालस्वारा मोटरबाटो निर्माणको लागि **रु. २ लाख ५० हजार**

आँधीखोला गाउँपालिकाको वडा नं. ५ अन्तर्गत

- शिवजी मार्ग मोटर बाटो मर्मत सम्भारको लागि **रु. २ लाख ५० हजार**
- राहुल डाँडा गौँडे मोटरबाटो स्तरोन्नतिको लागि **रु. १ लाख**
- आरुबोट सल्लाघारी जाने गोरेटोबाटो निर्माणको लागि **रु. २ लाख**
- खौरेटा मोटरबाटो निर्माणको लागि **रु. ३ लाख**
- आईते खोला स्यानी बराये मोटरबाटो स्तरोन्नतिको लागि **रु. ३ लाख**
- छहरे गहतेरा मोटरबाटो निर्माणको लागि **रु. ५ लाख**
- निन्देखोलाबाट थानीको थानसम्म जाने गोरेटोबाटो निर्माणको लागि **रु. १ लाख**
- कृषि अगजन देवकोटा थर मोटरबाटो स्तरोन्नतिको लागि **रु. ३ लाख**
- भङ्याङ गहते निस्ती मोटरबाटो स्तरोन्नतिको लागि **रु. ३ लाख**
- भङ्याङ निस्ति कृषि वेसी मोटरबाटो निर्माणको लागि **रु. ४ लाख**
- डाँडाथर मोटरबाटो निर्माणको लागि **रु. ३ लाख**
- गहिराबाट जय ब.थापाको घरसम्म जाने गोरेटोबाटो निर्माणको लागि **रु. १ लाख**

आँधीखोला गाउँपालिकाको वडा नं ६ अन्तर्गत

- फापरथुम टोलमा काउले गोरेटो बाटो लागि **रु. ५ लाख**
- सम्धीखोला मोटर बाटो निर्माण योजनाको लागि **रु. २ लाख**
- छापा सिम्ले मोटर बाटो योजनाको लागि **रु. २ लाख**
- निबुवाबोट टोलमा सुन्टारी गोरेटो बाटो निर्माणको लागि **रु. १ लाख**
- द्राद्रा चिलाउने खर्क गोरेटो बाटो निर्माणको लागि **रु. १ लाख**
- थुम्का द्राद्रा गोरेटो बाटो निर्माणको लागि **रु. २ लाख**
- पातीखोला मोटर बाटो योजनाको लागि **रु. २ लाख**
- कोलट पैनीवारी गोरेटो बाटो निर्माणको लागि **रु. १ लाख**
- ठकुरी टोल गोरेटो बाटो निर्माणको लागि **रु. १ लाख**
- डाँडाथर वि.क. टोल गोरेटो बाटो निर्माणको लागि **रु. १ लाख ५० हजार**
- अम्बोट मोटर बाटो योजनाको लागि **रु. १ लाख ५० हजार**
- टिकाजा टोलमा पण्डितको चौतारा सामुदायिक भवन गोरेटो बाटो निर्माणको लागि **रु. १ लाख**
- टिकाजा टोलमा सामुदायिक भवन वि.क. टोल गोरेटो बाटो निर्माणको लागि **रु. १ लाख**
- टारी गोरेटो बाटो निर्माणको लागि **रु. १ लाख**
- समीको रुख खौलेघर गोरेटो बाटो निर्माणको लागि **रु. १ लाख**
- चौतरादेखि सिन्नार गोरेटो बाटो निर्माणको लागि **रु. १ लाख**
- ढड्यान गोरेटो बाटो निर्माणको लागि **रु. १ लाख**
- गाउँपालिकाका ग्रामीण बाटोहरूको स्तरोन्नती गरी सबै मौसममा निर्बाध रूपमा यातायातका साधनहरू सञ्चालन गर्न **रु. १ करोड** बजेट विनियोजन गरिएको छ।

भवन

गाउँपालिकाको प्रमुख प्रशासकीय भवन, सपिङ कम्प्लेक्स सहितको बहुउद्देश्यीय सभा हल, वडा कार्यालय भवन, आमा समूह भवन लगायतका भवनहरू निर्माण गर्न बजेट विनियोजन गरेका छौं।

- सहज सार्वजनिक सेवा प्रवाहको लागि गाउँपालिकाको अत्याधुनिक तथा सुविधा सम्पन्न प्रमुख प्रशासकीय भवनको सुरक्षा तथा व्यवस्थापनका लागि कार्यालय कम्पाउण्ड वाल लगायत निर्माणको लागि **रु. ३० लाख** बजेट विनियोजन गरिएको छ।
- सेवा प्रवाहलाई थप छिटो छरितो र आधुनिक बनाउने नीति तथा कार्यक्रमअनुसार वडा नं. २ को वडा कार्यालय भवनको लागि क्रमागत योजनाका लागि **रु. ७३ लाख** बजेट विनियोजन गरिएको छ।

- सार्वजनिक शौचालय निर्माणको लागि **रु. १० लाख** बजेट विनियोजन गरिएको छ।
- वडा नं १ को पंचमुल ढलेपिपल टोलमा मानिकेश्वारा सामुदायिक भवन निर्माणको लागि **रु. २ लाख** बजेट विनियोजन गरिएको छ।
- माझकटेरी राजास्वाँरा सामुदायिक भवन सम्पन्न गर्नको लागि **रु. २ लाख** बजेट विनियोजन गरिएको छ।
- छहरामाथी मजुवा टोलको टोल विकास संस्थाको सौचालय निर्माण तथा फर्निचर व्यवस्थापन लागि **रु. २ लाख** बजेट विनियोजन गरिएको छ।
- वडा नं. २ को शिवालय आमा समुह भवन सम्पन्न गर्नको लागि **रु. १ लाख** बजेट विनियोजन गरिएको छ।
- उखुबारी टोल स्थित देविस्थान मन्दिरमा शौचालय निर्माण गर्नको लागि **रु. २ लाख** बजेट विनियोजन गरिएको छ।
- तिलिम दुर्गा मन्दिरमा शौचालय निर्माणको लागि **रु. २ लाख** बजेट विनियोजन गरिएको छ।
- वडा नं. ४ स्थित श्रवणकुमार टोलमा गैरी चौतारो प्रतिक्षालय निर्माणको लागि **रु. १ लाख ५० हजार** बजेट विनियोजन गरिएको छ।
- वडा नं. ६ लालीगुराँस टोलमा सेरा सामुदायिक भवन निर्माणको लागि **रु. १ लाख** बजेट विनियोजन गरिएको छ।
- कल्यान डाँडा टोलमा समाज घर भान्सा निर्माणको लागि **रु. १ लाख ५० हजार** बजेट विनियोजन गरिएको छ।
- भुद्रमपोला टोलमा गुम्बा कैदु घर निर्माणको लागि **रु. १ लाख ५० हजार** बजेट विनियोजन गरिएको छ।
- गाउँपालिका भित्र बसोबास गर्ने जनताको सुरक्षित आबासको हकलाई प्रत्याभूत गर्दै सुरक्षित नागरिक आवास कार्यक्रमलाई निरन्तरताको लागि आवास व्यवस्था कार्यकर्मको लागि **रु. १ लाख** बजेट विनियोजन गरिएको छ।

खानेपानी

आधारभूत खानेपानी सबै बस्तीमा पुऱ्याउन **"एक घर एक धारा"** कार्यक्रमलाई निरन्तरता दिएका छौं। गाउँपालिका भित्र सबै जनताको घरमा आधारभूत खानेपानी पुऱ्याउने गरी गाउँपालिकाले संघीय सरकार र प्रदेश सरकारको साझेदारीको साथमा आयोजना सञ्चालन गर्ने गरी **"एक घर एक धारा"**को नीति अनुरूप बजेटमा व्यवस्था गरिएको छ।

- जनताको आवश्यकता अनुसार मागको आधारमा खानेपानीको लागि **रु. २० लाख** बजेट

विनियोजन गरिएको छ।

- खानेपानी सेवा विस्तार तथा पुनर्स्थापना कार्यक्रम अन्तर्गत बृहत आँधीखोला खानेपानी आयोजना, आँधीखोला गा.पा १-६ को लागि **रु. ३५ लाख** बजेट विनियोजन गरिएको छ।
- सम्भाव्य ठाउँको अध्ययन गरी आँधीखोलमा लिफ्टिङ्ग खानेपानी आयोजनाको लागि **रु. २० लाख** बजेट विनियोजन गरिएको छ।
- वडा नं. ३ स्थित फ्वासे कुवा मर्मत तथा संभारको लागि **रु. १ लाख** बजेट विनियोजन गरिएको छ।
- गुहेले खाल्टा पधेरो मर्मतको लागि **रु. १ लाख** बजेट विनियोजन गरिएको छ।
- राधेको बारी खानेपानी मर्मत तथा संभार लागि **रु. १ लाख ५० हजार** बजेट विनियोजन गरिएको छ।
- कमेरेपानी कुवा निर्माणको लागि **रु. १ लाख ५० हजार** बजेट विनियोजन गरिएको छ।
- छरछरे तल्लो पधेरो निर्माणका लागि **रु. १ लाख** बजेट विनियोजन गरिएको छ।
- अडेखाल्टा खानेपानी मर्मत संभारका लागि **रु. १ लाख** बजेट विनियोजन गरिएको छ।
- भुतेखोला राष्ट्रिय मा.वि. खानेपानी मर्मतका लागि **रु. २ लाख** बजेट विनियोजन गरिएको छ।
- कुवापानी देखि राष्ट्रिय मा वि पुवाडाँडा दर्जी टोल लिफ्टिङ्ग खानेपानी योजनाका लागि **रु. १ लाख ५० हजार** बजेट विनियोजन गरिएको छ।
- वडा नं. ४ मा दह खानेपानी मर्मतका लागि **रु. १ लाख** बजेट विनियोजन गरिएको छ।
- दह ठुलाखेत टोलमा तिलाहार पधेरो मर्मतका लागि **रु. १ लाख** बजेट विनियोजन गरिएको छ।
- वडा नं. ४ मा भैपरि आउने खानेपानी तथा सिचाई मर्मतका लागि **रु. २ लाख ५० हजार** बजेट विनियोजन गरिएको छ।
- वडा नं. ६ दाद्रामा खानेपानी मर्मतका लागि **रु. १ लाख** बजेट विनियोजन गरिएको छ।

सिँचाई

- सिँचाइ नपुगेका खेतहरूमा जनताको आवश्यकता अनुसार मागमा आधारित सिँचाइको लागि **रु. ४० लाख** बजेट विनियोजन गरिएको छ।
- छहरे गैराबस्ती सिँचाई पोखरी निर्माण योजनाको लागि **रु. ४० लाख** बजेट विनियोजन गरिएको छ।
- वडा नं. २ मा बुढोकुलो मुहान निर्माणको लागि **रु. १ लाख** बजेट विनियोजन गरिएको छ।
- गाउँपालिका वडा नं. ३ मा पात्लेखेत सिचाई आयोजनाको लागि **रु. २ लाख** बजेट विनियोजन गरिएको छ।

- वडा नं. ४ मा अर्गादी खेत सिचाई योजनाको लागि **रु. १ लाख** बजेट विनियोजन गरिएको छ।
- वडा नं ६ स्थित काँल्ला सिँचाई योजनाको लागि **रु. १ लाख** बजेट विनियोजन गरिएको छ।

ऊर्जा

उज्यालो आँधीखोला को संकल्प पूरा गर्न नवीकरणिय ऊर्जाको प्रयोग तथा उत्पादनमा जोड दिइने छ।

- गाउँपालिका भित्र रहेको बिद्युत प्रसारण लाइनलाई व्यवस्थित गर्न विद्युत सुधार कार्यक्रमको लागि **रु. ५ लाख** बजेट विनियोजन गरिएको छ।
- एल पी ग्याँस विस्थापन जैविक रूपमा रहेका बायोग्यास, गोबरग्याँस लगायतका स्थानीय साधन श्रोतलाई परिचालन गरी वैकल्पिक ऊर्जाको उत्पादनमा जोड दिनको लागि **रु. ५ लाख** विनियोजन गरिएको छ।
- राष्ट्रिय ग्रामीण तथा नवीकरणीय उर्जा कार्यक्रम अन्तर्गत नवीकरणीय ऊर्जा प्रवधि जडान (वायोग्याँस/विद्युतीय चुलो/सुधारिएको चुलो/सौर्य ऊर्जा)को लागि **रु. ८ लाख** विनियोजन गरिएको छ।

जलाधार संरक्षण वन, वातावरण, सरसफाइ तथा फोहोर मैला व्यवस्थापन

पारिस्थितिक प्रणालीको संरक्षण गर्दै जैविक विविधता कायम राख्न बजेटमा व्यवस्था गरिएको छ।

- पानीको स्रोतको दिगोपनको लागि पुराना कुवा मुहान तथा पोखरीहरूको मर्मत सम्भार एवम् संरक्षण गर्नुको साथै पोखरी पुनर्भरण बनाउने योजनाको निरन्तरता दिनको लागि **रु. ३ लाख** बजेट विनियोजन गरिएको छ।
- स्वच्छ आँधीखोला गाउँपालिका निर्माण अभियान अन्तर्गत फोहोरमैलाको दिगो र प्रभावकारी व्यवस्थापनका लागि **रु. ३ लाख** बजेट विनियोजन गरिएको छ।
- जलचर प्राणी र पारिस्थितिक प्रणालीलाई सन्तुलन बनाउन आँधीखोलामा माछाका भुरा छोड्नको लागि **रु. १ लाख** बजेट विनियोजन गरिएको छ।
- सामुदायिक वनको संरक्षण, प्रवर्द्धन तथा उपयोग बजेटले जोड दिएका छौं।
- सामुदायिक वन उपभोक्ता समितिलाई अभिमुखीकरण तालिम दिइने छ।
- बिसाउने चौतारीको नारालाई सार्थकता प्रदान गर्नका लागी गाउँपालिका भित्रका बर पीपल रहेका चौतारीको संरक्षणको लागि **रु. ३ लाख** बजेट विनियोजन गरिएको छ।
- वृक्षरोपण कार्यक्रम सञ्चालन गर्नुको साथै वन क्षेत्रमा उपलब्ध हुने चिराइतो, अम्रिसो, कुरिलो,

लौसी, वेद बाँस जस्ता विभिन्न प्रजातिका रुख बिरुवा एवं जडीबुटीलाई व्यवसायिक खेती तर्फ उन्मुख गरी आय आर्जनको माध्यम बनाउन **रु. २ लाख** बजेटमा व्यवस्था गरिएको छ।

- वडा नं. १ पंचमुलमा सुचना केन्द्र, सोलर बत्ती र फोहोर मैला व्यवस्थापन योजनाको लागि **रु. ६ लाख** विनियोजन गरिएको छ।
- वडा नं. २ स्थित मडुवा टोलमा सुनार गाँउ देखी ढुङ्गाडे सम्म ढल व्यवस्थापन व्यवस्थापन योजनाको लागि **रु. २ लाख** विनियोजन गरिएको छ।
- गाउँपालिका भित्र फोहोरमैला व्यवस्थापन तथा सरसफाइ कार्यक्रमको लागि **रु. ५ लाख** विनियोजन गरिएको छ।
- खानेपानी सरसफाइ तथा ढल विकाश योजना थुमको लागि **रु. १ लाख** विनियोजन गरिएको छ।
- उखुवारी टापु टोलमा ढल व्यव्यस्थापन योजनाको लागि **रु. १ लाख** विनियोजन गरिएको छ।

खेलकुद

स्वच्छ जीवनको लागि खेलकुद भन्ने अभियान अन्तर्गत खेलले खेल्ने व्यक्ति, समाज र सिंगो गाउँपालिकाको गौरव बढाउने अभिप्रायका साथ खेलकुद क्षेत्रको विकासका लागि बजेटमा व्यवस्था गरिएको छ।

- जहाँ युबा त्यहाँ खेलकुद भन्ने मूल उद्घोषका साथ युबाहरू को शारीरिक र मानसिक सन्तुलन कायम गर्ने र समाजमा सकारात्मक सोचको विकास गर्ने अभिप्राय स्वरुप खेल खेल्ने व्यक्ति, समाज र सिंगो गाउँपालिकाको गौरव बढाउन खेल मैदान निर्माणको लागि **रु. १० लाख** विनियोजन गरिएको छ।
- अध्यक्ष कप रनिङ शिल्ड प्रतियोगिता तथा विविध सांस्कृतिक कार्यक्रम **रु. ८ लाख** बजेट विनियोजन गरिएको छ।
- राष्ट्रपति रनिङ शिल्ड प्रतियोगीता **रु. १ लाख** बजेट विनियोजन गरिएको छ।
- **जहाँ युवा त्यहाँ खेलकुद** भन्ने मूल उद्घोषका साथ युवाहरूको शारीरिक र मानसिक सन्तुलन कायम गर्ने र समाजमा सकारात्मक सोचको विकास गर्ने अभिप्राय स्वरूप **युवासँग खेलकुद** कार्यक्रमको लागि **रु. ५ लाख** विनियोजन गरिएको छ।

अन्य पूर्वाधार

- वडा नं. २ स्थित **जाईखोला कल्भर्ट** निर्माणको लागि **रु. ७१ लाख** बजेट विनियोजन गरिएको छ।
- भैपरी आउने पूँजीगत खर्च तथा पूर्वाधार निर्माण गर्न **रु. १ करोड** बजेट विनियोजन गरिएको छ।

- समपूरक कोषको लागि **रु. ५० लाख** बजेट विनियोजन गरिएको छ।
- निर्माण सामग्री प्रयोगशाला (सिभिल ल्याव स्थापना)को लागि **रु. ८ लाख** बजेट विनियोजन गरिएको छ।
- वडा नं. १ स्थित गोपालका घरनेरका दुई खोलालाई व्यवस्थापन तथा बर्खे धाराको खोलामा पुल निर्माणको लागि **रु. २ लाख** बजेट विनियोजन गरिएको छ।
- झोलुङ्गे पुल क्षेत्रगत कार्यक्रम अन्तर्गत **रु. ३० लाख** बजेट विनियोजन गरिएको छ।
- वडा नं १ स्थित थुम बस्ती संरक्षणका लागि **रु. १ लाख** बजेट विनियोजन गरिएको छ।

कानुन

- मेलमिलापको माध्यमबाट सामाजिक एकतामा जोड दिने संयन्त्रको रूपमा रहेको आँधीखोला गाउँपालिकाको न्यायिकसमितिको प्रभावकारीता बढाउन अभिमुखीकरण तालिम, कार्यक्रम न्यायिक समिति सचिवालय, स्थानीय तह न्यायिक समिति संस्थागत विकास कानुनी परामर्श मेलमिलाप कक्ष तथा इजलास निर्माण तथा कार्यक्रम को लागि **रु. २० लाख** बजेट विनियोजन गरिएको छ।

संस्कृति

- ऐतिहासिक चाड पर्व, मेला महोत्सव, पूजा पाठ, खेलकुद तथा सांस्कृतिक कार्यक्रम जोगाउन लगायत संस्कृति कार्यक्रम चाडपर्व, मेला महोत्सव, दिवसको संरक्षण तथा सम्बर्धनको लागि **रु. १० लाख** बजेट विनियोजन गरिएको छ।
- परम्परागत भाषा कला संस्कृति संवर्धन तथा संरक्षणको लागि **रु. ५ लाख** बजेट विनियोजन गरिएको छ।

सहकारी

सहकारी सँगको समन्वय, सहकारी संस्थाहरूको दायित्व काम कर्तव्य तथा स्थानीय सरकारको नीतिमा समावेश गराउन सहकारी संस्थाका पदाधिकारी तथा कर्मचारीहरूलाई अभिमुखीकरण तालिम तथा सहकारी शाखा व्यवस्थापनको लागि **रु. ३ लाख** बजेट विनियोजन गरिएको छ।

सामाजिक सुरक्षा, राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण

- राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण जन्म, मृत्यु तथा वसाइसराइ कार्यक्रमलाई थप व्यवस्थित गर्न **रु. १० लाख** बजेट विनियोजन गरिएको छ।

- सामाजिक सुरक्षा तथा पञ्जीकरण सम्बन्धी सचेता तथा क्षमता विकास कार्यक्रम र परिचयपत्र छपाईको लागि **रु. ५ लाख** बजेट विनियोजन गरिएको छ।

विपत् व्यवस्थापन

- प्राकृतिक प्रकोपको कारण हुन सक्ने क्षतिको न्युनिकरण लागि उद्धार, राहत, पुनर्निर्माण व्यवस्थापन गर्न विपत् व्यवस्थापनको लागि **रु. ३० लाख** बजेट विनियोजन गरिएको छ।
- वडा नं. ४ स्थित श्रवणकुमार टोलमा श्रवण आधारभूत विद्यालयको पहिरो नियन्त्रण तथा फर्निचरको लागि **रु. १ लाख** बजेट विनियोजन गरिएको छ।

कार्यालय सञ्चालन, सार्वजनिक सेवा प्रवाह एवम् संस्थागत विकास

- सार्वजनिक सेवा प्रवाहलाई चुष्त दुरुस्त प्रविधि मैत्री बनाउनको लागि कर्मचारीलाई तालिम प्रदान गरिनेछ। आँधीखोला गाउँपालिकामा कार्यरत इमान्दार र दक्ष करार सेवाका कर्मचारीहरूको आर्थिक वर्ष २०७८/७९ मा सेवामा निरन्तरता कायम गर्ने व्यवस्था मिलाइएको छ। साथै भविष्यमा समेत सेवा वर्ष तथा दक्षताको आधारमा उनीहरूको प्रोत्साहनको विषयलाई गाउँपालिकाले प्राथमिकतामा राखेको छ। छात्रवृत्ति, मिलापत्र, आर्थिक सहायता, अपाङ्ग परिचयपत्र एवम् अघिल्लो आर्थिक वर्षमा निःशुल्क रूपमा प्रदान गरिएको सेवालाई निरन्तरता दिइएको छ।
- सहज सार्वजनिक सेवा प्रवाहको लागि गाउँपालिकाको अत्याधुनिक तथा सुविधा सम्पन्न गाउँपालिकाको प्रमुख प्रशासनिक भवन व्यवस्थापन गरी संचालन गर्नको लागि **रु. ३० लाख** विनियोजन गरिएको छ।
- उपभोक्ता समिति मार्फत गरिने कामको थप प्रभावकारिताको लागि उपभोक्ता समिति क्षमता अभिवृद्धि तालिम एवम् अनुदानको लागि **रु. १० लाख** विनियोजन गरिएको छ।
- घर सूचिकरण अभियान अन्तर्गत राजस्व संकलन अभियान कार्यकर्मको लागि **रु. ५ लाख** विनियोजन गरिएको छ।
- सामुदायिक वन व्यवस्थापन अभिमुखीकरणको लागि बजेट विनियोजन गरेका छौं।

सूचना तथा संचार प्रविधी

- गाउँपालिकाको विभिन्न वडामा फ्री वाईफाई जोनको व्यवस्था गर्नको लागि **रु. १० लाख** विनियोजन गरिएको छ।
- गाउँपालिकाका सबै कार्यालयहरूलाई इन्टरनेटको माध्यमबाट Networking गर्दै E-governance सेवा प्रारम्भ गर्न यसै वर्ष सबै वडा, स्वास्थ्य चौकी र माध्यमिक विद्यालयमा इ-हाजिरीको लागि **रु. ६ लाख** विनियोजन गरिएको छ।

- गाउँपालिका भित्र रहेका सम्पूर्ण घरधुरीलाई डिजिटलाईज्ड तरिकाले सूचीकरण गर्दै भिलेज प्रोफाइलको लागि **रु. १० लाख** विनियोजन गरिएको छ।
- बजार क्षेत्रमा हुने सडक दुर्घटना, चोरी डकैतीको लगायतका अपराधिक क्रियाकलापको प्रत्यक्ष निगरानीका लागि मुख्य बजार केन्द्रमा सि सी टिभि जडानका लागि **रु. १० लाख** विनियोजन गरिएको छ।
- कार्यालयका सबै शाखाहरूमा आवश्यक सफ्टवयर जडान गरी कार्यालयलाई प्रविधि मैत्री बनाउदै कागज विहिन कार्यालय बनाउनका लागि सफ्टवेयर खरिदका लागि **रु. ५ लाख** विनियोजन गरिएको छ।
- विद्युत आपूर्ति नभएको समयमा सेवा प्रवाह अवरुद्ध नहोस् भन्नको लागि सबै वडा कार्यालय तथा स्वास्थ्य चौकीहरूमा Solar Power Backup जडानका लागि **रु. १० लाख** विनियोजन गरिएको छ।
- गाउँपालिका कार्यालयमा डिजिटल भिडियो डिस्प्ले सहितको नोटिस बोर्ड जडानका लागि **रु. ७ लाख** विनियोजन गरिएको छ।

कर्मचारी पारिश्रमिक तलव तथा अन्य भत्ता, पदाधिकारी सुविधा भत्ता, कार्यालयमा सेवा प्रवाहमा आवश्यक गर्ने विविध विषय सँग सम्बन्धित कार्यालय सञ्चालन, कार्यक्रम खर्च, वडा कार्यालय सञ्चालन खर्च स्वास्थ्य, शाखा कृषि शाखा, पशु शाखा, राजश्व शाखा, प्रशासन शाखा, लेखा शाखा, प्राविधिक शाखा, जनप्रतिनिधि सचिवालय, न्यायिक समिति, योजना शाखामा हुने कार्यालय सञ्चालन खर्च, आर्थिक सहायता, ढुवानी, सञ्चार, इन्धन, अन्य सेवा शुल्क, सञ्चालित सामाग्री एवम् मेसिनरी समान मर्मत, अनुगमन मुल्यांकन, भ्रमण, पुस्तक पत्रपत्रिका, छपाइ अभिमुखीकरण तालिम, विविध खर्च, सेवा परामर्श खर्च र गाउँपालिका तथा अन्य प्रशासनिक खर्चको लागि **रु. ६ करोड ६३ लाख** बजेट विनियोजन गरिएको छ।

- आर्थिक प्रशासन शाखा, योजना शाखा, राजश्व शाखा लगायत अन्य शाखा आधुनिक प्रविधि सहितको सफ्टवेयर प्रणालीबाट सञ्चालन गरिएकोमा त्यसको लागि कर्मचारीलाई पुनर्ताजगी तालिम दिन बजेटमा व्यवस्था गरिएको छ।
- नवौं र दशौं गाउँसभाद्वारा आर्थिक वर्ष २०७८/७९ को लागि स्वीकृत भएको बजेट तथा कार्यक्रम र कार्यपालिकाको बैठकबाट छनौट गरी कार्यान्वयन भएका सबै योजना तथा कार्यक्रमहरू समेत यस एघारौं गाउँसभाबाट अनुमोदन सहित स्वीकृत गर्ने प्रस्ताव पेश गरिएको छ।
- विभिन्न भैपरी आउने विपत् व्यवस्थापन खर्च तथा प्रकोप व्यवस्थापन कोषबाट भएको सम्पूर्ण खर्च यसै एघारौं गाउँसभाबाट अनुमोदन सहित स्वीकृत गर्ने प्रस्ताव पेश गरिएको छ।

आर्थिक ऐन र विनियोजन ऐन

- आँधीखोला गाउँपालिकाको आर्थिक वर्ष २०७९/०८० को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नका निम्ति स्थानीय कर दस्तुर, शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न नेपालको संविधानको धारा २२८ को उपधारा २ बमोजिम कार्यपालिकाबाट स्वीकृत गरी यस गाउँसभा समक्ष **आर्थिक विधेयक** र सोका अनुसूचीहरू स्वीकृतका लागि यसै साथ पेश गरिएको छ।
- आँधीखोला गाउँपालिका, स्याङ्जाको आर्थिक वर्ष २०७९/०८० को सेवा र कार्यहरूको लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २२९ को उप-धारा (२) बमोजिम कार्यपालिकाबाट स्वीकृत गरी यस गाउँसभा समक्ष **विनियोजन विधेयक** यसै साथ सम्लग्न गरी स्वीकृतिका लागि पेश गरिएको छ।

सभाध्यक्ष ज्यू एवं आदरणीय उपस्थित महानुभावहरू,

हामीले प्रस्तुत गरेको आगामी आर्थिक वर्ष २०७९/०८० को आय व्यय अनुमान बजेट कार्यान्वयनबाट संक्रामक लगायत सबै प्रकारका रोगहरूबाट नागरिकको जीवन रक्षा गर्न स्वास्थ्य प्रणाली सुदृढ र सबल हुने, गुणस्तरीय र जीवन उपयोगी शिक्षाको पहुँच अभिवृद्धि हुने, श्रम शक्तिलाई काम तथा रोजगार सुनिश्चित हुने र सबै नागरिकले राज्यबाट क्रमशः सामाजिक सुरक्षा एवम् संरक्षणको अवसर प्राप्त गर्ने व्यवस्थाबाट समुन्नत, सभ्य, सुसंस्कृत र न्याय पूर्ण समाज निर्माणमा महत्वपूर्ण योगदान पुग्ने अपेक्षा लिएको छु।

स्थानीय सरकार बनेको अवधिमा खडा गरिएको आर्थिक तथा सामाजिक विकासको जगमा टेकेर आगामी आर्थिक वर्षको बजेटले समृद्ध आँधीखोला सुखी आँधीखोला बासीको आकांक्षा हासिल गर्न नयाँ उत्साहका साथ अघि बढ्न प्रेरित गर्ने विश्वास लिएका छौं। सबै राजनीतिक दल, जनप्रतिनिधि, सामाजिक संघ संस्था, निजी क्षेत्र तथा नागरिक समाजलाई यो उद्देश्य प्राप्ति तर्फ सहकार्यको लागि हार्दिक अपिल र आह्वान गर्दछु।

आर्थिक परिस्थितिको कारण राजस्वमा कमी गाउँपालिकाको अनुमानित आय एवम् राजश्व प्राप्त हुन नसकेको खण्डमा योजना तथा कार्यक्रम आगामी आर्थिक वर्ष कार्यान्वयन एवम् स्रोत सुनिश्चितता गर्न नसकेमा त्यस्ता आयोजनाहरू आर्थिक वर्ष २०८०/८१ मा कार्यान्वयन हुनेछन्।

यसै बजेटको परिधिभित्र रहेर आ.व. २०७९/०८० का योजनाहरू संचालन हुनेछन्। पूर्वाधार तर्फका योजनाहरू फाल्गुन मसान्तसम्म र अन्य कार्यक्रमहरू जेष्ठ मसान्तसम्म कार्यान्वयन भै सक्नुपर्ने विगतको परिपाटीलाई यस आ व मा समेत लागू गर्ने नितिगत व्यवस्था गरिएको छ। यसले समग्र

गाउँपालिकाको भौतिक पूर्वाधार लगायत आर्थिक सामाजिक क्षेत्रको समग्र विकासमा विगत वर्ष झैं सकारात्मक प्रभाव पार्नेछ भन्ने आशा गरिएको छ। यस गाउँपालिकाको बजेट तयारीको क्रममा विभिन्न चरणहरूमा आ-आफ्नो स्थानबाट मार्गदर्शन दिनुहुने राजनीतिक दल, जनप्रतिनिधि, सामाजिक तथा संघ संस्था, टोल विकास संस्था लगायतका सामाजिक सञ्जालबाट समेत महत्वपूर्ण सल्लाह सुझाव दिनुहुने सम्पूर्ण महानुभावहरूमा हार्दिक आभार ब्यक्त्त गर्न चाहन्छु। त्यसैगरी सहभागितात्मक योजना तर्जुमाको सुरुवात सँगै आजको यस घोषणा समारोहलाई सफलता पूर्वक सम्पन्न गर्ने समयसम्म सहयोग पुर्याउनुहुने व्यक्तित्वहरू, गाउँपालिकाका कर्मचारीहरूलाई धन्यवाद प्रकट गर्न चाहन्छु। प्रस्तुत योजना तथा कार्यक्रमहरूको सफल कार्यान्वयनमा सबै पक्षहरूबाट विगत वर्षको झैं रचनात्मक सहयोग प्राप्त हुने नै छ भन्ने अपेक्षा राखेको छु।

अन्त्यमा मुलुकभित्र र बाहिर रहनु भएका, गाउँपालिकाको आधिकारिक सामाजिक सञ्जालबाट प्रत्यक्ष प्रसारण सुनिरहनुभएका सबै नेपाली दिदी बहिनी तथा दाजुभाइलाई सबल, समृद्ध र न्याय पूर्ण आँधीखोला निर्माणमा योगदान गर्न आग्रह गर्दै बिदा हुन चाहन्छु।

सीता थापा
उपाध्यक्ष
आँधीखोला गाउँपालिका

जय आँधीखोला !!

२.४ वार्षिक विकास कार्यक्रम (आयोजनागत तथा कार्यक्रमगत खर्चको विवरण)

कार्यक्रम/परियोजना अनुसार बजेट विनियोजन
आ.व.: २०७९/०८०

सि. नं.	कार्यक्रम/आयोजना/ क्रियाकलापको नाम	उप क्षेत्र	खर्च शीर्षक	स्रोत	जम्मा बजेट (हजारमा)	कैफियत
८०४४३५०२१०१ आँधीखोला गाउँपालिका						
१	कार्यालय सञ्चालन तथा प्रशासनिक खर्च एवम् कार्यक्रम, अनुदान समेत	चालु खर्च		राजश्व बाँडफाँड तथा आन्तरिक स्रोत	८ करोड ३८ लाख ४८ हजार	
२	साहाना प्रदान गर्भवति महिला स्वास्थ्य सुधार, सुत्केरी प्रोत्साहन तथा बालबालिकाहरूको पोषण सुधार	स्वास्थ्य	२२५२१	नेपाल सरकार - नगद अनुदान	८,००	
३	Length Worker को पारिश्रमिक तथा औजार खरिद कार्य	यातयात पूर्वाधार	२२५२२	नेपाल सरकार - नगद अनुदान	१०,००	
४	अध्यक्ष शैक्षिक सुधार कार्यक्रम अन्तर्गत विभिन्न अतिरिक्त क्रियाकलाप सञ्चालन	शिक्षा	२२५२२	नेपाल सरकार - नगद अनुदान	४,००	
५	अध्यक्षकप रनिङशिल्ड तथा विविध खेलकूद एवम् वृहत सास्कृतिक कार्यक्रम	शिक्षा	२२५२२	नेपाल सरकार - नगद अनुदान	८,००	
६	अन्धाअन्धी श्रवणकुमार प्रचार प्रसार कार्यक्रम	पर्यटन	२२५२२	नेपाल सरकार - नगद अनुदान	५,००	
७	अशक्त तथा असहाय अपांगता भएका व्यक्ति, महिला बालबालिकाको सहायता सामग्री वितरण	लैंगिक समानता तथा सामाजिक समावेशीकरण	२२५२२	नेपाल सरकार - नगद अनुदान	४,००	

सि. नं.	कार्यक्रम/आयोजना/ क्रियाकलापको नाम	उप क्षेत्र	खर्च शीर्षक	स्रोत	जम्मा बजेट (हजारमा)	कैफियत
८	आधारभूत तह तथा अन्य कक्षाको परीक्षा सञ्चालन तथा व्यवस्थापन	शिक्षा	२२५२२	नेपाल सरकार - नगद अनुदान	१,५०	
९	आँधीखोला बृहद सरसफाई अभियान	खानेपानी तथा सरसफाई	२२५२२	नेपाल सरकार - नगद अनुदान	३,००	
१०	आँधीखोलामा स्थानिय प्रजातिका माछाका भुरा छाड्ने तथा सरक्षण कार्यक्रम	कृषि	२२५२२	नेपाल सरकार - नगद अनुदान	१,००	
११	आन्तरिक पर्यटन प्रबर्द्धन कार्यक्रम	पर्यटन	२२५२२	नेपाल सरकार - नगद अनुदान	८,००	
१२	आमा समूहको लागि सचेतना, प्रोत्साहन सम्मान कार्यक्रम	लैंगिक समानता तथा सामाजिक समावेशीकरण	२२५२२	नेपाल सरकार - नगद अनुदान	६,००	
१३	उन्नत जातका बीउ विजन, फलफूल विरुवा, कृषि उपकरण औजार अनुदान तथा कृषकसँगको साझेदारीमा वितरण	कृषि	२२५२२	नेपाल सरकार - नगद अनुदान	४०,००	
१४	कला संस्कृति संरक्षण सम्बर्द्धन	भाषा तथा संस्कृति	२२५२२	नेपाल सरकार - नगद अनुदान	५,००	
१५	कृषि तथा पशु विमा कार्यक्रम तथा सचेतना	कृषि	२२५२२	नेपाल सरकार - नगद अनुदान	१,००	
१६	कृषि तथा पशुमा कृषक नगद सहभागीता	कृषि	२२५२२	जन सहभागिता - नगद	३०,००	
१७	कृषि मेला प्रदर्शनी कार्यक्रम	कृषि	२२५२२	नेपाल सरकार - नगद अनुदान	३,००	
१८	चौतारी संरक्षण तथा पोखरी पुनर्भरण कार्यक्रम	बन	२२५२२	नेपाल सरकार - नगद अनुदान	८,००	

सि. नं.	कार्यक्रम/आयोजना/ क्रियाकलापको नाम	उप क्षेत्र	खर्च शीर्षक	स्रोत	जम्मा बजेट (हजारमा)	कैफियत
१९	छात्रबृति तथा उत्कृष्ट विद्यार्थी सम्मान तथा शिक्षक सम्मान	शिक्षा	२२५२२	नेपाल सरकार - नगद अनुदान	२,००	
२०	जेष्ठ नागरिक सम्मान कार्यक्रम	लैंगिक समानता तथा सामाजिक समावेशीकरण	२२५२२	नेपाल सरकार - नगद अनुदान	४,००	
२१	डिजिटल भिडियो नोटिस बोर्ड तथा नागरिक बडापत्र जडान	संचार तथा सूचना प्रबिधि	२२५२२	नेपाल सरकार - नगद अनुदान	१०,००	
२२	डिजिटलाईज्ड भिलेज प्रोफाइल निर्माण	संचार तथा सूचना प्रबिधि	२२५२२	नेपाल सरकार - नगद अनुदान	१०,००	
२३	दलित जनजाति सचेतना कार्यक्रम	लैंगिक समानता तथा सामाजिक समावेशीकरण	२२५२२	नेपाल सरकार - नगद अनुदान	४,००	
२४	न्यायीक समिति सचिवालय, स्थानिय तह न्यायीक समिति कार्यक्रम कानूनी सचेतना अभिमुखिकरण, तालिम संस्थागत विकास तथा सुधार कानूनी पुस्तक, परामर्श मेलमिलाप कक्ष, इजलाश निर्माण तथा कार्यक्रम	कानुन तथा न्याय	२२५२२	नेपाल सरकार - नगद अनुदान	१५,००	
२५	पर्यटन प्रवर्द्धन तथा महोत्सव	पर्यटन	२२५२२	नेपाल सरकार - नगद अनुदान	५,००	
२६	प्रशासकीय भवन र मुख्य बजार केन्द्रमा सि.सी. टिभि जडान	संचार तथा सूचना प्रबिधि	२२५२२	नेपाल सरकार - नगद अनुदान	१०,००	
२७	पशु स्वास्थ्य शिविर	पशुपन्छी विकास	२२५२२	नेपाल सरकार - नगद अनुदान	२,००	

सि. नं.	कार्यक्रम/आयोजना/ क्रियाकलापको नाम	उप क्षेत्र	खर्च शीर्षक	स्रोत	जम्मा बजेट (हजारमा)	कैफियत
२८	पशुजन्य औषधी खरिद	पशुपन्छी विकास	२२५२२	नेपाल सरकार - नगद अनुदान	८,००	
२९	फ्री वाईफाई जोन जडान कार्यक्रम	संचार तथा सूचना प्रबिधि	२२५२२	नेपाल सरकार - नगद अनुदान	१०,००	
३०	फोहोरमैला व्यवस्थापन तथा सरसफाई	खानेपानी तथा सरसफाई	२२५२२	नेपाल सरकार - नगद अनुदान	५,००	
३१	वनसँग आयआर्जन कार्यक्रम	बन	२२५२२	नेपाल सरकार - नगद अनुदान	२,००	
३२	बर्खे तथा हिउँदे घाँसको बीउ खरिद	पशुपन्छी विकास	२२५२२	नेपाल सरकार - नगद अनुदान	२,००	
३३	बाख्राको खोर सुधार कार्यक्रम	पशुपन्छी विकास	२२५२२	नेपाल सरकार - नगद अनुदान	५,००	
३४	बाँझो जग्गामा खेती प्रवर्द्धन कार्यक्रम	कृषि	२२५२२	नेपाल सरकार - नगद अनुदान	५,००	
३५	बाँदर नियन्त्रण कार्यक्रम	कृषि	२२५२२	नेपाल सरकार - नगद अनुदान	५,००	
३६	बाल विकास केन्द्र व्यवस्थापन तथा अध्ययन प्रणाली सुधार	शिक्षा	२२५२२	नेपाल सरकार - नगद अनुदान	४,००	
३७	बाल विकास कार्यक्रम	लैंगिक समानता तथा सामाजिक समावेशीकरण	२२५२२	नेपाल सरकार - नगद अनुदान	५,००	
३८	बालश्रम, बहुविवाह, लैङ्गिक हिंसा छुवाछूत लगायतका सामाजिक विभेद विरुद्धको सचेतना कार्यक्रम	लैंगिक समानता तथा सामाजिक समावेशीकरण	२२५२२	नेपाल सरकार - नगद अनुदान	४,००	
३९	बाली कटानी तथा उत्पादन मूल्याङ्कन	कृषि	२२५२२	नेपाल सरकार - नगद अनुदान	१,००	

सि. नं.	कार्यक्रम/आयोजना/ क्रियाकलापको नाम	उप क्षेत्र	खर्च शीर्षक	स्रोत	जम्मा बजेट (हजारमा)	कैफियत
४०	भकारोको आधुनीकिकरण तथा कृषकसँगको लागत साझेदारीमा भकारो सुधार कार्यक्रम	पशुपन्छी विकास	२२५२२	नेपाल सरकार - नगद अनुदान	३,००	
४१	मध्यम प्रविधियुक्त बहुउद्धेश्यीय फलफूल नर्सरी स्थापना कार्यक्रम	कृषि	२२५२२	नेपाल सरकार - नगद अनुदान	५,००	
४२	महामारीजन्य रोगहरूको रोकथाम, नियन्त्रण तथा बिपत व्यवस्थापन	स्वास्थ्य	२२५२२	नेपाल सरकार - नगद अनुदान	५,००	
४३	महिला तथा बालबालिकाको क्षमता अभिवृद्धि, शसक्तीकरण र एकल महिला प्रोत्साहन कार्यक्रम	लैंगिक समानता तथा सामाजिक समावेशीकरण	२२५२२	नेपाल सरकार - नगद अनुदान	४,००	
४४	महिला सामुदायीक स्वास्थ्य स्वयं सेविका प्रोत्साहन यातायात खर्च	स्वास्थ्य	२२५२२	नेपाल सरकार - नगद अनुदान	७,००	
४५	माटो परीक्षण तथा प्रविधि हस्तान्तरण	कृषि	२२५२२	नेपाल सरकार - नगद अनुदान	२,००	
४६	माध्यमिक विद्यालयमा कम्प्युटर शिक्षक तलब	शिक्षा	२२५२२	नेपाल सरकार - नगद अनुदान	३,००	
४७	युवासँग खेलकुद कार्यक्रम	युवा तथा खेलकुद	२२५२२	नेपाल सरकार - नगद अनुदान	५,००	
४८	राजश्व वृद्धिका लागि घर सूचिकरण कार्यक्रम	तथ्यांक प्रणाली	२२५२२	नेपाल सरकार - नगद अनुदान	६,००	
४९	लागत साझेदारीमा कुखुराको चल्ला वितरण	पशुपन्छी विकास	२२५२२	नेपाल सरकार - नगद अनुदान	३,००	
५०	लोकसेवा आयोग तथा शिक्षा सेवा आयोग कक्षा सञ्चालन	शिक्षा	२२५२२	नेपाल सरकार - नगद अनुदान	२,००	

सि. नं.	कार्यक्रम/आयोजना/ क्रियाकलापको नाम	उप क्षेत्र	खर्च शीर्षक	स्रोत	जम्मा बजेट (हजारमा)	कैफियत
५१	वडा कार्यालय तथा स्वास्थ्य चौकीहरूमा Solar Power Backup जडान	संचार तथा सूचना प्रबिधि	२२५२२	नेपाल सरकार - नगद अनुदान	१०,००	
५२	वडा, स्वास्थ्य चौकी र माध्यमिक विद्यालयमा इ-हाजिरी जडान	संचार तथा सूचना प्रबिधि	२२५२२	नेपाल सरकार - नगद अनुदान	६,००	
५३	विद्युत सुधार कार्यक्रम	उद्योग	२२५२२	नेपाल सरकार - नगद अनुदान	५,००	
५४	विद्युतीय ईन्डक्सन चुलो प्रवर्द्धन कार्यक्रम	उर्जा	२२५२२	नेपाल सरकार - नगद अनुदान	५,००	
५५	विद्यार्थीसँग विज्ञ कार्यक्रम	शिक्षा	२२५२२	नेपाल सरकार - नगद अनुदान	२,००	
५६	विद्यालय मर्मत सुधार	शिक्षा	२२५२२	नेपाल सरकार - नगद अनुदान	५,००	
५७	विद्यालय सञ्चालन तथा व्यवस्थापन अनुदान	शिक्षा	२२५२२	नेपाल सरकार - नगद अनुदान	५,५५	
५८	विद्यालय समायोजन एकीकरण तथा नक्साङ्कन सम्बन्धी कार्यक्रम	शिक्षा	२२५२२	नेपाल सरकार - नगद अनुदान	२,००	
५९	विपत व्यवस्थापन	विपद व्यवस्थापन	२२५२२	नेपाल सरकार - नगद अनुदान	३०,००	
६०	विपन्न नागरिक स्वास्थ्य विमा कार्यक्रम	स्वास्थ्य	२२५२२	नेपाल सरकार - नगद अनुदान	१०,००	
६१	विव्यस तथा शिअस क्षमता अभिवृद्धि कार्यक्रम	शिक्षा	२२५२२	नेपाल सरकार - नगद अनुदान	२,००	
६२	विविध स्वास्थ्य कार्यक्रम संचालन तथा स्वास्थ्य संस्था सुद्धढिकरण, व्यवस्थापन	स्वास्थ्य	२२५२२	नेपाल सरकार - नगद अनुदान	१०,००	

सि. नं.	कार्यक्रम/आयोजना/ क्रियाकलापको नाम	उप क्षेत्र	खर्च शीर्षक	स्रोत	जम्मा बजेट (हजारमा)	कैफियत
६३	शैक्षिक अन्तर्क्रिया प्र.अ वैठक सञ्चालन तथा व्यवस्थापन	शिक्षा	२२५२२	नेपाल सरकार - नगद अनुदान	३,३६	
